# नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण)सुधार सुझाब समिति, २०७६ को अध्ययन तथा सुझाब प्रतिवेदन

श्रावण २०७६

# नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण)सुधार सुझाव समिति, २०७६ को अध्ययन तथा सुझाव प्रतिवेदन


<u>प्रतिवेदन प्रस्तुतकर्ता</u>

संयोजक, श्री घनश्याम उपाध्याय

सदस्य, श्री डण्डुराज घिमिरे

सदस्य, श्री सन्तवीर लामा

सदस्य, श्री नवराज दाहाल

सदस्य-सचिव, श्री मिरा आचार्य

# परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा धार्मिक, साँस्कृति, प्राकृतिक, भौगोलिक, जातीय, भाषिक, वातावरणीय लगायतको विविधता रहेको छ । नयाँ ठाउँ हेर्ने, नयाँ कार्य गर्ने, नयाँ विषय खोज्ने तथा बुझ्ने साथै मनको आनन्दका लागि रमणीय स्थानहरुमा पुगी स्थानीय धर्म संस्कृतिलाई असर नपुर्या,ईं आफ्ना उद्देश्य अनुरुपका गतिविधिहरु गर्नु नै पर्यटन हो । नेपाल पर्यटकीय दृष्टिले अत्यन्त रमणीय देश मानिन्छ । यसले पर्यटकीय क्रियाकलापहरुको सम्भावनालाई बढोत्तरी गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस्ता विविधताहरु मध्ये भौगोलिक विविधता नेपालको विशिष्ट पहिचान हो । यस विविधताले नै पर्यटनका विविध क्षेत्रहरु मध्ये साहसिक पर्यटन अन्तरगत पर्ने पर्वतारोहण सम्भव भएको हो र यसका लागि नेपाल संसार कै आकर्षक गतव्य मानिन्छ । नेपालमा पर्वतारोहणले समग्र पर्यटन क्षेत्रको महत्वपूर्ण र आकर्षक स्थान ओगटेको छ । यसका लागि नेपालमा १३१० भन्दा बढी हिमालहरु आरोहणका लागि योग्य रहेका अध्ययनहरुले देखाएको साथै नेपाल सरकारले उक्त हिमालहरुमध्ये हालसम्म आरोहणका लागि सगरमाथा (८८४८ मि.) लगायत आठ हजार मिटर माथिका आठवटै हिमालहरु समेत गरेर ४१४ वटा हिमालहरु खुला गरेको छ ।

शताब्दीऔं पहिलेबाट नेपालमा पर्वतारोहणका कार्य आरम्भ भएको पाइन्छ । यस क्रममा सन् १९२१ मा सगरमाथा हिमाल आरोहणको पहिलो प्रयास भएको र उक्त अवधिमा सगरमाथा चढ्ने बाटो पत्ता लागेको अध्ययनबाट देखिन्छ । सन् १९५० मा भएको अन्नपूर्ण हिमालको सफल आरोहण नै आठ हजार मिटरमाथिका हिमालमा मानव पाइला पुगेको विश्वकै पहिलो इतिहास मानिन्छ । यस क्रममा सन् १९५३ मे २९ मा मानव पाइला विश्वको सर्वोच्च शिखर सगरमाथामा पुग्यो र पर्वतारोहणले विश्वको ध्यान आकर्षित गर्योर । जसको परिणाम स्वरुप सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमालमा मात्र विभिन्न ४९ देशका ३८१ जना आरोहीहरु र आरोहीका कार्यहरुलाई व्यवस्थित पार्नका लागि ६४२ (सरदार, पथ प्रदर्शक, उचाईका कामदार समेत गरेर) सहयोगीहरु खटिएकोमा विभिन्न ४३ देशका २८० आरोहीहरु र ३६४ सहयोगीहरुले सगरमाथाको सफल आरोहण गरे । यसका साथै सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा समेत गरेर विभिन्न ३२ हिमालहरुमा ६३ देशका ८८७ जना आरोहीहरुलाई आरोहण अनुमति पत्र दिइएको अभिलेख रहेको देखिन्छ ।

विगत वर्षहरु झैं सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा लगायतका हिमालहरुको आरोहणका क्रममा हिमालहरुको उच्च स्थानबाट हराउने तथा मृत्यु हुने क्रम बढे पछि नेपालका हिमाल आरोहणका लागि दिइने अनुमति पत्र, पर्वतारोहणसँग सम्बन्धित सम्पर्क अधिकृत सम्बन्धी व्यवस्था, आरोहण व्यवस्थित गर्ने एजेन्सीको क्षमता, पर्वतारोहीमा हुनु पर्ने सीप, योग्यता तथा क्षमता, आरोहीका सहयोगीमा हुनुपर्ने क्षमता लगायतका विविध विषयलाई लिएर विश्वभरका विभिन्न सञ्चार माध्यमहरुमा समाचार आउने गरेको तथा मन्त्रालय तथा विभागमा गुनासाहरु समेत आउने गरेका छ । यस्ता मुख्य गुनासाहरु निम्न बमोजिम रहेका छनः-

- सगरमाथा, आठ हजार मिटर माथिका हिमालहरु, ६५०० मिटर माथिका र सो भन्दा मुनिका हिमालहरुको आरोहणका लागि अनुमति पत्र दिने मापदण्ड एउटै रहेको ।

- सगरमाथा हिमाल आरोहणका लागि अधिक अनुमति पत्र दिइएका कारण जाम भएको र जामका कारण पर्वतारोही मृत्यु भएको ।
- पर्वतारोहीमा किर्तिमान कायम गर्ने होडबाजीले अस्वस्थ प्रतिस्पर्धा बढाएको ।
- सम्पर्क अधिकृत आफू खटिएको दलसँग नजाने, नबस्ने तथा सुविधा लिने र जिम्मेवारी पूरा नगर्ने तथा समन्वय नगर्नाले आरोहणका कार्यलाई व्यवस्थित बनाउन नसकिएको ।
- आरोहणका कार्य व्यवस्थित गर्ने एजेन्सीको कमजोर क्षमता तथा अस्वस्थ प्रतिस्पर्धाका कारण न्यून शूल्क लिने र पर्वतारोहण सम्बन्धी बन्दोबस्तीका सामग्री गुणस्तरीय उपलब्ध नगराउदा आरोहीको मृत्यु भएको ।
- पर्वतारोहणमा जाने आरोही र आरोहीका लागि जाने सहयोगीहरुको सीप तथा क्षमता एकिन नभएको र शारीरिक अवस्थाको परिक्षण नहुने गरेको ।
- हिमाल आरोहणका लागि डोरी टाँग्ने कार्य समयमा गर्न नसकेको, टाँगिएका पुराना डोरीहरु व्यवस्थापन नभएको र एउटै संस्थामा निर्भर रहेको ।
- मौसमको भरपर्दो पूर्वानुमान गरी सूचना सम्प्रेषण प्रणाली नहुँदा आरोहणका कार्य अव्यवस्थित बनेका र जामको समस्या झल्नु परेको ।
- हिमालमा हुन सक्ने विपद् लगायतका सूचना बारेमा आरोही र आरोहीका सहयोगीमा पर्याप्त ज्ञान नभएको ।
- हिमालहरुमा टाँगिने डोरी तथा आरोहीबाट उत्सर्जन हुने फोहोर व्यस्थापन नभएको ।
- उद्दारका कार्य नितान्त मानवीय हितमा आधारित बनाउन नसकेको ।

**उल्लेखित समस्याहरु तथा गुनासाहरुबाट परेको प्रभाव**

- नेपालको पर्वतीय पर्यटन सुरक्षित नरहेको/नभएको सन्देश प्रवाह हुँदा नेपाल आउने पर्वतारोही अन्य प्रतिस्पर्धी मुलुकतर्फ आकर्षित भएमा विदेशी मुद्रा आर्जनमा कमी आउने, रोजगारीका अवसरमा कटौति हुने, गरिबी बढ्ने लगायत बहुआयामिक प्रभाव पर्ने ।
- समृद्धिको एक प्रमुख आधारका रुपमा रहेको पर्यटन क्षेत्रमा मुख्य योगदान दिने पर्वतारोहणको योगदान घट्न जाने ।
- गुणस्तरिय पर्यटकको संख्यामा कमी आउने साथै पर्यटकको नेपाल बसाई अवधि समेत घट्ने ।
- स्थापित अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट यस सम्बन्धी तथ्यपरक समाचारहरु बारम्बार प्रेषित भएमा नेपालको समग्र पर्यटनमा दीर्घकालिन असर पर्ने ।
- अन्तर्राष्ट्रिय जगतमा स्थापित नेपालको पर्वतीय पर्यटन क्षेत्रको साख कमजोर हुने ।

यस सिलसिलामा नेपाल पर्वतारोहण संघ, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान साथै नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्र सम्बद्ध विविध छाता संगठनहरु, यस क्षेत्र सम्बद्ध अन्तर्राष्ट्रिय संगठनहरु साथै विज्ञहरु समेतबाट सुझाबहरु लिई प्राप्त सुझाहरुलाई वर्गीकरण गरी नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत रुपमा गर्नु पर्ने सुधारहरु तथा नेपालका उच्च हिमालहरु आरोहण गर्दा अवलम्बन गर्न उपयुक्त हुने मापदण्डका समेत समेटि सुझाब प्रस्तुत गरिएको छ ।

## १.२ अध्ययन तथा सुझाब समितिको गठन

नेपालको पर्वतीय पर्यटनका क्षेत्रमा पछिल्लो समयमा देखा परेका समस्या तथा उल्लिखित समस्याहरु समाधान गर्न नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत सुधारका लागि सुझाब साथै नेपालका उच्च हिमालहरु आरोहण गर्दा अवलम्बन गर्नु पर्ने मापदण्ड सहितको प्रतिवेदन पेश गर्न सम्माननीय प्रधानमन्त्री तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको मिति २०७६।२।२४ को निर्णयानुसार तपशिल बमोजिमको कार्य जिम्मेवारी सहित निम्न बमोजिमको अध्ययन तथा सुझाब समिति गठन भएको थियो ।

१.२.१ अध्ययन तथा सुझाब समिति

क) सहसचिव, श्री घनश्याम उपाध्याय, सं,प. तथा ना.उ. मन्त्रालय संयोजक

ख) महानिर्देशक, श्री डण्डुराज घिमिरे, पर्यटन विभाग सदस्य

ग) अध्यक्ष, सन्तवीर लामा, नेपाल पर्वतारोहण संघ सदस्य

घ) अध्यक्ष, नवराज दाहाल, ट्रकिङ्ग एजेन्सिज् एशोसिएसन अफ नेपाल सदस्य

ङ) निर्देशक, मिरा आचार्य, पर्यटन विभाग सदस्य सचिव

१.२.२ अध्ययत तथा सुझाब समितिको कार्यक्षेत्र

नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्रमा पछिल्लो समयमा देखा परेका समस्याहरु अध्ययन विश्लेषण गरी उल्लिखित समस्याहरु समाधान गर्ने सुझाब प्रस्तुत गर्न देहाय बमोजिमको कार्यक्षेत्र रहेको छ :-

१ नेपालको पर्वतीय पर्यटनका क्षेत्रमा पछिल्लो समयमा देखा परेका समस्याहरु पहिचान गर्ने ।

२ संसारमा हिमाल आरोहणमा भएका Best Practice हरुको अध्ययन गर्ने ।

३ विज्ञ तथा पर्वतारोहीसँग सुझाब लिने ।

४ सगरमाथा लगायतका नेपालका उच्च हिमालहरु आरोहण गर्दा अवलम्बन गर्न उपयुक्त हुने मापदण्डका लागि समेत सुझाब पेश गर्ने ।

५ समितिको समायावधि समितिले कार्य सुरु गरेको ४५ दिने हुने (समितिले २०७६।३।३ बाट कार्य आरम्भ गरेको मितिले २०७६।४।१८ सम्म हुने)

## १·३ आवश्यकता र महत्व

प्रथम पटक सगरमाथामा मानव पाइला पुगे पछिको समयबाट विषेश रुपमा नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का कार्यलाई व्यवस्थित बनाउने कार्यको थालनी भयो । साहसिक पर्यटनको मुख्य आकर्षणका रुपमा रहेको पर्वतारोहणका लागि नेपालका हिमालहरु योग्य रहेका र यसबाट यस हिमाली देश नेपालले बहुआयामिक लाभ लिन सक्ने बुझाईको परिणाम नै पर्यटन ऐन, २०३५, पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ र पर्यटकहरुको खोज, उद्दार, उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७५ लगायतका कानूनी प्रबन्धहरु हुन । यस्ता कानूनहरुमा प्रबन्धित व्यवस्था प्रभावकारी रुपले कार्यान्वय गर्दाका वखत समेत यस क्षेत्रमा कतिपय विषयहरुको उठान भएको छ । यसरी पर्वतारोहणका क्षेत्रमा उठेका विषय तथा समस्याहरुको अध्ययन गरी उल्लिखित समस्याहरुको सम्बोधन गर्ने उपाय समेत सुझाउन सम्माननीय प्रधानमन्त्री तथा संस्कृति , पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको मिति २०७६।२।२४ गतेको निर्णयानुसार यो समिति गठन भएको

हो । यस समितिले विभिन्न सरोकारवाला निकाय तथा व्यक्तिहरु समेतबाट संकलन गरेका सुझाबहरुले नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्रमा पछिल्लो समयमा देखा परेका समस्याहरु र समस्या समाधानका उपायहरु तथा नविनतम् विषयलाई समेट्ने हुनाले सरकारले उक्त सुझाबहरु कार्यान्वयन गरी नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) को क्षेत्र सुरक्षित र समयानुकूल रहेको विश्वास विश्व समुदायलाई दिलाउन सक्ने हुँदा यो अध्ययन तथा सुझाब समितिको प्रतिवेदनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## १.४ अध्ययत तथा सुझाबको उद्देश्य

सम्माननीय प्रधानमन्त्री तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीस्तरीय निर्णयद्वारा गठित यस अध्ययन तथा सुझाब समितिले नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्रमा पछिल्लो समयमा देखा परेका समस्याहरु र उल्लिखित समस्याहरु समाधान गर्न तथा नेपालको पर्वतीय पर्यटनमा रहेका समस्या पहिचान तथा त्यसको दीगो समाधानका लागि नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत सुझाबहरु प्रस्तुत गर्ने ।

सगरमाथा लगायतका नेपालका उच्च हिमालहरु आरोहण गर्दा अवलम्बन गर्न उपयुक्त हुने मापदण्डका लागि समेत सुझाब पेश गर्ने ।

## १.५ अध्ययन विधि /कार्यविधि

नेपालको पर्वतीय पर्यटनका क्षेत्रमा पछिल्लो समयमा देखा परेका समस्याहरु पहिचान गर्ने र उल्लिखित समस्याहरु समाधान गर्ने सुझाबहरु प्रस्तुत गर्ने सिलसिलामा निम्न विधिहरु अपनाई सूचना सङ्कलन गरिएको छ । यी सङ्कलित सूचनाको आधारमा समस्याहरु समाधानको लागि विभिन्न कोणबाट विश्लेषण र वर्गीकरण गरी नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत सुधारका लागि सुझाबहरु सिफारिस गरिएको छः-

१ नेपालको पर्वतीय पर्यटन को पृष्ठभूमि र वर्तमान अवस्था सम्बन्धमा नेपाल पर्वतारोहण संघ र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको सहयोगमा तयार गर्ने ।

२ नेपालको पर्वतीय पर्यटनमा देखिएका र विभिन्न क्षेत्रबाट उठाइएका विषयको सूची तयार गर्ने ।

३ नेपाल सरकारले आरोहणका लागि खुल्ला गरेका ६५०० मिटरदेखि ८८४८ मिटरसम्म (मुख्य रुपमा सगरमाथा) का हिमालचुलीहरु आरोहणको सम्बन्धमा नेपालको पर्वतीय पर्यटन क्षेत्रसँग सम्बन्धित प्रमुख सरकारी तथा गैर सरकारी संस्था साथै स्वदेशी एवम् विदेशी पर्वतारोही तथा विज्ञबाट देहायका विषयमा ७ दिनको समय दिई लिखित रुपमा सुझाबहरु संकलन गर्न पत्राचार गर्ने ।

**देहाय :-**

क) नेपालको पर्वतीय पर्यटनमा देखिएका प्रमुख समस्याहरु ।

ख) समग्र हिमाल आरोहणमा अपनाउनु पर्ने मापदण्ड ।

ग) आठहजार मिटरमाथिका हिमालचुली आरोहणका लागि अवलम्वन गर्ने मापदण्ड साथै सगरमाथा आरोहणका लागि अवलम्बन गरिनु पर्ने आधारभूत पक्षहरु ।

घ) हिमाल आरोहण सम्बन्धी कार्यमा संलग्न सरकारी निकायमा एवं कार्यसम्पादनमा हुनुपर्ने सुधारहरु ।

ङ) आरोहण कार्यमा संलग्न ट्रेकिङ्ग एजेन्सीहरुको सेवामा हुनुपर्ने सुधारहरु ।

च) आरोहीमा हुनुपर्ने आधारभूत अनुभव/ज्ञान/तालिम/सीप/क्षमता/स्वास्थ्य अवस्था तथा आरोहीले प्रर्दशन गर्ने व्यवहार सम्बन्धमा

छ) सरदार/पथ प्रदर्शक/उचाइका कामदार सम्बन्धी ।

➢ निजहरुमा हुनुपर्ने न्यूनतम अनुभव/सीप/क्षमता/स्वास्थ्य अवस्था सम्बन्धमा ।
➢ निजहरुको न्यूनतम् पारिश्रमिक/सामाजिक सुरक्षाका विषयमा अवलम्बन गरिनु पर्ने उपायहरु ।

ज) सम्पर्क अधिकृत सम्बन्धी व्यवस्थामा गर्नुपर्ने सुधार ।

झ) फोहोर व्यवस्थापनमा हुनुपर्ने सुधार ।

ञ) रोयल्टीमा गरिनु पर्ने सुधार ।

ट) खोजी/उद्दार/उपचार सम्बन्धी व्यवस्थामा गरिनु पर्ने सुधार ।

ठ) पदयात्रामा अवलम्बन गर्ने मापदण्ड ।

ड) निषेधित क्षेत्रसंग सम्बन्धित विषयमा गर्नुपर्ने सुधार ।

४ पर्यटन विभागले पाँच वर्षको नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्रमा खटिएका सम्पर्क अधिकृत र पर्वतारोहणका क्रममा मृत्यु भएका व्यक्ति/आरोहीको विवरण र ६५०० मिटरभन्दा माथिका हिमालको हालसम्म आरोहण भएको विवरण तयार गर्ने ।

५ संसारमा हिमाल आरोहणमा भएका Best Practice हरुको अध्ययन गर्ने ।

६ नेपाल पर्वतारोहण संघ र पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट विश्वमा रहेका ८ हजार मिटरभन्दा माथिका हिमाल आरोहणको मापदण्ड, रोयल्टीको विवरण, आरोहीको संख्याक्रआरोहणको प्रमाण पत्र वितरणको व्यवस्था, आरोहणका क्रममा मृत्यु/हराउनेको विवरण, आरोहणमा मृत्यु हुने/हराउने प्रमाणित गर्ने पद्धति , खोजि/उद्दार/उपचार सम्बन्धी व्यवस्था, सम्पर्क अधिकृत सम्बन्धी व्यवस्था , आरोहीको निगरानी सम्बन्धी व्यवस्था , हिमाल सफाइका लागि अपनाइएको पद्धति माग गर्ने । साथै चिनतर्फबाट सगरमाथा आरोहण गर्दा अवलम्बन भै रहेको मापदण्ड बारेमा उक्त निकायहरुबाट माग गर्ने ।

७ उल्लेखित बुँदा नं. को देहायको खण्डमा रहेका विषयहरुमा अन्तराष्ट्रिय विशिष्ठिकृत स्वतन्त्र संस्थाको रुपमा रहेका UAAA र UIAA सँग नेपाल पर्वतारोहण संघ मार्फत सुझाब माग गर्ने ।

८ ५८०० मिटरदेखि ६४९९ मिटरसम्मका हिमालहरुको आरोहण र यससँग सम्बन्धित आरोहणको विवरण पर्यटन विभाग र नेपाल पर्वतारोहण संघले तयार गर्ने र यस्ता हिमालहरुमा रहेको विषय, समस्या र समाधानका उपायहरु नेपाल पर्वतारोहण संघबाट गर्ने ।

९ पछिल्लो पाँच वर्षको पदायात्राको तथ्याङ्कको विवरण अध्यागमन (निषेधित क्षेत्रको मात्र ), नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्ट्स एशोसिएसन अफ नेपाल बाट माग गर्ने साथै उक्त पदयात्रा क्षेत्रमा रहेका विषय समस्या र समधानका उपायहरु समेत उक्त निकायहरुबाट माग गर्ने ।

१० आवश्यकता अनुसार अन्य कार्यविधिहरु समितिले क्रमशः तय गर्दै कार्यसम्पादन गर्ने ।

११ विभिन्न निकाय तथा विज्ञबाट प्राप्त विवरण तथा सुझाबहरु तुलनात्मक अध्ययन गर्ने, विश्लेषण गर्ने, सगरमाथा लगायत उच्च हिमालहरु आरोहण गर्दा अवलम्बन गर्न उपयुक्त हुने मापदण्ड, सेवा सुविधा, सम्पर्क अधिकृत सम्बन्धी व्यवस्था, रोयल्टी, सरसफाई, खोजी-उद्दार लगायत उपयुक्त देखिएका अन्य विषयमा समेत सुझाब सहितको प्रतिवेदन पेश गर्ने ।

**१.६ अध्ययनको सीमा**

➢ अध्ययन तथा सुझाब समितिका सबै सदस्यहरुको कार्यालयको नियमित कामलाई असर नगरी विहान-साँझको समयमा काम गरेको हुँदा उपलब्ध समयको अधिकतम् प्रयोग गर्ने प्रयास भएको ।
➢ विभिन्न निकायसँग माग गरिएका सुझाबहरु अपेक्षित समयमा प्राप्त हुन नसकेको ।

- कुनै व्यक्ति तथा संस्थाले स्वतन्त्र रुपमा यस क्षेत्रमा रहेका समस्या तथा सुझाब प्रस्तुत गर्नका लागि पर्यटन विभागको वेवसाइटमा सूचना निकालिएको भए पनि आशातित रुपमा सुझाबहरु प्राप्त हुन नसकेको ।
- पछिल्लो पाँच वर्षको पदयात्राको विवरण र पदयात्रा सम्बन्धी समस्या र समाधमानका उपाय सम्बन्धमा अध्यागमन विभाग, पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्टस् एसोसिएनस अफ नेपालबाट माग गरिएकोमा उक्त निकायहरुमध्ये ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपालबाट सुझाबहरु मात्र प्राप्त भएको र अन्य निकायबाट यस सम्बन्धी विवरण लगायत समस्या र सुझाबहरु प्राप्त हुन नसक्दा यस सबन्धी तथ्यपरक सुझाब प्रस्तुत गर्न नसकिएको ।
- अध्ययन तथा सुझाब समितिले प्रतिवेदन तयारीका क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुसँग भन्दा यस क्षेत्र सम्बद्ध सरकारी, गैरसरकारी तथा विभिन्न छाता संगठनसँग मात्र पत्राचार गरी सुझाब माग गरेको ।
- समितिले स्थलगत अध्ययन नगरी प्राप्त सूचना, जानकारीलाई विश्लेषण गरेको ।
- नेपालका उच्च हिमालहरु आरोहणको मापदण्ड निर्माणका क्रममा सरोकारवाला व्यक्ति तथा निकायसँग व्यापक अध्ययन छलफल हुने हुँदा प्राप्त सुझाबहरुलाई नै विश्लेषण गरी प्रतिवेदन तयार गरिएको ।

## परिच्छेद-२

## नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) सम्बन्धी विद्यमान व्यवस्था तथा वर्तमान अवस्था

### २.१ विद्यमान व्यवस्थाहरु

नेपालको पर्यटन क्षेत्रलाई सुरक्षित, समावेशी, विश्वसनीय, व्यवसायिक, व्यवस्थित तथा विश्वको आकर्षक गन्तव्य बनाउने उद्देश्य स्वरुप यस क्षेत्रको पृष्ठभूमि र नेतृत्वदायी भूमिका निर्वाह गरेको पर्वतीय पर्यटन (पर्वतारोहण) क्षेत्र सम्बद्ध विद्यमान व्यवस्थाहरु निम्नबमोजिम रहेका छन्:-

### २.१.१ संबैधानिक व्यवस्था

वि.सं.२०७२ मा जारी नेपालको संविधानको धारा ५१ को (ठ) मा पर्यटन सम्बन्धी नीतिको व्यवस्था गरिएको छ । जसमा पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति रहने उल्लेख छ साथै अनुसूचि ५ मा पर्यटन नीतिलाई संघको एकल अधिकार सूचिमा र अनुसूचि ९ मा विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचिमा राखिएको छ ।

### २.१.२ नीतिगत तथा कानूनी व्यवस्था

### क. पर्यटन ऐन, २०३५

यसमा पर्वतारोहणलाई नेपाली हिमश्रृखलाको कुनै निश्चित चूलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चूलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ । साथै पर्वतारोहणका लागि नेपाल सरकारले हिमालचुली खुला गर्न सक्ने, हिमालको आरोहणको अनुमति नलिई कुनै हिमालचुली आरोहण गर्न नपाइने, पर्वतारोहणमा जाँदा सलामी रकम तिर्नुपर्ने, पर्वतारोही दलका साथ सम्पर्क अधिकृत खटिने र निजको सेवा सुविधा पर्वतारोही दलले उपलब्ध गराउनु पर्ने, पर्वतारोही दलका साथ जाने सरदार, पर्वतीय पथ प्रदर्शक, उचाईमा जाने कामदार, आधार शिविरका कामदार नेपाली नागरिक हुनुपर्ने, पर्वतारोही दलले पर्वतारोहणमा संलग्न हुने सबैको स्वास्थ्य परिक्षण गर्नुपर्ने र उचित स्वास्थ्य अवस्था नभएमा साथमा लैजान नहुने, व्यक्तिगत दूर्घटना बीमा गराउनु पर्ने, आपतकालिन उद्दार कार्य गर्ने/गराउने, वातावरण सफा राख्नु पर्ने, पर्वतारोहण सम्बन्धी समाचार नेपाल सरकारलाई जानकारी नगराई अन्यत्र प्रकाशित गर्न नहुने लगायत पर्वतारोहण सम्बन्धी विविध व्यवस्थाहरु गरेको पाइन्छ ।

### ख. नेपाल पर्यटन बोर्ड ऐन, २०५३

यसमा बोर्डको स्थापना नेपाललाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी अन्तर्राष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई उच्च एवम् मर्यादित ढंगबाट स्थापित गर्ने साथै पर्यटन व्यवसायको विकास, विस्तार र यस क्षेत्रमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन कार्यमूलक अनुसन्धान गर्ने उद्देश्य साथ भएको पाइन्छ ।

### ग. कम्पनी ऐन, २०६३

यसले कम्पनीको स्थापना, सञ्चालन, व्यवस्थापन र प्रशासन सम्बन्धी व्यवस्था गरेको छ ।

### घ. स्थानीय सरकार सञ्चालन ऐन् २०७४

प्रदेश सरकारले कुनै क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने, पर्यटन शुल्क दस्तुर लिने साथै फोहोरमैला व्यवस्थापन लगायतका व्यवस्था रहेका छन् ।

### ङ. पर्यटन नीति, २०६५

यस नीतिले नेपाललाई आकार्षक र सुरक्षित पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने दीर्घकालिन दृष्टिकोण लिएको छ । नेपालका विभिन्न हिमाल आरोहण गरी ख्याति कमाएका विदेशी आरोहीहरुलाई नेपालका साथीका रुपमा मान्यता प्रदान गरी पर्यटन प्रबर्द्धनमा उपयोग गर्ने साथै पर्वतारोहणलाई बढी व्यविस्थित र वातावरणमैत्री तुल्याईं नेपाललाई पर्वतारोहणका क्षेत्रमा एउटा उत्कृष्ट गन्तव्य स्थलको रुपमा विकास गर्ने नीति लिएको छ । पर्वतारोहणका लागि सम्भाव्य तर पहुँच नपुगेका क्षेत्रमा केही समय शुल्क मिनाहा दिइने, आरोहणका लागि हिमचुलीहरु क्रमशः खुला गर्दै जाने साथै पर्यटकीय सुरक्षा र संकट व्यवस्थापनका लागि खोज, उद्दारका कार्य गरिने व्यवस्था रहेको छ । यस नीतिमा पर्यटकको नेपाल बसाईंको अवधि सुखमय बनाउन विश्वव्यापि मान्यता प्राप्त आचारसंहिताको प्रयोग र पालना गराउने व्यवस्था रहेको देखिन्छ ।

### च. पन्ध्रौं योजना (आ.व.२०७६/७७-२०८०/८१) को आधार पत्र

नेपाललाई सुरक्षित गन्तव्य बनाउने सोच साथै नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रुपमा विकास गर्ने उद्देश्य पन्ध्रौ योजनाको आधारपत्रमा रहेको छ ।यस योजनाको आधारपत्रमा पर्वतारोहणको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरिने, फोहोरमैला व्यवस्थापन गर्न मापदण्ड बनाएर नियमन गरिने, विपद् व्यवस्थापनका लागि मौसम पूर्वानुमान सुदृढीकरण गरिने व्यवस्था गरेको देखिन्छ ।

### छ. पर्यटन दूरदृष्टि, २०२०

सन् २०२० सम्ममा नेपालको पर्यटनलाई थप स्तरीय बनाई अर्थतन्त्रमा पर्यटनको भूमिका बृद्धि गर्ने ध्येयका साथ पर्यटन दूरदृष्टि, २०२० तयार गरिएको देखिन्छ ।

### ज. नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६-२०२५)

यस रणनीतिक योजनाले नेपाललाई एक प्रमुख पर्यटकीय गन्तव्यको रुपमा स्थापित गरी देशको अर्थतन्त्रमा योगदान पुर्याईउने माध्यमका रुपमा विकास गर्ने साथै अन्तर्राष्ट्रिय पर्यटकलाई पर्यटकीय गन्तव्य तथा अनुभवमा विविधिकरण ल्याउने दीर्घकालीन दृष्टिकोणका लिएको छ । साथै पर्यटनमा सुरक्षा र गुणस्तर कायम गर्ने उद्देश्य राखेको पाइन्छ । पर्यटनमा गुणस्तर कायम गर्न यस सम्बद्ध उद्योगहरुको सेवास्तर र प्रक्रियाका बारेमा अध्ययन हुनुपर्नेमा जोड समेत दिएको छ ।

### झ. कार्य विस्तृतीकरण प्रतिवेदन (नेपालको संविधानको कार्यवस्तृतिकरण प्रतिवेदन)

यसमा अन्तरप्रादेशिक रुपमा फैलिएको हिमाल क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, र नियमन सम्बन्धी कार्य, पर्वतारोहण सम्बन्धी राष्ट्रिय नीति कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्बन्धी कार्यहरु, पर्यटन दस्तुर, पर्यटन शुल्क बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा र कार्यान्वयन, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्कलन गर्ने र यसको बाँडफाँड सम्बन्धी नीति, कानून,

मापदण्ड तर्जुमा र कार्यान्वयन तथा नियमन सम्बन्धी कार्यहरु साथै विपद् व्यवस्थापनको कार्य संघको अधिकार तथा कार्य विस्तृतिकरण अन्तरगत रहेको पाइन्छ ।

**ञ. पर्वतारोहण सम्बन्धी नियमावली, २०५९**

यसमा हिमालचुली खुला गर्ने, आरोहणको अनुमति दिने, पर्वतारोहणका लागि तिर्नुपर्ने सलामी रकम र अवधि साथै ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण दलको स्थानीय प्रतिनिधिका रुपमा काम गर्न पाउने साथै पर्वतारोहण सम्बन्धी विविध विषयको प्रक्रियागत व्यवस्था रहेका छन् । यसका साथै पर्वतारोहण दलले, दलको नेताले, पर्वतारोहणका कार्य व्यवस्थित गर्ने एजेन्सीले, पर्वतारोहण दलका साथ खटिइने सम्पर्क अधिकृतले, सरदारले, पर्वतीय पथ प्रदर्शकले लगायतका काम, कर्तव्य र अधिकार तथा पालना गर्ने शर्तहरु समेतको व्यवस्था गरेको पाइन्छ ।

**ट. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२**

यसमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको दर्ता तथा इजाजतपत्र दिने, नविकरण, खारेजी लगायतका कार्यहरु साथै यस्ता एजेन्सीका लागि आचारसंहिता बनाई लागू गर्न सक्ने तथा यस्ता एजेन्सीले पालना गर्नुपर्ने शर्तहरु समेत उल्लेख भएको पाइन्छ ।

## २.२ नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) को विद्यमान अवस्था

नेपालको पर्यटन क्षेत्रलाई सर्वप्रथम विश्वस्तरमा चिनाउने तथा पछिल्लो समयमा समेत समग्र पर्यटन क्षेत्रको नै आकर्षक तथा प्रमुख भूमिकामा रहेको पर्वतीय पर्यटन (पर्वतारोहण) क्षेत्रको नियमन, व्यवस्थापन तथा समयानुकूल सुधार गर्न नसक्दा यस क्षेत्रमा अनेक समस्याहरु देखा परेका छन् । यस क्षेत्रमा देखिएका कमजोरी, सबलता, अवसर साथै चुनौतिहरुलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

**क. कमजोर पक्ष**

- उच्च हिमालहरु आरोहण गर्दा आरोहण व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सी, आरोही, आरोहीका सहयोगी, फोहोर व्यवस्थापन, अक्सिजन प्रयोग, उद्दार लगायतका विषयहरु के कस्तो अवस्थाको हुने भन्ने विषय एथेष्ट रुपमा समेटेर बनाइएको मापदण्ड नहुनु ।
- सगरमाथा हिमाल आरोहण गर्ने आरोही, सरदार, पथ प्रदर्शकको सीप/क्षमता/स्वास्थ्यको स्पष्ट मापदण्ड नहुनु साथै आठ हजार मिटर माथिका हिमाल आरोहण गर्दा अवलम्बन हुनुपर्ने पूर्वसर्तको किटान नगरिनु ।
- फोहोर व्यवस्थापनका लागि कार्यान्वयनमा रहेको व्यवस्था पूर्ण प्रभावकारी नहुँदा विभिन्न हिमालहरुमा फोहोर व्यवस्थापन थप चुनौतिपूर्ण बन्दै जानु ।
- सगरमाथा प्रदुषण नियन्त्रण समितिले रकम उठाउने गरेको देखिन्छ तर फोहोरमैला व्यवस्थापनमा गुनासो नआउने अवस्था सृजना भएको छैन ।
- उच्च हिमालहरु आरोहण गर्दा अपनाइनु पर्ने सुरक्षा, उद्दार तथा नियमनको कार्य गर्ने संलग्न निकायले जिम्मेवारी र उत्तरदायित्व वहन नगर्नु ।

- आरोहण व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीको व्यवस्थापकीय क्षमता मूल्यांकन नगरी आरोहीको समग्र सेवा/सुविधा, उपचार तथा उद्दारका कार्यन्वयन गुणस्तरयुक्त समेत नभएको गुनासो आउने गरेको र यसको प्रभावकारी अनुगमन समेत नभएको ।
- सम्पर्क अधिकृतको खर्च पर्वतारोही दलले नै गर्नु पर्ने व्यवस्थाले तोकिए बमोजिमसम्म सदस्य संख्या रहने गरी विभिन्न आरोही दलहरु मर्ज भई छुट्टै दल सृजना गर्न प्रोत्साहन मिलेको ।
- नयाँ बन्ने दलका नेता र सदस्यहरुबीच चिनजान समेत नहुँदा र सम्पर्क अधिकृतको भूमिका प्रभावकारी नभएको अवस्थामा गलत प्रतिवेदन पेश गर्ने र गलत गतिविधि गर्ने प्रवृत्ति समेत देखिएको ।
- हिमाल आरोहणका लागि डोरी टाँग्ने कार्यमा संलग्न संस्था आफ्नो जिम्मेवारीप्रति पूर्ण सम्वेदनशील हुन नसकेको अवस्थामा आरोहणका गतिविधिलाई थप व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन चुनौति रहेको ।
- आरोहीका साथमा जाने सरदार, पथ प्रदर्शक, उचाइका कामदारको न्यूनतम् पारिश्रमिक निर्धारण नगरिएको, सामाजिक सुरक्षा समेत कमजोर रहेको ।

**ख. सबल पक्ष**

- संविधानमा प्रथम मुलुकको पटक पर्यटन नीति सम्बन्धी स्पष्ट व्यवस्था भएको ।
- संविधान, ऐन, निमयहरुको व्यवस्थाले एउटा निश्चित पद्धति विकास गरेको छ ।
- निश्चित प्रक्रिया पूरा गरेर आरोहणमा जानुपर्ने प्रबन्धले अभिलेख व्यवस्थापन र समान रुपमा सेवा उपलब्ध भएको छ ।
- पर्वतीय पर्यटन (पर्वतारोहण) को क्षेत्रमा पर्यटकहरु हरेक बर्ष बृद्धि भै रहेको ।
- विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण योगदान गर्दै रहेको ।
- पर्यटन क्षेत्रको प्रत्यक्ष रोजगारी सृजनामा पर्वतारोहणको क्षेत्रको हिस्सा प्रमुख रहेको ।
- पर्यटकको खोज, उद्दार तथा उपचारको अभिलेख राख्नेत कार्यको थालनी भएको ।
- विभिन्न हिमालहरुमा डोरी टाँग्ने कार्यले आरोहणलाई सुरक्षित बनाएको ।
- नेपाल आउने पर्यटकको औसत बसाई अवधि बृद्धि गर्नमा पर्वतारोहण क्षेत्रको प्रमुख भूमिका रहेको ।
- पर्वतारोहण क्षेत्रले ट्राभल, ट्रेकिङ्ग, एयरलाइन्स, कार्गो, होटल लगायतका बहु क्षेत्रको विकासमा योगदान दिएको ।
- नेपाल पर्वतारोहण संघ, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान जस्ता संस्थाहरु पर्वतारोहीको सीप विकास तथा तालिमको लागि स्थापना भएका ।
- फोहोरमैला व्यवस्थापनमा गैरसरकारी संस्थाहरुको समेत सक्रीय सहकार्य रहेने गरेको ।
- पर्वतारोहणका कारण मुलुकको दूर्गम स्थानका नागरिकको गुणस्तरीय जीवनस्तर र औसत आय बृद्धिमा सहयोग गरेको ।

## ग. अवसर

- समृद्धिका प्रमुख आधार मध्येको महत्वपूर्ण क्षेत्रका रुपमा पर्यटन क्षेत्र रहनु ।
- पर्वतारोहणका दृष्टिले विश्वका मुख्यप हिमालचुलीहरु नेपालमा रहेकोले पर्वतारोहणका लागि विश्वको प्रमुख गन्तव्य बन्न सक्ने ।
- विदेशी मुद्रा आर्जन साथै आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न सकिने सम्भावना रहेको।
- सीमित क्षेत्रमा मात्र केन्द्रीत रहेकोमा सम्भाव्य अन्य विविध स्थानमा विस्तार गरी यसको लाभ देशभर पुर्यामिउन सकिने ।
- भारत तथा चीन दुबै छिमेकी देशका नागरिकको यस क्षेत्रमा बढ्दै गएको संख्यालाई थप बढोत्तरी गरी लाभ लिन सकिने ।
- विश्वस्तरमा नै नेपालको पर्वतारोहणका गतिविधिलाई नियाल्ने हुँदा विश्वस्तरमा प्रचारका लागि सहज पहुँच पुग्न सक्ने ।
- परम्परागत र आधुनिक दुबै किसिमको सीप, ज्ञान भएको जनशक्ति उपलब्ध रहेको हुँदा यस्ता जनशक्तिको व्यवस्थापन तथा परिचालनबाट प्रसस्त लाभ लिन सकिने ।
- पर्वतारोहण क्षेत्रमा देखिएका नवीन प्रवृत्ति तथा मुद्दाहरु सम्बोधनका लागि सरकार तत्पसर रहनु ।
- पर्वतारोहणका कार्य व्यवस्थापन गरेको लामो अनुभव रहेको सरकारी निकाय साथै सिङ्गो समुदाय समेतको अनुभव उपयोग गर्न सकिने ।

## घ. चुनौतिहरु

- पर्वतारोहणका लागि आवश्यक पर्ने पूर्वाधारको अपेक्षित रुपमा विकास गर्नु ।
- तालीम, सीप विकास गरी दक्ष जनशक्ति तयार गर्नु ।
- विभिन्न मुलुक तथा सीमा क्षेत्रमा रहेका छिमेकी मुलुकसँग समन्वय हुने किसिमको नीति तर्जुमा गरी कार्यन्वयन गर्नु ।
- पर्वतारोहणमा पछिल्लो समयमा देखा परेका सवालहरुको सम्बोधन गर्नु ।

## परिच्छेद-३

## पर्वतीय पर्यटन (पर्वतारोहण) को क्षेत्र सुधारका प्रमुख सवालहरुको अध्ययन तथा विश्लेषण र त्यसका सम्बन्धमा प्राप्त सुझावहरु

### ३.१ पर्वतारोहणको क्षेत्र सुधारका प्रमुख सवाल, अध्ययन तथा विश्लेषण

यस समितिले अध्ययन गर्दा नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्रमा पछिल्लो समयमा प्रमुख रुपमा विभिन्न सञ्चार माध्यमहरुमा यस क्षेत्रमा उठाउदै आएका तथा चर्चा गरिएका प्रमुख विषय/सवालहरु तपशिल बमोजिम रहेको देखियो ।

**क. तपशिल (चर्चा गरिएका सवालहरु)**

- सगरमाथा हिमालचुलीका लागि दिइएको अनुमति अधिक भएकोले सगरमाथामा ट्राफिक जाम भएको हुँदा आरोहीको मृत्यु हुने गरेको प्रचार भएको ।
- सबै सम्पर्क अधिकृत आफू खटिएको दलसँगै आधार शिविर नगएको र नबसेको हुँदा आरोहणको पालो मिलाउने तथा आरोहण व्यवस्थापनमा कमजोर समन्वय हुँदा सगरमाथामा ट्राफिक जाम लगायतका समस्या उत्पन्न भएको अन्तर्राष्टिय रुपमा प्रचार गरिएको ।
- आरोहणका लागि आरोहीको सीप तथा क्षमता परी क्षणको अनिवार्य व्यवस्था नहुँदा आरोहणको कमजोर ज्ञानका कारण विभिन्न हिमालमा आरोहीको मृत्यु हुने गरेको साथै आरोहण व्यापारिक बन्दै गएको ।
- सरदार, पथ प्रदर्शक र उचाइका कामदारका लागि स्वास्थ्य परीक्षण तथा सीप र सामाजिक सुरक्षा कमजोर रहेको विषय ।
- प्रभावकारी रुपमा फोहोर व्यवस्थापन हुन नसकेको र सम्पर्क अधिकृतले यस सम्बन्धी निरीक्षणमा कडाई गर्ने नगरेको ।
- खोजी, उद्दार तथा उपचारलाई थप विश्वासनीय बनाउनु पर्ने ।
- आरोहणमा संलग्न केही ट्रेकिङ्ग एजेन्सीको क्षमता कमजोर रहदा केही पर्वतारोहीको जोखिममा बृद्धी हुने गरेको ।
- आरोहणको प्रतिवेदन पेश गर्ने र प्रमाणपत्र वितरणको कार्य थप बैज्ञानिक हुनुपर्ने ।
- किर्तिमान कायम गर्न चलेको होडबाजी ले पर्वतारोहण प्रतिस्पर्धी र थप जोखिमपूर्ण बनेको लगायतका विभिन्न विषयहरु विभिन्न सञ्चार माध्यम अधिक चर्चामा रहेको अध्ययनको क्रममा पाइयो । यस सम्बन्धमा समितिले अध्ययन गरी तपशिलका विषय तथा सवालहरु पर्वतारोहणको मुख्य सुधारको क्षेत्र तथा मुद्दा रहेको पहिचान गरेको छ ।

**ख. तपशिल (समितिले पहिचान गरेकाविषय तथा सवालहरु)**

- हिमाल आरोहण सम्बन्धी कानूनी व्यवस्था र मापदण्ड थप बैज्ञानिक हुनुपर्ने ।
- हिमाल आरोहण सम्बन्धी कार्यमा संलग्न सरकारी निकायमा एवं कार्यसम्पादनमा सुधार हुनुपर्ने ।
- आरोहण कार्यमा संलग्न एजेन्सीका सेवाको गुणस्तरमा सुधार हुनुपर्ने ।

- आरोहीमा आधारभूत अनुभव, ज्ञान, सीप, क्षमता, स्वास्थ्य अवस्था तथा आरोहीले प्रर्दर्शन गर्ने व्यवहार निर्धारण गरिनु पर्ने ।
- सरदार,गाइड, उचाइका कामदार सम्बन्धी
  - अनुभव/सीप/क्षमता /स्वास्थ्य तोकिनु पर्ने ।
  - न्यूनतम् पारिश्रमिक साथै सामाजिक सुरक्षाका विषयमा अवलम्बन गर्ने मापदण्ड हुनुपर्ने ।
- सम्पर्क अधिकृतको व्यवस्थामा अपनाउने मापदण्ड र आचारसहिंता तयार गर्नुपर्ने ।
- फोहोर व्यवस्थापन नयाँ मापदण्ड तथा व्यवस्थाका आधारमा हुनुपर्ने ।
- रोयल्टीमा गरिनु पर्ने सुधार ।
- खोजी, उद्दार र उपचार सम्बन्धी व्यवस्थामा गरिनु पर्ने सुधार ।

यस समितिले अध्ययनको क्रममा नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) को क्षेत्र सुधारका लागि यी विविध विषय पहिचान गरेको छ । यस्ता विषयका सम्बन्धमा नेपाली सेना, नेपाल पर्वतारोहण संघ, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, पर्वतारोहण सञ्चालक संघ नेपाल, ट्रेकिङ्ग एजेन्सिज् एसोसिएसन अफ नेपाल लगायतका निकाय तथा संस्था साथै विभिन्न निकाय तथा व्यक्तिबाट सुधारका लागि प्राप्त सुझाबको अध्ययन साथै तपशिल बमोजिमको तथ्याङ्कीय विश्लेषण गरेको छ ।

### ३.१.१ पर्यटन विभागबाट सन् २०१९ को वसन्त ऋतुमा जारी भएका पर्वतारोहण अनुमतिको विवरण

पर्यटन ऐन, २०३५ र पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ बमोजिम सन् २०१९ को वसन्त ऋतुका लागि पर्यटन विभागले तपशिल बमोजिमका विभिन्न ३२ हिमालचुलीका लागि ११४ वटा अनुमति पत्रमार्फत ८८७ जना आरोहीका लागि अनुमति पत्र जारी गरेको र उक्त ८८७ जना आरोही विभिन्न ६३ देशका रहेको जानकारी पर्यटन विभागको अभिलेखबाट देखिएको ।

**तपशिल**

| सि.नं. | हिमालको नामर उचाई | दलको संख्या | सदस्यको संख्याो | दलमा रहेका सदस्यको देशको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| 1 | Amadablam (6814m.) | 5 | 49 | 9 | |
| 2 | Annapurna I (8091m.) | 3 | 23 | 14 | |
| 3 | AranikoChuli (6039m.) | 1 | 12 | 1 | Germany |
| 4 | Baruntse (7129m.) | 1 | 6 | 5 | |
| 5 | Bhrikuti (6476m.) | 1 | 2 | 1 | China |
| 6 | Chamlang (7321m.) | 2 | 12 | 2 | |
| 7 | Chhopabamare (6109m.) | 1 | 2 | 2 | |
| 8 | Chobuje (6685m.) | 1 | 2 | 2 | |
| 9 | Dhawalagiri (8167m.) | 2 | 5 | 4 | |
| 10 | Gaugiri (6110m.) | 1 | 15 | 8 | |
| 11 | GyalzenPeak(6151m.) | 2 | 6 | 1 | Nepal |
| 12 | Himjung (7092m.) | 1 | 4 | 1 | Japan |
| 13 | HimlungHimal (7126m.) | 5 | 26 | 7 | |
| 14 | Kanchanjunga Main (8586m.) | 5 | 32 | 16 | |
| 15 | Kangbachen (7903m.) | 1 | 2 | 2 | |
| 16 | Kumbhakarna (Jannu 7710m.) | 1 | 3 | 2 | |
| 17 | LangtangLirung (7234m.) | 1 | 2 | 2 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 18 | Lhotse (8516m.) | 12 | 98 | 25 | |
| 19 | LachamaChuli (6721m.) | 1 | 11 | 2 | |
| 20 | Makalu (8463m.) | 4 | 53 | 18 | |
| 21 | Mansail (6242m.) | 1 | 2 | 1 | China |
| 22 | MukotHimal (6087m.) | 1 | 12 | 1 | Germany |
| 23 | Mustang Himal (6195m.) | 1 | 6 | 1 | France |
| 24 | Nuptse (7861m.) | 3 | 37 | 12 | |
| 25 | PasangLhamu (7351m.) | 1 | 4 | 1 | Korea |
| 26 | Pumori (7161m) | 1 | 11 | 4 | |
| 27 | PuthaHiunchuli (7246m.) | 1 | 5 | 3 | |
| 28 | RatnaChuli (7128m.) | 1 | 5 | 3 | |
| 29 | Sagarmatha (8848m.) | 44 | 381 | 49 | |
| 30 | Saribung (6346m.) | 6 | 44 | 10 | |
| 31 | Thapa Peak (6012m.) | 2 | 5 | 2 | |
| 32 | Thorong Peak | 1 | 10 | 1 | Mexico |
| **Total** | | **114** | **887** | **63** | |

### ३.१.२ पर्यटन विभागबाट सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमालचुलीका लागि जारी भएका पर्वतारोहण अनुमतिको विवरण

सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमालचुलीका लागि ४४ अनुमति पत्र मार्फत ३८१ जना आरोही र उक्त आरोहीहरुलाई आरोहणको क्रममा सहयोग गर्नका लागि खटिएका ६४२ (सरदार /पथ प्रदर्शक/उचाइका कामदार) सहयोगीहरुलाई आरोहणको अनुमति पत्र जारी गरिएको अभिलेख अध्ययन गर्दा पाइयो । उक्त विवरण तपशिल बमोजिम रहेको छः-

**तपशिल**

| सि.नं. | देशको नाम | आरोहणका लागि अनुमति दिइएको संख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| 1 | Argentina | 5 | 0 | 5 |
| 2 | Australia | 3 | 0 | 3 |
| 3 | Austria | 1 | 0 | 1 |
| 4 | Belgium | 2 | 0 | 2 |
| 5 | Brazil | 5 | 0 | 5 |
| 6 | Canada | 8 | 0 | 8 |
| 7 | China | 40 | 20 | 60 |
| 8 | Chile | 1 | 0 | 1 |
| 9 | Denmark | 2 | 0 | 2 |
| 10 | Dominican Republic | 1 | 0 | 1 |
| 11 | Ecuador | 1 | 0 | 1 |
| 12 | Egypt | 1 | 0 | 1 |
| 13 | France | 2 | 1 | 3 |
| 14 | Georgia | 1 | 0 | 1 |
| 15 | Germany | 2 | 1 | 3 |
| 16 | Greece | 1 | 3 | 4 |
| 17 | Hong Kong | 4 | 1 | 5 |

| | | | | |
|---|---|---|---|---|
| 18 | Iceland | 2 | 0 | 2 |
| 19 | India | 59 | 19 | 78 |
| 20 | Ireland | 4 | 1 | 5 |
| 21 | Islamic Republic of Iran | 1 | 0 | 1 |
| 22 | Japan | 4 | 2 | 6 |
| 23 | Korea, Republic of | 1 | 0 | 1 |
| 24 | Lebanon | 3 | 3 | 6 |
| 25 | Nepal (Member) | 8 | 6 | 14 |
| | Nepal (Worker) | 640 | 2 | 642 |
| 26 | New Zealand | 3 | 0 | 3 |
| 27 | Netherlands | 0 | 1 | 1 |
| 28 | Norway | 5 | 3 | 8 |
| 29 | Oman | 0 | 1 | 1 |
| 30 | Pakistan | 2 | 0 | 2 |
| 31 | Peru | 2 | 0 | 2 |
| 32 | Poland | 3 | 0 | 3 |
| 33 | Portugal | 1 | 0 | 1 |
| 34 | Qatar | 1 | 0 | 1 |
| 35 | Republic of Kosovo | 1 | 1 | 2 |
| 36 | Repbulic of Botswana | 0 | 1 | 1 |
| 37 | Romania | 2 | 0 | 2 |
| 38 | Saudi Arabia | 1 | 1 | 2 |
| 39 | Singapore | 2 | 1 | 3 |
| 40 | Syrian Arab Republic | 1 | 0 | 1 |
| 41 | South Africa | 0 | 1 | 1 |
| 42 | Spain | 3 | 0 | 3 |
| 43 | Switzerland | 1 | 1 | 2 |
| 44 | Swaziland | 0 | 1 | 1 |
| 45 | Taiwan, Province of China | 1 | 1 | 2 |
| 46 | U.S.of America | 71 | 4 | 75 |
| 47 | United Arab Emirates | 0 | 1 | 1 |
| 48 | United Kingdom | 41 | 3 | 44 |
| 49 | Uruguay | 1 | 0 | 1 |
| **Total** | | **944** | **80** | **1024** |

| | |
|---|---|
| Total Team | 44 |
| Foreign Team | 37 |
| Neapli Team | 7 |

### ३.१.३ सन् २०१९ को वसन्त ऋतुको आरोहण सम्बन्धीविस्तृत विवरण

सन् २०१९ को वसन्त ऋतुमा विभिन्न ३२ हिमालका लागि ११५ दलमार्फत ८८९ जना सदस्यलाई अनुमति प्रदान गरिएकोमा १४ वटा हिमालचुलीमा ४४६ जना आरोही र ५२१ जना आरोहीका सहयोगीले सफल आरोहण गरेको विवरण पर्यटन विभागको अभिलेखमा देखियो । यस क्रममा ८ हजार मिटर

माथिका सगरमाथा, कञ्चनजंघा, लोत्से र मकालु हिमालमा हराउने र मृत्यु आरोही १७ जना रहेको देखियो । यस सम्बन्धी विस्तृत विवरण तपशिल बमोजिम उल्लेख गरिएको छ ।

**तपशिल**

| सि.नं. | हिमालको नाम र उचाई | अनुमति प्रापत दलको संख्या | अनुमति प्राप्त सदस्यको संख्याो | आरोहण सफल सदस्यको संख्या | | | हराउने/ मृत्यु हुनेको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुमति प्राप्त सफल सदस्य | सहयोगी | जम्मा संख्या | | |
| 1 | Amadablam (6814m.) | 5 | 49 | 9 | 3 | 12 | 0 | |
| 2 | Annapurna I (8091m.) | 3 | 23 | 15 | 16 | 31 | 0 | |
| 3 | AranikoChuli (6039m.) | 1 | 12 | 0 | 0 | 0 | 0 | |
| 4 | Baruntse (7129m.) | 1 | 6 | 0 | 0 | 0 | 0 | |
| 5 | Bhrikuti (6476m.) | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 6 | Chamlang (7321m.) | 2 | 12 | 2 | 0 | 2 | 0 | |
| 7 | Chhopabamare (6109m.) | 1 | 2 | 2 | 0 | 2 | 0 | |
| 8 | Chobuje (6685m.) | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 9 | Dhawalagiri (8167m.) | 2 | 5 | 1 | 4 | 5 | 0 | |
| 10 | Gaugiri (6110m.) | 1 | 15 | 2 | 0 | 2 | 0 | |
| 11 | GyalzenPeak(6151m.) | 2 | 6 | 3 | 3 | 6 | 0 | |
| 12 | Himjung (7092m.) | 1 | 4 | 0 | 0 | 0 | 0 | |
| 13 | HimlungHimal (7126m.) | 5 | 26 | 17 | 9 | 26 | 0 | |
| 14 | Kanchanjunga Main (8586m.) | 5 | 32 | 28 | 38 | 66 | ३ | |
| 15 | Kangbachen (7903m.) | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 16 | Kumbhakarna (Jannu 7710m.) | 1 | 3 | 0 | 0 | 0 | 0 | |
| 17 | LangtangLirung (7234m.) | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 18 | Lhotse (8516m.) | 12 | 98 | 40 | 35 | 75 | १ | |
| 19 | Lachama Chuli (6721m.) | 1 | 11 | 0 | 0 | 0 | 0 | |
| 20 | Makalu (8463m.) | 4 | 53 | 37 | 41 | 78 | ४ | |
| 21 | Mansail (6242m.) | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 22 | MukotHimal (6087m.) | 1 | 12 | 0 | 0 | 0 | 0 | |
| 23 | Mustang Himal (6195m.) | 1 | 6 | 0 | 0 | 0 | 0 | |
| 24 | Nuptse (7861m.) | 3 | 37 | 0 | 0 | 0 | 0 | |
| 25 | Pasang Lhamu (7351m.) | 1 | 4 | 0 | 0 | 0 | 0 | |
| 26 | Pumori (7161m) | 1 | 11 | 4 | 5 | 9 | 0 | |
| 27 | Putha Hiunchuli (7246m.) | 1 | 5 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 28 | Ratna Chuli (7128m.) | 1 | 5 | 0 | 0 | 0 | 0 | |
| 29 | Everest(8848m.) | 44 | 381 | 280 | 364 | 644 | 9 | |
| 30 | Saribung (6346m.) | 6 | 44 | 6 | 3 | 9 | 0 | |
| 31 | Thapa Peak (6012m.) | 2 | 5 | 0 | 0 | 0 | 0 | |
| 32 | Thorong Peak | 1 | 10 | 0 | 0 | 0 | 0 | |
| **Total** | | **114** | **887** | **446** | **521** | **961** | **17** | |

### ३.१.४ सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा आरोहण सम्बन्धी विस्तृत विवरण

सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमचुलीका लागि ४४ दलमार्फत ३८१ जना आरोही र ६४२ जना आरोहीलाई सहयोग गर्ने सरदार/पथ प्रदर्शक/उचाइका कामदारलाई अनुमति प्रदान गरिएको मा २८० जना आरोही र ३६४ जना आरोहीका सहयोगी (सरदार/पथ प्रदर्शक/उचाइका कामदार) ले सफल आरोहण गरेको विवरण पर्यटन विभागको अभिलेखमा देखियो । यस क्रममा सगरमाथा हिमालचुलीमा हराउनेको संख्या १ र मृत्यु हुनेको संख्या ८ रहेको पर्यटन विभागको अभिलेखमा रहेको देखियो । यस सम्बन्धी विस्तृत विवरण तपशिल बमोजिम उल्लेख गरिएको छ ।

**तपशिल**

| सि.नं. | देशको नाम | अनुमति दिएको संख्या | | | सफल भएको संख्या | | | मृत्यु हुनेको संख्यार मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | संख्या | मिति | |
| 1 | Argentina | 5 | 0 | 5 | 3 | 0 | 3 | 0 | | |
| 2 | Australia | 3 | 0 | 3 | 1 | 0 | 1 | 0 | | |
| 3 | Austria | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 4 | Belgium | 2 | 0 | 2 | 2 | 0 | 2 | 0 | | |
| 5 | Brazil | 5 | 0 | 5 | 2 | 0 | 2 | 0 | | |
| 6 | Canada | 8 | 0 | 8 | 7 | 0 | 7 | 0 | | |
| 7 | China | 40 | 20 | 60 | 36 | 18 | 54 | 0 | | |
| 8 | Chile | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 9 | Denmark | 2 | 0 | 2 | 1 | 0 | 1 | 0 | | |
| 10 | Dominican Republic | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | | Unsuccess |
| 11 | Ecuador | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 12 | Egypt | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 13 | France | 2 | 1 | 3 | 2 | 1 | 3 | 0 | | |
| 14 | Georgia | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 15 | Germany | 2 | 1 | 3 | 0 | 1 | 1 | 0 | | |
| 16 | Greece | 1 | 3 | 4 | 0 | 3 | 3 | 0 | | |
| 17 | Hong Kong | 4 | 1 | 5 | 4 | 1 | 5 | 0 | | |
| 18 | Iceland | 2 | 0 | 2 | 2 | 0 | 2 | 0 | | |
| 19 | India | 59 | 19 | 78 | 48 | 13 | 61 | 4 | 2019-5 -17मा 1 र 2019-5 -23 मा 3को मृत्यु | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 20 | Ireland | 4 | 1 | 5 | 3 | 1 | 4 | 1 | 2019-5 -16 हराएको | |
| 21 | Islamic Republic of Iran | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 22 | Japan | 4 | 2 | 6 | 4 | 2 | 6 | 0 | | |
| 23 | Korea, Republic of | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | | Unsuccess |
| 24 | Lebanon | 3 | 3 | 6 | 2 | 3 | 5 | 0 | | |
| 25 | Nepal (Member) | 8 | 6 | 14 | 7 | 6 | 13 | 0 | | |
| | Nepal (Saridar/Guide/High altitude Worker) | 640 | 2 | 642 | 362 | 2 | 364 | 1 | 2019-5 -24 मृत्यु | |
| 26 | New Zealand | 3 | 0 | 3 | 1 | 0 | 1 | 0 | | |
| 27 | Netherlands | 0 | 1 | 1 | 0 | 1 | 1 | 0 | | |
| 28 | Norway | 5 | 3 | 8 | 5 | 2 | 7 | 0 | | |
| 29 | Oman | 0 | 1 | 1 | 0 | 1 | 1 | 0 | | |
| 30 | Pakistan | 2 | 0 | 2 | 1 | 0 | 1 | 0 | | |
| 31 | Peru | 2 | 0 | 2 | 0 | 0 | 0 | 0 | | Unsuccess |
| 32 | Poland | 3 | 0 | 3 | 1 | 0 | 1 | 0 | | |
| 33 | Portugal | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 34 | Qatar | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 35 | Republic of Kosovo | 1 | 1 | 2 | 1 | 1 | 2 | 0 | | |
| 36 | Repbulic of Botswana | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | | Unsuccess |
| 37 | Romania | 2 | 0 | 2 | 2 | 0 | 2 | 0 | | |
| 38 | Saudi Arabia | 1 | 1 | 2 | 1 | 1 | 2 | 0 | | |
| 39 | Singapore | 2 | 1 | 3 | 2 | 1 | 3 | 0 | | |
| 40 | Syrian Arab Republic | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| 41 | South Africa | 0 | 1 | 1 | 0 | 1 | 1 | 0 | | |
| 42 | Spain | 3 | 0 | 3 | 0 | 0 | 0 | 0 | | Unsuccess |
| 43 | Switzerland | 1 | 1 | 2 | 1 | 0 | 1 | 0 | | |
| 44 | Swaziland | 0 | 1 | 1 | 0 | 1 | 1 | 0 | | |
| 45 | Taiwan, Province of China | 1 | 1 | 2 | 1 | 1 | 2 | 0 | | |
| 46 | U.S.of America | 71 | 4 | 75 | 39 | 3 | 42 | 2 | 2019-5 -22 र 23 मा1/1 जनाको मृत्यु | |
| 47 | United Arab Emirates | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | | Unsuccess |
| 48 | United Kingdom | 41 | 3 | 44 | 26 | 3 | 29 | 1 | 2019-5 -25 मामृत्यु | |
| 49 | Uruguay | 1 | 0 | 1 | 1 | 0 | 1 | 0 | | |
| **Total** | | **944** | **80** | **1024** | **577** | **67** | **644** | **9** | | |

| | |
|---|---|
| जम्मा दल | 44 |
| विदेशी दल | 37 |
| नेपाली दल | 7 |

## ३.१.५. सन् २०१९ को वसन्त ऋतुमाआरोहण क्रममा हराउने तथा मृत्यु हुनेको विवरण तथा विश्लेषण

### क विवरण

पर्यटन विभागलाई प्राप्त भएको सूचना तथा उक्त सूचनाका आधारमा तयार गरिएको अभिलेख अनुसार सन् २०१९ को वसन्त ऋतुमा आरोहणका क्रममा हराउने तथा मृत्यु हुनेको विवरण तपशिल बमोजिम रहेको पाइयो ।

**तपशिल (विवरण)**

| S.N. | Person's Name | Country's Name | Mountain | Death Place | Date | Handling Agency | Cause of Missing/Death (As per Agency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Dipankar Gos, (M) | India | Mt.Makalu | Camp 4 | $16^{th}$ may | Seven Summit Treks | Death after summit |
| 2 | Ravi, (M) | India | Mt.Everest | camp 4 | $17^{th}$ may | Seven Summit Treks | Dead inside his tent |
| 3 | Seamus Sean Lawless, (M) | Ireland | Mt.Everest | Balcony | $16^{th}$ may | Seven Summit Treks | Missing from balcony |
| 4 | Narayan Singh, (M) | India | Mt. Makalu | 8200m. | $16^{th}$ may | Seven Summit Treks | Altitude sickness |
| 5 | Richard Hidalgo, (M) | Peru | Mt. Makalu | 6300m | $8^{th}$ may | Seven Summit Treks | Climbing with no O2 |
| 6 | Biplab Baidya, (M) | India | Kanchenjunga | Above camp 4 | $15^{th}$ may | Peak Promotion | Altitude sickness |
| 7 | Kuntal Kanrar, (M) | India | Kanchenjunga | Above camp 4 | $15^{th}$ may | Peak Promotion | Altitude sickness |
| 8 | Rodrigo Vivanco, (M) | Chile | Kanchenjunga | Above camp 4 | $15^{th}$ may | Peak Promotion | Missing |
| 9 | Ivan Yuriev Tomov, (M) | Bulgaria | Mt. Lhotse | camp 4 | $17^{th}$ may | Makalu Extreme | Altitude sickness |
| 10 | Donald Lynn Cash (M) | USA | Mt.Everest | 8772m. | $22^{nd}$ may | Pioneer Adventure | Suddenly fainted |
| 11 | Anjali Sharad Kulkarni, 54 (F) | India | Mt.Everest | Camp 4 | $23^{rd}$ may | Transcend Adventure | Altitude sickness |
| 12 | Kalpana Das, 47 (F) | India | Mt.Everest | Camp 4 | $23^{rd}$ may | Dreamers Destination | Weekness |
| 13 | Nihal Ashpak Bhagwan, 27 (M) | India | Mt.Everest | Camp 4 | $23^{rd}$ may | Peak Promotion Treks | high altitude sickness |
| 14 | Dhurba Bista (M) | Nepal | Mt.Everest | Camp 3 | $24^{th}$ may | Himalaya Sky Treks | High altitude sicknss |
| 15 | Nima Tenji (M) | Nepal | Mt.Makalu | Between Camp 2 and 3 | $24^{th}$ may | Seven Summit | Not summit |
| 16 | Robin Haynes Fisher, 41 (M) | UK | Mt.Everest | 8600M | $25^{th}$ may | Everest Pariwar | high altitude sickness |
| 17 | Christopher John Kulish, 44 (M) | USA | Mt.Everest | South Cole | $27^{th}$ may | Tag Nepal | high altitude sickness |

## ख विश्लेषण

यस अवधिमा रहेको मौसमको अवस्था, आरोहणको चापको अवस्था, आरोहणको क्रममा रहेका आरोहीले विभिन्न सञ्चार माध्यममा राखेका धारणा समेतको अध्ययन गर्दा निम्नबमोजिम रहेको पाइयो ।

- सन् २०१९ मा सगरमाथा हिमालचुलीको वसन्त ऋतु लागि आरोहणको मुख्य मौसम खास सजह र अनुकूल नरहेको दखियो । सन् २०१९ मे ९ र १० मा मौसम अनुकूल रहे पनि त्यस भन्दा अगाडी आएको फानी नामको आँधीको प्रभावले डोरी टाँग्ने कार्य प्रभावित भयो । उक्त आँधीका कारण डोरी टाँग्ने कार्यका लागि क्याम्प २ मा पुगेको समूहले काम स्थगित गर्नु पर्यो, डोरी टाँग्ने कार्यका साथै आरोही बस्नका लागि बनाइएका करिब १९ वटा टेन्ट उडाएको र उक्त स्थान सम्म पुगेका आरोही बस्न नसकि आधार शिविर नै फर्कनु परेको अवस्था रहेको पाइयो । यस अवधिमा आँधीबाट थप धनजनको क्षति हुन नदिन सचेतता अपनाउन पर्यटन विभागले सूचना समेत जारी गरेको पाइयो । सो अवधिमा देशभरको मौसम अनुकूल नरहेको अध्ययनबाट देखियो ।
- मौसममा सुधार आएपछि डोरी टाँग्ने काम सुरु गरेको समूहले सन् २०१९ मे १४ दिनको करिब १ बजे सगरमाथा हिमालचुलीको शिखरमा डोरी पुग्यो र आरोहणका लागि बाटो खुल्यो । सोही दिन कञ्चनजंघा, लोत्से र मकालु हिमालचुलीको शिखरमा पनि डोरी पुग्यो । प्रतिकुल मौसमको बावजुद ८ हजार मिटर माथिका चारवटा हिमालमा एकै दिन डोरी टाँग्ने कार्य सम्पन्न भई आरोहणको वातावरण तयार भयो ।
- सन् २०१९ को मे १४ देखि १६ सम्म सगरमाथामा दोस्रो पटक मौसम अनुकूल रहेको पाइयो । फानी नामो आँधीको त्रासबाट आधारशिविर फर्किएका आरोही तत्काल ठूलो संख्यामा आरोहणमा जान नसकेको हुँदा सन् २०१९ को १५ मेमा ३१ र १६ मेमा ८४ जनामात्र आरोहीले सफल आरोहण गरेको पाइयो । यसका साथै सगरमाथा आरोहण गर्ने बाटोमा खासै आरोही नभएकै बखत समेत सन् २०१९ मे १६ मा एकजना आयरल्याडको नागरिक ८७०० मिटरको उचाईबाट हराएको पाइयो साथै मे १७ मा एक जना भारतीय नागरिकको मृत्यु भएको देखियो ।
- सन् २०१९ को मे १७ देखि २० सम्म चार दिन सगरमाथाको मौसम प्रतिकूल देखियो । उक्त अवधिमा कसैले पनि आरोहण नगरेको अभिलेखमा देखिन्छ ।
- सन् २०१९ को मे २१ बाट अनुकूल मौसम रहेको तथ्यका आधारमा मे २१ मा आरोहणका लागि गएका आरोही क्याम्प ४ तथा साउथ कोल (करिब ७९०० मिटर) मा पुगेको, उक्त दिन मे २१ मा समेत मौसम प्रतिकूल हुन्छ भन्ने हल्लाका कारण उच्च उचाई तथा जोखिमपूर्ण स्थानमा पुगेर कतिपय आरोहीले त्यही बसी मे २१ को आरोहण योजना मे २२ लागि बनाएको, मे २२ को आरोहण योजना रहेका आरोही समेत उक्त स्थानमा पुगी सकेको अवस्थामा मे २१ को आरोहण योजनालाई मे २२ का लागि बनाएका र मे २२ मा नै आरोहण योजना रहेका आरोही समेतको उपस्थिति रहेको हुँदा उक्त दिन केही बाक्लो संख्यामा सगरमाथाको उच्च उचाईमा मानव उपस्थिति भएको अध्ययनको क्रममा देखियो ।यसर्थ मे २२ मा सगरमाथा चुचुरोमा २२३ जनाले सफल आरोहण गरेको, उक्त

दिन १ जना आरोहीको मृत्यु भएको अभिलेख पर्यटन विभागमा रहेको देखियो । सगरमाथाको उच्च उचाईमा अधिक ट्राफिक जाम भनेर विभिन्न सञ्चार माध्यममा भनिए पनि तथ्याङ्कको अध्ययन गर्दा हालसम्मकै उच्च संख्यामा आरोहण भएको दिनको मृत्यु प्रतिशल उक्त दिनको सफल आरोहणमा ०.४४% मात्र रहने देखिन्छ । यसर्थ सञ्चार माध्यममा भनिए जसरी सगरमाथाका लागि आरोहणको अनुमति अधिक भएको, उक्त अधिक अनुमतिपत्रका कारण ट्राफिक जाम भएको र सोही कारणले आरोहीको मृत्यु भएको विषय तथ्यले पुष्टि गर्न सक्ने देखिन्न ।

- विश्व मौसममा देखिएको परिवर्तनलेसगरमाथा हिमालचुलीको मौसम पनि प्रभावित भएको, यसले आरोहीको कार्यान्वयनमा रहेको योजना उच्च उचाईमा पुगेर "पर्ख र हेर" को अवस्थामा रहदा लामो समय उच्च उचाईमा बस्दा कमजोर भएका साथै हाइ अल्टिच्युड सिकनेसको कारण सगरमाथामा मे २३ का दिन ३ जना आरोहीले आफ्नो ज्यान गुमाएको देखिन्छ । साथै सगरमाथा हिमालचुलीमा करिब करिब आरोहीले आफ्नो आरोहण समाप्त गरी सकेको अवस्था तथा बाटो र टाँगीएको डोरीमा हिड्नु पर्ने मान्छे नभएको समयमा मे २४ र २५ मा समेत १/१ आरोहीको मृत्य भएको अभिलेखबाट देखिएकोले मृत्यु हुनुमा ट्राफिकको कारण देखिदैन । साथै सम्बन्धित एजेन्सीबाट प्राप्त अभिलेख समेतबाट आरोहीको मृत्यु कमजोरी, आकस्मीक मूर्छा र High Altitude Sickness बाट भएको देखिन्छ ।

### ३.१.५ पछिल्लो पाँच वर्षको आरोहण सम्बन्धी विस्तृत विवरण

पर्यटन विभागमा रहेको अभिलेख अध्ययन गर्दा नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) को क्षेत्रसँग सम्बन्धित पछिल्लो पाँच वर्षको विस्तृत विवरण तपशिल बमोजिम रहेको पाइयो ।

**तपशिल**

| क्र.सं. | वर्ष (इस्वी सन्) | दलको संख्या | जम्मा सदस्य | सफल सदस्य | सम्पर्क अधिकृत को संख्या | सफलता को प्रतिशत | मृत्यु हुनेको संख्या | मृत्यु हुनेको प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अनुमति प्राप्त आरोहीमा | सफल आरोहीमा | |
| १ | 2015 | 380 | 2763 | 860 | 158 | 31.12% | 21 | 0.76% | 2.44% | |
| २ | 2016 | 275 | 1946 | 1220 | 160 | 62.69% | 12 | 0.61% | 0.98% | |
| ३ | 2017 | 288 | 2277 | 1364 | 181 | 59.90% | 9 | 0.39% | 0.65% | |
| ४ | 2018 | 293 | 2338 | 1581 | 180 | 64.92% | 25 | 1.06% | 1.58% | |
| ५ | 2019 | 114 | 887 | 446 | 91 | 50.28% | 17 | 1.91% | 3.18% | |

### ३.१.६पछिल्लो पाँच वर्षको सगरमाथा हिमालचुलीको आरोहण सम्बन्धी विस्तृत विवरण

पर्यटन विभागमा रहेको अभिलेख अध्ययन गर्दा सगरमाथा हिमालचुलीसँग सम्बन्धित पछिल्लो पाँच वर्षको विस्तृत विवरण तपशिल बमोजिम रहेको पाइयो ।

**तपशिल**

| क्र.सं. | वर्ष (इस्वी सन्) | दलको संख्या | जम्मा सदस्य | सफल सदस्य | सम्पर्क अधिकृत को संख्या | सफलता को प्रतिशत | मृत्यु हुनेको संख्या | मृत्यु हुनेको प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अनुमति प्राप्त आरोहीमा | सफल आरोहीमा | |
| १ | 2015 | - | 357 | ० | - | 0 | 14 | 3.92% | - | |
| २ | 2016 | 38 | 292 | 197 | 38 | 67.46% | 5 | 1.71% | 2.53% | |
| ३ | 2017 | 43 | 366 | 199 | 43 | 54.37% | 6 | 1.63% | 3.01% | |
| ४ | 2018 | 38 | 346 | 34 | 262 | 75.72% | 5 | 1.44% | 1.90% | |
| ५ | 2019 | 44 | 381 | 280 | 37 | 73.49% | 9 | 2.36% | 3.21% | निरन्तर |

नोटः यस टेबलमा सलामी दस्तुर तथा रोयल्टी तिरेर सगरमाथा हिमालचुली आरोहण गर्ने आरोहीको मात्र संख्या उल्लेख गरिएको छ । सन् २०१९ मा सगरमाथा हिमालचुलीका लागि ३८१ जना आरोही र ६४२ जना आरोहीका सहयोगी गरी जम्मा १०२३ जना व्यक्ति सगरमाथा हिमालचुली आरोहणका लागि गएकोमा २८० जना आरोही र ३६२ जना आरोहीका सहयोगी गरी जम्मा ६४२ जना तथा ६२.७५% ले सगरमाथाको सफल आरोहण गरेको विवरण पर्यटन विभाग रहेको पाइयो । उक्त सफल आरोहीको संख्या ६४२ मा सगरमाथा हिमालचुलीमा मृत्यु हुनेको प्रतिशत १.४०% रहेको तथ्यबाट देखिन्छ ।

### ३.२. पर्वतारोहणको क्षेत्र सुधारका प्रमुख मुद्दाहरु तिनका सम्बन्धमा प्राप्त धारणा तथा सुझाबहरु

नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) का क्षेत्रमा पछिल्लो समयमा प्रमुख रुपमा विभिन्न सञ्चार माध्यम तथा देश तथा विदेशमा उठेका मुद्दाहरुका सम्बन्धमा यस समितिले अध्ययन गरी पहिचान गरेका सुधारका प्रमुख क्षेत्र/विषय/मुद्दाहरुका सम्बन्धमा नेपाली सेना, नेपाल पर्वतारोहण संघ, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, ट्रेकिङ् एजेन्सिज् एसोसियसन अफ नेपाल, एक्सपिडिसन अपरेटर एसोसिएसन अफ नेपाल, हिमालयन उद्धार संघ नेपाल लगायतका विभिन्न संस्था तथा व्यक्तिहरुले राखेका धारणा तथा दिएका सुझाबहरु निम्मबमोजिम रहेका छन् ।

**क. समग्र हिमाल आरोहणको मापदण्ड**

**हालको व्यवस्था**

पर्यटन ऐन, २०३५, पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ साथै पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० मा व्यवस्था भए बमोजिमका आधारमा नेपाल सरकारले खुला गरेका ४१४ हिमालहरुको आरोहण हुने गरेको छ । उक्त कानूनहरुमा तोकिए बमोजिमको सलामी वापतको दस्तुर, गारवेज धरौटी

राखेको भौचर, १६ वर्ष उमेर  पूरा गरेको व्यक्ति, निजको सामान्य स्वास्थ्य परिक्षण प्रतिवेदन, सरदार/पथ प्रर्दशक/उचाईका कामदारको विमा गरेको कागजात जम्मा गरेपछि आरोहण दललाई माग बमोजिमको हिमालका लागि अनुमति प्रदान गर्ने व्यवस्था रहेको छ । हिमाल आरोहणका लागि अनुमति पत्र प्रदान गर्दा ६५०० मिटर भन्दा माथिका हिमालका लागि मात्र आरोहण दलका साथ खटिई जाने सम्पर्क अधिकृत पठाउने व्यवस्था रहेको छ । यसै व्यवस्था बमोजिम सन् २०१९ को वसन्त ऋतुमा विभिन्न ३२ हिमालका लागि ८८७ जना आरोहीलाई अनुमति दिइएको पाइएको र यस मध्ये ६५०० मिटर माथिका विभिन्न हिमालका लागि ९१ जना सम्पर्क अधिकृत खटाइ पठाइएको अभिलेखबाट देखिएको छ ।

**प्राप्त धारणा तथा सुझाव**

| संस्थाको नाम | धारणा तथा सुझावहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • आरोहणको मुख्य समय अवधि , मौसम, आरोहणमा जान आवेदन दिएका टिम तथा आरोहीको संख्या , विगतको अनुभव तथा हिमालको अवस्थालाई मुख्य आधार मानी आरोहणमा जाने संख्या निर्धारण  गरी प्रत्येक वर्षको आरोहण Seasonशुरु हुनु आगवै कुन हिमालमा कति जना सहभागी गराउने भन्ने सन्दर्भमा न्ययोचित संख्या तोक्ने ।<br>• व्यक्तिगत Recordराख्नको लागि आफ्नो ज्यान जोखिममा पारी संचालन गरिने कार्यहरुलाई सकेसम्म निरुत्साहित तुल्याउनु पर्ने ।<br>• हरेक हिमालको आरोहण शुरु गर्नु  पूर्व Expeditionसिद्धान्त मुताविक Proper Acclimatization,उच्च स्तरको तालिम गराउनु गर्नु पर्ने ।<br>• आरोहणमा सहभागी हुने प्रत्येक व्यक्तिहरुलाई हिमाल आरोहण तथा विभिन्न Equipmentहरुको सहि प्रयोग सम्बन्धी राम्रो ज्ञानहुनुपर्ने । यसको लागि सरकारीनिकायहरुबाट Monitoring Mechanism लाई चुस्त तुल्याउनु पर्ने ।<br>• हरेक आरोहीहरुको जिवन बिमा अनिबार्य रुपमा हुनुपर्ने ।<br>• सरकारी मान्यता दिएको एजेन्सीको सहयोगमा मात्र हिमाल आरोहण गर्नुपर्ने ।<br>• हिमाल आरोहणमा जाँदा लैंजाने सामानहरुको वारकोड तयार गर्ने र फिर्ता आँउदा अनिवार्य सो वारकोडको सामान फिर्ता ल्याउनुपर्ने । नल्याएको खण्डमा आरोहण टोलीलाई जरिवानाको व्यवस्था गर्नुपर्ने । | समग्रमा हिमाल आरोहणको मापदण्ड |
| | • सगरमाथा लगायत कुनै पनि ८००० मिटर माथिको हिमाल आरोहण गर्नु भन्दा पहिला ६५०० देखि ७५०० मिटर सम्मको कुनै हिमाल आरोहण अनिबार्य रुपमा गरेको हुनु पर्ने ।<br>• हरेक पर्वतारोहीहरुले आरोहण सम्बन्धी उच्च स्तरको तालिम  गरेको हुनुपर्ने ।<br>• आरोहण एजेन्सीद्धारा आरोहणको हरेक पक्ष (टिमका सबै सदस्यले समिट गर्ने, टिमका कोहि पनि सदस्यहरु घाईते/बिरामी/क्राभासमा पर्ने जस्ता कार्य नहुने) मा सफलताको प्रयास गरेको एकिन गर्नुपर्ने । | सगरमाथा तथा ८ हजार मिटर माथिका हिमाल आरोहणमा अवलम्बन गर्ने मापदण्ड |

| | | |
|---|---|---|
| | • सुरक्षित आरोहणको प्रत्याभूति गरिनुपर्ने । सुरक्षित आरोहण नगराउने कुनै पनि एजेन्सीहरु लाई आगामी आरोहणहरुमा सहभागी नगराउनुको साथै अन्य जरिमाना समेत गराउने।<br>• सगरमाथा आरोहणलाई प्रतिस्प्रर्धाको तवरले नभई नितान्त साहासिक रुपमा लिनुपर्ने । सगरमाथा लगायत ८००० मिटर माथिका अन्य हिमालहरुमा Stuntदेखाउने जस्ता कार्यलाई पुर्ण रुपमा निरुत्साहित गर्नुपर्ने ।<br>• सगरमाथा लगायत ८००० मिटर माथिका अन्य हिमालहरुमा गरिने आरोहणको योजना Well Planned (कुन टिम शुरुमा, कुन टिम बिचमा, कुन टिम अन्तिममा आरोहण गर्ने) हुनुपर्ने । | |
| नेपाल पर्वतारोहण संघ | • सगरमाथा हिमाल आरोहण गर्नका लागि नेपालको ६ देखि ७ हजार मिटरको कुनै एक हिमाल आरोहण अनिवार्य गर्ने ।<br>• सगरमाथा र ८ हजार मिटर माथिका हिमालका लागि एक जना आरोहीसँग एक जना उचाइको गाइड अनिवार्य गर्ने ।<br>• सात हजार मिटर माथि ७९९९ मिटर सम्मका हिमालका लागि दुई आरोही बराबर एक उचाइको गाइड अनिवार्य गर्ने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • आरोही र आरोहण सहयोगी गाइडलाई उच्च पर्वतारोहण तालिम अनिवार्य गर्ने ।<br>• सुरक्षा व्यवस्था विशेष गरी अक्सिजन, आरोहण सामग्री, खोज तथा उद्दार र सूचना प्रणालीलाई विशेष मापदण्ड बनाई लागु गर्ने । | समग्र हिमाल आरोहणका लागि |
| | • ७००० मिटर भन्दा माथीको हिमाल आरोहण भएकोलाई मात्र ८००० मिटर माथि हिमाल आरोहण अनुमति दिने ।<br>• आरोही र आरोहण सहयोगी गाइडलाई उच्च पर्वतारोहण तालिम अनिवार्य गर्ने ।<br>• सुरक्षा व्यवस्था विशेषगरी अक्सिजन, आरोहण सामाग्री, खोज तथा उद्धार र सूचना प्रणालीलाई विशेष मापदण्ड बनाई लागु गर्ने ।<br>• डोरी टाँग्ने कार्य आरोहण सिजन सुरु भएको १ महिना अगाडी नै तयार गर्ने ।<br>• शारिरिक रुपमा अशक्तहरुलाई आरोहण अनुमति प्रदान गर्दा विशेष मापदण्ड अपनाउने ।<br>• उमेरहद कायम गर्ने | सगरमाथा लगायत ८ हजार मिटर माथिका हिमालका लागि |
| पर्वतारोहण संचालक संघ नेपाल | • पर्वतारोहण सम्बन्धी अनिवार्य रुपमा आधारभूत तालिम लिएको हुनुपर्ने।<br>• पर्यटन विभागबाट इजाजत जारी हुने ७ हजार मिटर भन्दा माथिको कुनै एक हिमालको आरोहण गरेको हुनुपर्ने ।<br>• विदेशी आरोहीहरुको साथ जाने नेपाली सहयोगी आरोहीका लागि आचारसंहिताको व्यवस्था गर्ने ।<br>• हिमाल आरोहणका लागि निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने ।<br>• खोज, उद्दार, उपचारको लागि आवश्यक रकम सहितको विमा अनिवार्य | सगरमाथा हिमालचुलीका लागि |

| | | |
|---|---|---|
| | गर्ने। | |
| | • पर्वतारोहण सम्बन्धी अनिवार्य रुपमा आधारभूत तालिम लिएको हुनुपर्ने ।<br>• पर्यटन विभाग वा नेपाल पर्वतारोहण संघद्वारा अनुमति दिने ६ हजार मिटरभन्दा माथिका दुईवटा हिमाल आरोहण गरेको प्रमाणपत्र वा हिमाल आरोहण सम्बन्धी विशेष प्रशिक्षण लिएको प्रमाणपत्र पेश गर्नुपर्ने ।<br>• हिमाल आरोहणका लागि निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने ।<br>• खोज, उद्दार, उपचारको लागि आवश्यक रकम सहितको विमा अनिवार्य गर्ने।<br>• अन्य ८ हजार मिटरभन्दा माथिका हिमालका लागि दुई जना आरोही बराबर एक जना शेर्पा अनिवार्य हुनु पर्ने । | ८ हजार मिटर भन्दा माथिका लागि |
| | • सगरमाथा आरोहणका लागि न्यूनत्तम रुपमा एक आरोहीले कम्तिमा USD $35,000/- बराबरको विदेशी मुद्रा भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्ने ।<br>• सगरमाथा,लोत्से,नुप्से,आमादब्लम,मनास्लु जस्ता बढी आरोहण हुने हिमालहरुको आरोहणमा एकिकृत सम्पर्क कार्यालय स्थापना गरी सोही कार्यालयबाट आवश्यक सेवा सुबिधाहरु प्रवाहित गर्नु पर्ने ।<br>• सरकारी स्तरबाट विश्वास प्राप्त मौसम पुर्वानुमानको विवरण लिई हिमालमा आरोही टिमलाई नियमित रुपमा उपलब्ध गराउने ।<br>• आरोहण दलले आरोहण पूर्व आफ्नो विस्तृत आरोहण कार्ययोजना पेशगर्नुपर्ने ।<br>• ८००० मिटर भन्दा माथिका हिमालहरुको आरोहणमा जाने प्रत्येक आरोहीलाई उच्चस्तरीय जिपिएस डिभाइस अनिवार्य रुपमा लैजानुपर्ने व्यवस्था गर्नुपर्ने ।<br>• आरोहण प्रमाणपत्र दिदा सगरमाथाको हकमा साउथकोल तथा समिटको फोटो वा भिडियो सम्बन्धित क्यामरा ,मोबाईल वा डिभाइसमा लिईएको प्रमाण सम्बन्धित निकायलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने । | सगरमाथा साथै८ हजार मिटर भन्दा माथिका हिमालचुलीका लागिअपनाउनु पर्ने आधारभूत पक्ष |
| कामी रिन्जी शेर्पा | • हिमाल आरोहण सम्बन्धी आधारभूत तालिम लिएकोलाई मात्र आरोहण अनुमति पत्र दिने ।<br>• ७ हजार मिटर भन्दा माथिको हिमाल आरोहण गरेपछि मात्र सगरमाथा हिमालको लागि अनुमति दिने ।<br>• राम्रो गुणस्तरको कलाईमबिंग इक्युपमेन्टस हुनुपर्ने ।<br>• काठमाडौं बाट लगेको हरेक बस्तुको खोल, बोतल, डिब्बा, बोलत, किला लगायतनसड्ने सबै बस्तु काठमाडौं नै फिर्ता ल्याउनु पर्ने नियम हुनु पर्ने<br>• एक सिजनमा एउटा हिमालका लागि एक पटक आरोहण गर्ने प्रबन्ध गर्ने । यो नियम आरोही र आरोहीका सहयोगी सबैमा लागू गर्ने । | |

नोटः चीनबाट सगरमाथा आरोहण गर्दा एक आरोही एक सहयोगी अनिवार्य रहेको, सम्पर्क अधिकृतको काम एक सम्पर्क कार्यालयले गर्ने गरेको ।

## ख. सरकारी निकाय एवम् कार्यसम्पादनका सम्बन्धमा

### हालको अवस्था

पर्वतारोहणका कार्य व्यवस्थापन संस्कृति, पर्यटनतथा नागरिक उड्डयन मन्त्रालय अन्तरगतपर्यटन विभागले पर्यटन ऐन, २०३५, पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ साथै पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० बमोजिम गर्ने गरेको र पर्यटन विभागमा यस कार्यका लागि होटल तथा पर्वतारोहण शाखा समेत रहेको पाइयो । उक्त शाखाले अनलाइन पद्धतिमा रहेर काम गर्ने भए पनि कम्प्युटर र सो सम्बन्धी ज्ञान हुने प्राविधिक कर्मचारीको दरबन्दी उक्त शाखामा नरहेको देखियो साथै देशभरका होटल र पर्वतारोहण सम्बन्धी काम गर्ने उक्त शाखामा एक जना निर्देशक, दुई जना शाखा अधिकृत र एक जना नायब सुब्बा कार्यरत रहेको देखियो । यस सम्बन्धमा सरकारी निकायबाट हुनुपर्ने सुधार सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले निम्न बमोजिम धारणा यस समिति समक्ष राखेका छन् ।

### प्राप्त सुझाब तथा धारणा

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • हिमाल आरोहण सम्बन्धि सबै नितिगत कुराहरु सबै आरोहीले अवलम्वन गरे/नगरेको एकिन गर्ने । Monitoring Mechanismलाई चुस्त दुरुस्त तुल्याउनु पर्ने ।<br>• आरोहीले नेपाल सरकार सँग अनुमति पाए/नपाएको पुर्ण एकिन गर्नुपर्ने ।<br>• हिमाल आरोहणको सबै मापदण्ड पुर्याएर आरोहण गर्दा कुनै दुर्घटना भएमा नेपाल सरकारले उचित क्षतिपुर्ति प्रदान गर्नुपर्ने ।<br>• आरोहणको दौरान आवश्याक पर्ने चिठी पत्रहरु तत् सम्बन्धित कार्यालयमा छिटो कार्यान्वयन हुनुपर्ने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • सरकारी निकायमा लिइने आरोहण दस्तुर कम्तिमा २ वा सो भन्दा बढी बैंकमा बुझाउने व्यवस्था मिलाउने ।<br>• सरकारी निकायले तत्काल रेक्क्यु गर्न सक्ने संयन्त्र निर्माण गर्ने ।<br>• प्रत्येक हिमालको वेसक्याम्पमा Help/Information/Support Deskस्थापना गर्ने । साथै सोही डेक्स मार्फत सम्पर्क अधिकृतहरुको कामलाई प्रभावकारी र विश्वसनीय बनाउने ।<br>• सम्पर्क अधिकृतको सूचनाबाट गलत प्रमाणपत्र जारी भएको खण्डमा सम्पर्क अधिकृत जिम्मेवार बनाई कारवाही गर्ने ।<br>• मौसम पूर्वानुमान गरी सूचना दिने कार्यलाई प्रभावकारी बनाउने ।<br>• ट्रेकिङ्ग र आरोहण व्यवस्थापन गर्ने एजेन्सीहरुको न्युनतम मापदण्ड तोक्ने ।<br>• विश्व विख्यात आरोही र कामदारहरुको विदेशिने क्रमलाई रोक्न आवश्यक पहल गर्ने ।<br>• नेशनल तथा माउन्टेन गाइडको रुपमा तालिम तथा कार्यविधि अपनाई | |

| | | |
|---|---|---|
| | राष्ट्रिय पहिचान उपलब्ध गराउने ।<br>• सहयोगी गाइड, ट्रेकिङ्ग गाइड, नेशनल माउन्टेन गाइड, अन्तर्राष्ट्रिय गाइड तथा उच्च पर्वतारोहण कामदारको पहिचान दिने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • हिमाल आरोहणको अनुमति सम्बन्धी सम्पूर्ण कार्यहरु व्यवस्थित तथा भरपर्दो अनलाइनसेवाको व्यबस्था गरी आरोहण अनुमति सम्बन्धी सम्पूर्ण कार्य अनलाईन प्रणाली मार्फत सम्पादन गर्नुपर्ने ।<br>• पर्वतारोहणको लागि गरीने ब्रिफिङ्ग , डि-ब्रिफिङ,गार्वेज व्यवस्थापन तथा अन्य कार्य र सुचना उपलब्ध गराउने कार्यको लागि पर्वतारोहण संचालन गर्ने एजेन्सीलाई जिम्मेवार बनाउन उपयुक्त हुने । | |

नोटः चीनमा समूहले सम्पर्क अधिकृतको काम गर्छ । फ्रान्समा उद्दारका कार्य सरकारी तबरबाट हुने गरेको पाइन्छ।

**ग. आरोहणमा संलग्न ट्रेकिङ्ग एजेन्सी सम्बन्धमा**

**हालको व्यवस्था**

पर्वतारोही दलले पर्वतारोहणका कार्य व्यवस्थापनका लागि पर्यटन विभागबाट इजाजत प्राप्त ट्रेकिङ्ग एजेन्सी नियुक्त गर्नु पर्ने र यसरी नियुक्त गरिएका ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण दलका पर्वतारोहण सम्बन्धी कार्य व्यवस्थापन गर्न सक्ने कानूनी प्रबन्ध रहेको छ । यसै बमोजिम पर्वतारोहण दलका तर्फबाट पर्वतारोहण सम्बन्धी कार्यहरु पर्यटन विभागबाट इजाजत पत्र प्राप्त ट्रेकिङ् एजेन्सीले गर्ने गरेको पाइयो । पर्वतारोहण साहसिक कार्य भएको र यसका लागि उत्कृष्ट व्यवस्थापकिय क्षमता आवश्यक पर्ने भएपनि यस्ता ट्रेकिङ्ग एजेन्सीको अनुभव/व्यवस्थापकिय क्षमता सम्बन्धमा थप उल्लेख नभएकोले यस सम्बन्धमा थप प्रबन्ध गरिनु पर्ने देखियो । यस्ता ट्रेकिङ् एजेन्सीका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

**प्राप्त धारणा तथा सुझाब**

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी(राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • सक्षम व्यक्तिलाई मात्र पर्वतारोहण गाईडको रुपमा प्रयोग गराउनु पर्ने । दक्ष अनुभवी शेर्पाहरुलाई मात्र आरोहण सहयोगीको रुपमा खटाउनु पर्ने ।<br>• सम्पुर्ण Trekking Agencyहरु आफ्नो जिम्मेवारीको सम्बन्धमा पुर्ण जानकार हुनुपर्ने ।आरोहणको दौरान अन्य आरोहीहरुले गर्ने गैर कानुनी , अव्यबहारिक तथा असान्दर्भिक गतिविधिहरुलाई Monitor and Controlगर्नुपर्ने ।<br>• Well Organized Rescue योजना उद्दार टिम सम्पुर्ण Agency हरुसँग हुनुपर्ने ।<br>• International Organizationहरुबाट मान्यता प्राप्त तथा सुरक्षा प्रमाणित ईक्युप्मेन्टहरुको मात्र प्रयोग गर्नुपर्ने ।<br>• आरोहण गतिविधिसँग सम्बन्धित निकाय हरुलाई आरोहण सम्बन्धी | |

| | | |
|---|---|---|
| | सम्पूर्णसूचनाहरु प्रवाह गर्नुपर्ने । | |
| नेपाल पर्वतारोहण संघ | • कामदारको व्यवस्था, खानपिनको व्यवस्था, उद्दार कार्य, विमा जस्ता विषय<br>• ८ हजार मिटर माथिका हिमाल आरोहण व्यवस्थापनको जिम्मा निश्चित संख्यामा आरोहण अभियान सञ्चालन गरेपछि मात्र दिने प्रबन्ध गर्ने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • आरोहणमा खटिने कर्मचारीहरुलाई एजेन्सीले अनिवार्य रुपमा उच्च पर्वतारोहण तालिम दिएको हुनुपर्ने ।<br>• खटिएका कर्मचारीहरुलाई सरकारले तोके बमोजिमको न्युनतम पारिश्रमिक बैंक मार्फत भुक्तानी दिएको हुनुपर्ने ।<br>• कामदारको भविष्यको सुरक्षाको लागि कम्पनीले व्यवस्था गर्ने ।<br>• अस्वस्थ प्रतिस्पर्धा रोक्नका लागि क्लाइन्टबाट लिएको रकम भेरिफाई गरी आरोहण अनुमति दिने ।<br>• आरोहणको प्रकृति खुलाउनु पर्न जस्तोः लक्जरी, इकोनोमि आदी । तर न्युनतम सुविधाको प्रबन्ध गरेकै हुनु पर्ने ।<br>• खोज तथा उद्धारको व्यवस्था स्पष्ट हुनुपर्ने ।<br>• दूर्घटना वा मृत्यू भएको अवस्थामा सम्बन्धित एजेन्सी जिम्मेवार भई कानुन बमोजिम व्यवस्थापन गर्न सक्ने हुनुपर्ने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • नेपालको पर्यटन प्रबर्द्धन गर्न ट्रेकिङ एजेन्सीहरुले महत्वपूर्ण भुमिका खेल्दै आएका छन् । नेपाल सरकार र नेपाल सरकार सम्बद्ध निकायहरुसंग सुदृढ सम्बन्ध कायम गरी स्तरीय जनशक्ति प्रयोग गरी आवश्यक विवरण तथा सुचनाहरु समयमा उपलब्ध गराई पर्यटन क्षेत्रलाई स्वच्छ बनाउन टे ्किङ्ग एजेन्सीहरु प्रयत्नशिल रहनुपर्दछ । | |
| ह्यापि फिट ट्रेकिङ्ग एजेन्सी | • कम्पनी दर्ता गर्ने बित्तिकै ६ देखि ७ हजार मिटर र त्यसको छैठौं वर्षदेखि मात्रै ८ हजार मिटर माथिका हिमाल आरोहणको व्यवस्थापन गर्न सक्ने व्यवस्था गर्ने ।<br>• आरोहण व्यवस्थापन गर्ने एजेन्सीको वार्षिक Fatality Rateमापनको व्यवस्था गर्ने । यस्तो रेट मापन गर्दा हिमपहिरो, सडक दूर्घटना वाहेक आरोहणको अवधिको मात्र मापन गर्ने र आर्थिक दण्ड भन्दा एक निश्चित अवधिसम्म आरोहणका कार्य गर्न नपाउने प्रबन्ध गर्ने । | |
| सभेन समिट ट्रेक्स प्रा.लि. | • आरोहण व्यवस्थापन गर्ने एजेन्सीको न्यूनतम् बैंक ग्यारेन्टी ५० लाख गर्ने ।<br>• आरोहण व्यवस्थापन गर्ने एजेन्सीमा उद्दार टोली र डक्टरको प्रबन्ध हुनुपर्ने ।<br>• ८ हजार मिटर माथिका हिमाल आरोहण व्यवस्थापनको जिम्मा निश्चित संख्यामा आरोहण अभियान सञ्चालन गरेपछि मात्र दिने प्रबन्ध गर्ने । | |

### घ. आरोही सम्बन्धमा

**हालको अवस्था**

१६ बर्ष उमेर पुगेको र कुनै गम्भीर रोगका कारण पर्वतारोहणका लागि अयोग्य भएको भनी चिकित्सकबाट प्रमाणित नभएको व्यक्ति जुनसुकै हिमाल आरोहण गर्नका लागि योग्य मानिने कानूनी प्रबन्ध रहेको छ ।

यसकै आधारमा आरोहण अनुमति पत्र जारी गर्ने क्रममा सन् २०१९ को वसन्त ऋतुमा सगरमाथा हिमालका लागि ३८१ जना आरोहीलाई र यस अवधिमा विभिन्न ३२ हिमालमा जम्मा ८८७ जना आरोहीलाई अनुमति दिइएको देखिन्छ । आरोहीका सम्बन्धमा थप कुनै मापदण्ड नरहेको र उच्च उचाईमा जान थप क्षमता तथा सीप आवश्यक पर्ने अध्ययनको क्रममा देखियो । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

**प्राप्त धारणा तथा सुझाब**

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • आरोहीहरुमा हिमाल आरोहणको लागि आवश्यक पर्ने आधारभूत तालिम र Equipmentर त्यसको प्रयोग सम्बन्धी पर्याप्त ज्ञान हुनुपर्ने ।<br>• आरोहीले आफ्नो स्वास्थ अवस्था तथा हिमाल आरोहणका लागि आफ्नो क्षमता भए नभएको बारे आत्माघोषणा गर्नुपर्ने ।<br>• आरोहीले आरोहणको क्रममा प्रदर्शन गर्ने व्यवहार उचित हुनुपर्ने ।<br>• आरोहणको क्रममा झै-झगडा गर्ने , अनैतिक क्रियाकलाप गर्ने र आफ्नो रेकर्डकोलागि असान्दर्भिक गतिविधि देखाउने व्यक्तिहरुलाई भविष्यको आरोहणहरुमा बन्देज गर्ने व्यवस्था गर्ने । | |
| नेपाल पर्वतारोहण संघ | • हरेक आरोहीले तालिम प्राप्त गाइड लिएर मात्र सगरमाथा तथा अन्य हिमाल आरोहणका लागि जाने प्रबन्ध गर्ने,<br>• तालिम प्राप्त अनुभवी र शारीरिक सक्षमता भएका आरोही मात्र आरोहणका लागि पठाउने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • प्रत्येक आरोहीले उच्च पर्वतारोहण तालिम लिएको हुनुपर्ने ।<br>• ८००० मी. भन्दा माथि आरोहण गर्ने आरोहीले ७००० मी. भन्दा माथिको हिमाल आरोहण गरेको हुनुपर्ने । सो भन्दा कम हिमाल आरोहण गर्दा हिमालको उचाई अनुसार आरोहणको अनुभव भएको हुनुपर्ने ।<br>• आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने । दीर्घ रोग लागेकालाई आरोहण अनुमति नदिने ।<br>• शारिरिक रुपमा अशक्तहरुका लागि विशेष मापदण्ड बनाउने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • पर्वतारोहण सम्बन्धी अनिवार्य रुपमा आधारभूत तालिम प्राप्त गरेको हुनुपर्ने ।<br>• सगरमाथा हिमालको लागि ७००० मिटर भन्दा माथिको हिमालको सफल आरोहण गरेको प्रमाणपत्र पेश गर्नुपर्ने ।<br>• हिमाल आरोहणको लागि निरोगिताको प्रमाणपत्रका साथै खोज ,उद्धार तथा उपचारको लागि आवश्यक रकम सहितको विमा अनिवार्य ।<br>• सगरमाथा आरोहणमा जाने विदेशीले एक जना आरोही बराबर एक जना नेपाली आरोही सहयोगीको रुपमा अनिवार्य रुपमा लैजानुपर्ने । | |
| सभेन समिट ट्रेक्स प्रा.लि. | • सगरमाथा आरोहणका लागि अनिवार्य रुपमा नेपालभित्रको ७ हजार मिटर माथिको एउटा र ६ हजार मिटर माथिको एउटा हिमाल आरोहण गरेको हुनुपर्ने । | |

| | | |
|---|---|---|
| कामी रिन्जी शेर्पा | • ट्रेकिङ्ग पिकको लागि समेत पर्वतारोहण सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्ने प्रबन्ध गर्ने ।<br>• ७ हजार मिटर माथिको हिमाल आरोहण नगरी सगरमाथा आरोहण गर्न नदिने<br>• एउटा हिमाल एक सिजनमा एक व्यक्तिले एक पटक मात्र आरोहण गर्न पाउने प्रबन्ध गर्ने । | |

### ङ. सरदार, पथ प्रदर्शक र उचाइका कामदार

**हालको अवस्था**

पर्वतारोहीले पर्वतारोहणका कार्यका लागि आवश्यक पर्ने सरदार, पर्वतीय पथ प्रदर्शक, उचाइका कामदार, आधार शिविरका कामदार लैजानु पर्ने र त्यस्ता व्यक्ति नेपाली हुनु पर्ने साथै निजहरुको जीवन विमा, औषधिउपचार विमा तथा आपतकालिन उद्दार विमा गराउनु पर्ने व्यवस्था रहेको देखिन्छ । तर यस्ता उच्च हिमालमा काम गर्ने जनशक्तिको क्षमता/सीप/तालिम र पारिश्रमिक साथै सामाजिक सुरक्षाको विषयमा कानूनमा व्यवस्था नभएको अध्ययनका क्रममा देखियो । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

**प्राप्त धारणा तथा सुझाब**

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • आरोहणमा भाग लिने सम्पुर्ण सरदार/गाईडहरुमा हिमाल आरोहण सम्बन्धि एथेष्ट अनुभव, उद्धार सम्बन्धि पूर्ण ज्ञान , उच्च स्तरको निर्णायक क्षमता तथा पुर्ण स्वास्थ्य व्यक्ति हुनुपर्ने ।<br>• आरोहणमा भाग लिने सरदार/गाईडको समेत अनुभव र क्षमताको आधारमा आठ हजार मिटर भन्दा माथि र तलका हिमालको लागि छुट्टा-छुट्टै सरदार/गाईडको व्यावस्था गर्नुपर्ने ।<br>• High Altitude Potterशारीरिक रुपमा बलियो, आरोहण अनुभवी, सहयोगी भावना भएको, शिपयुक्त र स्वास्थ्य हुनुपर्ने ।<br>• सरकारी निकायद्धारा सम्पूर्ण सरदार/गाईडहरुको क्षमता, अनुभव तथा स्वास्थ्य अवस्थाको बारेमा आरोहण पूर्व प्रभावकारी तवरबाट चेकजाँच गर्नुपर्ने ।<br>• आरोहणको अवधिमा नीति नियम विपरित कार्य गर्ने सरदार/गाईडहरु/ High Altitude Potterहरुलाई आरोहणमा सहभागी नगराउने । | निजहरुमा हुनुपर्ने न्युनतम अनुभव/ सीप/क्षमता/ स्वास्थ्य |
| | • आरोहणमा भाग लिने सरदार/गाईड/ High Altitude Potterहरुको जिम्मेवारी, जोखिमपना, ज्ञान तथा अनुभव , समय (Season)साथै हिमालहरुको उचाईको आधारलाई मध्यनजर गरी पारिश्रमिक तोकिनु पर्ने।<br>• आरोहणमा भाग लिने सरदार/गाईड/ High Altitude Potterहरुको अनिवार्य रुपमा जिवन विमा गर्नुपर्ने । | न्युनतम पारिश्रमिक /सामाजिक सुरक्षाका |
| नेपाल पर्वतारोहण संघ | • पर्वतारोहण सम्बन्धी ज्ञान भएको हुनुपर्ने ।<br>• नेपाल पर्वतारोहण संघले वार्षिक रुपमा सञ्चालन गर्ने आधारभूत र उच्च पर्वतारोहण तालिम लिएका आरोहीहरु मात्र पर्वतारोहण क्षेत्रमा काम गर्न दिने | |

| | | |
|---|---|---|
| | विशेष व्यवस्था हुनुपर्ने ।<br>• पर्वतारोहण क्षेत्रमा जाने कामदारको पारिश्रमिक र सामाजिक सुरक्षाका विषयहरुमा नेपाल सरकारले सरोकारवाला सबैलाई समेटेर एउटा समिति बनाई सो मार्फत अध्ययन गराउँदा राम्रो हुने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • सरदार/गाइड/उचाइका कामदारको न्युनतम पारिश्रमिक सरकारले तोकिदिने<br>• सामाजिक सुरक्षा कोषमा अनिवार्य सामेल गरिएको प्रमाण एजेन्सीलाई बुझाउन लगाउने<br>• सरदार/गाइड/उचाइका कामदारको निश्चित मापदण्ड बनाई प्रमाणित गरिदिने<br>• आधारभूत मापदण्ड पुरा गर्ने गाइडलाई मात्र उच्च पर्वतारोहणको अनुमति दिने<br>• ८००० मी. भन्दा माथि आरोहण गर्ने गाइडले ७००० मी. भन्दा माथिको हिमाल आरोहण गरेको हुनुपर्ने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • पर्वतारोहण सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्ने ।<br>• सगरमाथा हिमालका लागि पर्यटन विभागबाट इजाजत जारी हुने ७००० मिटर भन्दा माथिको कुनै एक हिमालको आरोहण गरेको हुनुपर्ने ।<br>• नेपाली आरोहीहरुको हकमा मेडिकल अधिकृतबाट एक्स -रे, इसिजितथा न्युनतम् रगत परिक्षण गरी स्वस्थ भएको प्रमाणपत्र पेश गर्नुपर्ने ।<br>• विदेशी आरोहीहरुको साथ जाने नेपाली सहयोगी आरोहीहरुको लागि आचारसंहिताको व्यवस्था गर्ने ।<br>• पर्वतारोहण सम्बन्धी कार्यमा सहभागी हुने भरीया ,सरदार,गाइडतथा शेर्पाहरुको पारिश्रमिक नेपाल सरकारको नियमानुसार सेवा सुबिधा उपलब्ध गराउने । | |
| TAAN | • आरोही र आरोहीका सहयोगी शेर्पा तथा उचाईमा काम गर्ने कामदारहरुको योज्ञता,दक्षता,क्षमता,अनुभव र उचाई सम्बन्धी ज्ञान हुन जरुरी छ ।<br>• आरोहणको लागि जाने सहयोगीले कम्तीमा पनि ३ वटा हिमाल आरोहण गरेको प्रमाण पेश गर्नु पर्ने। | |
| ह्यापि फिट ट्रेकिङ्ग एजेन्सी | • आरोहीसँग जाने सरदार/पथ प्रदर्शक/उचाईका कामदारको व्यक्तिगत विवरण सङ्कलन गरी अभिलेख राख्नु पर्ने । त्यस्तो अभिलेखमा निजहरुसँग गएको आरोहीको गुनासो, सफलता तथा मृत्युको अवस्था लगायतका विवरण अभिलेखिकरण गर्नु पर्छ । | |

**च. सम्पर्क अधिकृत सम्बन्धी**

**हालको अवस्था**

६५०० मिटर माथिका हिमालमा प्रत्येक दलमा एक जना सम्पर्क अधिकृत रहने । दलसँग रही हिमाल आरोहणसम्बन्धी दलका गतिविधि नेपाल सरकारलाई जानकारी गराउने साथै दललाई परेका समस्या समाधान गर्ने जिम्मेवारी रहने सम्पर्क अधिकृतको सेवा/सुविधा, विमा/उपचार/उद्दार निज खटिई जाने दलले गर्नुपर्ने व्यवस्था रहेको छ । सन् २०१९ को वसन्त ऋतुमा जम्मा ९१ जना सम्पर्क अधिकृत खटिई गएको जसमा सगरमाथा हिमालका लागि ३७ जना खटिएको अभिलेखबाट देखिएकोर यसरी खटिई जाने सम्पर्क अधिकृत

सेवा सुविधाप्रति सचेत हुने र काम नगरी सरकारी तलब पनि पाउने र दलका तर्फबाट एजेन्सीबाट भत्ता पनि बुझ्न पाउने हुँदा एकै व्यक्ति पटक पटक सम्पर्क अधिकृत बन्ने ध्याउन्नमा लाग्ने गरेको तर आफ्नो कामप्रति सम्वेदनशील र जिम्मेवार नहुँदा सगरमाथा लगायत अन्य हिमालहरुमा हुने आरोहणका कार्यहरु अव्यवस्थित भएको आरोप समेत लाग्ने गरेको देखियो । यस सम्बन्धमा पर्यटन विभागमा रहेको पछिल्लो पाँच वर्षको सम्पर्क अधिकृतको सूचि अनुसूचि २"क"मा राखिएको छ । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

**प्राप्त धारण तथा सुझाब**

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • सम्पर्क अधिकृत हिमाल आरोहण सम्बन्धी ज्ञान तथा पर्वतारोहण सम्बन्धी कानुनमा जानकार भएको र तालिम प्राप्त व्यक्ति हुनु पर्ने ।<br>• आरोहणको क्रममा आइपर्ने समस्याहरुको बारेमा पूर्व जानकारी हुनु पर्ने र त्यस्ता समस्याहरु सरल र छिटो तरिकाबाट समाधान गर्न सक्ने हुनु पर्ने ।<br>• शरीरिक रुपमा तन्दुरुस्त साथै जुनसुकै प्रतिकुल अवस्थासँग जुध्न सक्ने योग्य अधिकृत हुनुपर्ने । यसको लागि विशेषत निजामति कर्मचारी भन्दा पनि आरोहण सम्बन्धि ज्ञान भएका सुरक्षा फौजका योग्य अधिकृत उपयुक्त हुने ।<br>• सम्पर्क अधिकृत Expeditionअवधिभर अनिवार्य रुपमा आ-आफ्नो टोलीसंग आधार शिविरमा रहनु पर्ने ।<br>• अंग्रेजी भाषामा दक्ष हुनु पर्दछ ।<br>• सम्पर्क अधिकृतहरुले गरेको काम कारवाहीको दुरुस्त रेकर्ड सरकारी निकायले राख्नु पर्ने । यआफ्नो टिमसँग नबस्ने र आफ्नो जिम्मेवारी पूरा नगरेका सम्पर्क अधिकृत सम्पर्क अधिकृतहरुलाई भविष्यमा हुने आरोहणमा सहभागी नगराउने ।<br>• सम्पर्क अधिकृतहरुको लागि वेश क्याम्प ईलाकामा आवश्यक बन्दोबस्तीका सामाग्रीहरु सहित बासस्थानको व्यवस्था हुनुपर्ने र लगातार मोनिटरिङ्ग र सम्पर्कको लागि Sophisticated Communication Systemको व्यवस्था गरिदिनु पर्ने । | |
| नेपाल पर्वतारोहण संघ | • एकिकृत रुपमा सक्षम सम्पर्क अधिकृतको टोली बनाई खटाउने । उक्त टोलीका लागि छुट्टै क्याप बनाई आवश्यक सम्पूर्ण सञ्चार उपकरण र सुविधाले सुसज्जित बनाई खटाउने ।<br>• सम्पर्क अधिकृतका लागि आवश्यक योग्यता<br>➢ माउन्टेन गाइड हुनुपर्ने<br>➢ नेपाल पर्वतारोहण संघले संचालन गरेको उच्च पर्वतारोहण तालिम पूरा गरेको वा ६ हजार मिटर माथिका ५ वटा हिमाल आरोहण गरेको हुनुपर्ने ।<br>➢ एसईई उत्तीर्ण हुनुपर्ने | |

| | | |
|---|---|---|
| | • निजामती कर्मचारी नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनाका हकमा<br>➢ सम्पर्क अधिकृत सम्बन्धी तालिम प्राप्त गरी ६ हजार मि. भन्दा माथिका कम्तिमा २ वटा हिमाल आरोहण गरेको हुनुपर्ने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | नेपाल सरकारबाट खटाइएका सम्पर्क अधिकृतहरु सम्बन्धित एजेन्सीबाटै खाना , बास र पारिश्रमिकलिने हुँदा सही सूचनाका लागि जोखिम भएको हुँदा सो सम्बन्धी देहाय बमोजिम गर्ने :-<br>• प्रत्येक हिमालको वेसक्याम्पमा Help/Information/Support Deskस्थापना गर्ने । साथै सोही डेक्स मार्फत सम्पर्क अधिकृतहरुको कामलाई प्रभावकारी र विश्वसनिय बनाउने ।<br>• आधार शिविरमा अनिवार्य बस्नुपर्ने व्यवस्था कायम गर्ने ।<br>• सम्पर्क अधिकृतलाई उच्च पर्वतारोहण सम्बन्धी तालिमको व्यवस्था गर्ने । उक्त तालिम लिएकालाई मात्र सम्पर्क अधिकृतमा पठाउने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • सम्पर्क अधिकृतको सम्बन्धमा यस संस्थाले सम्पर्क अधिकृत र समाधानका उपायहरुबारे तत्कालीन पर्यटन सचिवको उपस्थितिमा अन्तत्रीया गरी कार्यपत्र तयार गरी प्रतिवेदन पेश गरीएको थियो । सोको एकप्रति यसैपत्रसाथ संलग्न गरी पेश गरीएको छ ।<br>• नेपाल सरकार पर्यटन विभागको नियमानुसार सगरमाथा,लोत्से,नुप्से,आमादब्लम,मनास्लु जस्ता बढी आरोहण हुने हिमालहरुको आरोहणमा एकिकृतसम्पर्क कार्यालय स्थापना गरी सोही कार्यालयबाट नै आवश्यक सेवा सुबिधाहरु प्रवाहित गर्नु पर्ने । | |
| प्रल्हाद चापागाईं | • पर्वतारोहणमा जाने सबै टिमको लागि २/ ४ को समूह बनाई सम्पर्क अधिकृतखटाउने ।<br>• सम्पर्क अधिकृतको भत्ता बिभाग वा मन्त्रालयले नै कुनै निश्चित मापदण्डबनाई सबै आरोहण अनुमती लिने कम्पनीहरु बाट प्राप्त रकम बिभाग वा मन्त्रालयको खातामा जम्मा गरिने ब्यबस्था मिलाउने । | |

**छ. फोहोर व्यवस्थापन सम्बन्धी**

**हालको अवस्था**

फोहोर व्यवस्थापनका भिन्न भिन्न हिमालका लागि फरक फरक रकम यु.यस.डलरमा नेपाल राष्ट्र बैंकमा धरौटी राख्नु पर्ने र सम्बन्धित स्थानिय तह वा आरक्षण क्षेत्र वा त्यो पनि नभए सम्पर्क अधिकृतको रोहबरमा फोहोर व्यवस्थापन भएको मुचुल्का गरेको प्रमाणका आधारमा धरौटी रकम फिर्ता हुने कानूनी व्यवस्था रहेको छ । खुम्बु क्षेत्रको फोहोर व्यवस्थापनमा सगरमाथा प्रदूषण नियन्त्रण समिति नामको संस्था कार्यरत रहेको पाइयो । उक्त संस्थालाई फोहोर व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहले जिम्मेवारी दिएको समेत देखियो । उक्त संस्थाले उक्त क्षेत्रको फोहोर व्यवस्थापन साथै आइस फलको बाटो बनाउने गरेको र यस कार्यका लागि प्रति आरोही ६०० डलर लिने गरेको अध्ययनका क्रममा देखिए पनि सगरमाथा तथा उक्त क्षेत्रमा पर्ने हिमालहरुको फोहोर व्यवस्थापन हुन नसकेको विषयले राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्चार माध्यममा आउने गरेको

हुँदा हिमालहरुको फोहोर व्यस्थापनको कार्यमा थप सम्वेदनशील हुनुपर्ने देखियो । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

**प्राप्त धारणा तथा सुझाब**

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • आरोहीले आरोहणका क्रममा प्रयोग गर्ने समानहरु सम्पर्क व्यक्ति , गाईड र आरोहीको रोहवरमा लैजानु पर्ने । आरोहणमा लगेको वजन र सामानको चेक लिष्ट तयार गर्ने र आरोहण पश्चात ् पनि उक्त सामान फिर्ता ल्याएको तथा व्यवस्थित तरिकाले राखे/नराखेको एकिन गर्ने ।<br>• हिमाल सरसफाईको बारेमा आरोही टोलिलाई चेतना मुलक कक्षाहरु संचालन गर्ने । फोहोर व्यवस्थापन विधि तथा फोहोरको कारण हिमाल तथा बातावरणमा पर्ने असरको सम्बन्धमा आरोहणमा जाने सबै सदस्यलाई सचेतना गराउने ।<br>• सम्बन्धित ट्रेकिङ्गएजेन्सीले आरोहणको क्रममा आफ्नो आरोहण सदस्यले गरेको फोहोर वेशक्याम्प फिर्ता ल्याउनु पर्ने । सरकारी निकायबाट फोहोरहरु फिर्ता ल्याए/नल्याएको एकिन गर्नु पर्ने । फिर्ता नल्याएको अवस्थामा त्यस एजेन्सीहरुलाई सख्त कारवाहीको व्यवस्था मिलाउने ।<br>• आरोहणमा जादा वेशक्याम्प भन्दा माथि प्लाष्टिकयुक्त सामानहरु लैजान निषेधित गर्नुपर्ने ।<br>• Expedition अवधिभर फोहोर मैला निरिक्षणको लागि सरकारी निकायहरुबाट वेश क्याम्पमा निरक्षण टोली राखी निगरानी गर्दा उपयुक्त हुने ।<br>• आरोहणको क्रममा मृत आरोहीको शव तोकिए बमोजिम व्यवस्थापन गर्ने साथै उद्धार सम्बन्धी कार्य आरोही टोली तथा ट्रेकिङ्ग एजेन्सी स्वयम्लेफनै गर्नुपर्ने ।<br>• पर्यावरण संरक्षणमा आवद्ध सरकारी तथा गैर निकायहरुको समन्वय र सहकार्यमा समय समयमा सफा हिमाल कार्यक्रमहरु आयोजना गर्नुपर्ने ।<br>• हिमालमा रहेका आरोहीहरुको मलमुत्र यथासिघ्र व्यवस्थापन गर्ने र भविष्यमा पर्वतारोहीले आफ्नो मलमुत्र वेश क्याम्पसम्म फिर्ता ल्याउने व्यवस्था गर्नुपर्ने ।<br>• हिमाल आरोहणको क्रममा लगिने Food Itemहरुको प्याकेट तथा अन्य सामाग्रीहरुमा वारकोड लगाई पठाउने । आरोहणको क्रममा खपत भई बांकी रहेको Waste Packetहरु वारकोड अनुसार नै फिर्ता गर्नुपर्ने । | |
| नेपाल पर्वतारोहण संघ | • वातावरण संरक्षण तथा व्यवस्थापन शुल्क लागु गरी उक्त संकलित रकमलाई हिमाल सफाई, वातावरण संरक्षण तथा पोर्टर सेल्टर निर्माण, उच्च पहाडि हिमाली भेगमा स्वास्थ्य सेवाको अवस्था सुधार गर्नुपर्ने ।<br>• हालको गारवेज धरौटी वापतको राखिने धरौटी रकमको ५ प्रतिशत शुल्क फिर्ता नहुने गरी लिने व्यवस्था गर्नु पर्ने ।<br>• आधार शिविर र सो भन्दा माथि दिसा पिसाब व्यवस्थापनका लागि Toilet Bagअनिवार्य प्रयोग गर्ने र उक्त प्रयोग गरिएको Toilet Bagस्थानीय तहले | |

| | | |
|---|---|---|
| | विसर्जनका लागि तोकिएको निश्चित स्थानमा मात्र विसर्जन गर्ने प्रबन्ध गर्ने ।<br>• सगरमाथाको फोहोर संकलनलाई थप प्रभावकारी बनाउन उत्साहित ढंगले फोहोर संकलन गरेर ल्याउनेलाई प्रोत्साहित गर्न नेपाल सरकारले पुरस्कार दिनुपर्ने अवस्था छ । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • सगरमाथा लगायत ८००० मिटर माथिका हिमालहरुमा फिक्स गरिएको डोरीहरु, आरोहणका क्रममा मृत्यू भएर हिमालमै रहेका शव र हिमालको चुचुरासम्मकै फोहोरलाई विशेष अभियान संचालन गरी सरसफाई गर्ने ।<br>• फोहोर व्यवस्थापनमा कडा गर्ने ।<br>• फोहोर व्यवस्थापनका लागि कोष बनाई निश्चित रकम उठाउने ।<br>• गारवेजका लागि लिइने धरौटीको व्यवस्था हटाई गार्वेज व्यवस्थापन शुल्क लिने र सरकारले आवश्यक संयन्त्र बनाई हिमालहरु सरसफाई गर्ने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • फोहोर व्यवस्थापनका लागि हाल कायम गार्वेज धरौटी राख्ने र फिर्ता गर्ने व्यवस्था झण्झटिलो र अव्यवहारिक छ । त्यसैले फोहोर व्यवस्थापन वापतको रकम पर्यटन विभाग अ न्तरगत वातारण कोष स्थापना गरी प्रति आरोहीबाट उठ्ने रकम सो कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्दछ । पर्यटन विभागले आरोहण कम हुने समयमा सम्बन्धित संस्थाहरुसंग समन्वय र सहकार्य गरी नियमित रुपमा हिमाल सफाई अभियान संचालन गर्नुपर्दछ । | |
| TAAN | • विद्यमान गार्वेज डिपोजिटको धरौटी रकम फिर्ता गर्ने व्यवस्था झन्झटिलो र अव्यवहारीक छ यो व्यवस्थालाई खारेज गरि गार्वेज Disposal Deposit पद्धतिलाई सोको सट्टा सरसफाई र Conservation Protectionलाई सहयोग पुग्ने गरी शुल्क लिने व्यवस्था लागू गरियोस् । | |
| प्रल्हाद चापागाई | • गारवेज व्यवस्थापनका लागिधरौटी रकम राखिने पद्धति खारेज गरी प्रति ब्यक्ती निश्चित रकम जम्मा गरी पर्यटन मन्त्रालय वा विभाग आफैले फोहोर ब्यवस्थापन गर्ने ब्यबस्था गर्दा राम्रो हुने । | |
| कामी रिन्जी शेर्पा | • हरेक आरोही टिमले आफ्नो फोहोर आफैले संग्कलन गरि ल्याउनु पर्ने नीति बनाउने तथा फोहोर व्यवस्थापन शुल्क लिएर सरकारले यस सम्बन्धी कार्य गर्ने । | |

## ज. खोजी, उद्दार तथा उपचार सम्बन्धी

### हालको अवस्था

पदयात्रा साथै पर्वतारोहणका क्रममा रहेका पर्यटकको खोजी, उद्दार र उपचार आरोहणका कार्य व्यवस्थापन गर्ने एजेन्सीले गर्नुपर्ने प्रबन्ध रहेको छ । सन् २०१८ को सेप्टेम्बरबाट पर्यटन विभागले यस सम्बन्धी विवरण राख्न थालेको छ । उक्त विवरण अनुसूच ३ मा रहेको छ । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

### प्राप्त धारणा तथा सुझाबहरु

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • आरोहणका क्रममा जोखिममा परेका पर्यटक तथा अन्य आरोहीहरुको खोजी/उद्धार/उपचार गराउनु परेको अवस्थामा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने ।<br>• आरोहणमा संलग्न एजेन्सीसँग खोजी उद्धारको लागि पुर्ण योजना,दक्ष टिम एवं श्रोत साधन हुनुपर्ने र आरोहणको स्वीकृती दिंदा नै यो विषय स्पष्ट हुनुपर्ने ।<br>• नेपाल सरकारबाट समेत दक्ष खोजि उद्धार टिम वेश क्याम्प तथा अन्य क्याम्पहरुमा राख्नुपर्ने । | |
| नेपाल पर्वतारोहण संघ | • खोजी/उद्दार/ उपचारका लागि नेपाल सरकारले शसक्त खोज तथा उद्दार टोली बनाउनु पर्ने ।<br>• यस्तो टोलिमा तालिम प्राप्त, उद्दार उपकरणले सुसज्जित भएका अनुभवी र योग्य व्यक्ति परिचालन गर्ने ।<br>• यस्तो टोलि सदावहार Acclimatized हुनपर्छ । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • खोजी/उद्दार/ उपचारका लागि राज्यबाट छुट्टै कोषको स्थापना गर्ने ।<br>• खोजी/उद्दारका लागि विशेष संयन्त्र तयार पार्ने ।<br>• खोजी/उद्दार/ उपचारका लागि रोयल्टी लिने व्यवस्था गर्ने | |
| पर्वतारोहण संचालक संघ नेपाल | • खोजी उद्धार तथा उपचार सम्बन्धमा छुट्टै कार्यविधि तयार भैसकेको हुँदा सोही अनुसार गर्न गराउन उपयुक्त हुने । | |
| प्रल्हाद चापागाईं | • पद यात्रा अथवा हिमाल आरोहण गर्दा समस्यामा परेका पर्यटक तथा नेपाली गाइड तथा भरियाहरुको उद्दार तथा खोजी कार्य नेपाली सरकार तथा नेपाली सेनालाई जिम्मा दिइनु पर्ने र हवाइ कम्पनी लाई तुरुन्तै परिचालित गर्न सक्ने ब्यबस्था मिलाउने । | |

## झ. सलामी दस्तुर

नेपाल सरकारले खुला गरेका विभिन्न हिमचुलीका लागि सलामी रकम तिर्नु पर्ने प्रबन्ध रहेको छ । यस्तो सलामी दस्तुर हिमाल र मौसम अनुसार फरक फरक रहेको छ । कतिपय ६५०० मिटर भन्दा कम उचाईका हिमालको लागि लाग्ने सलामी दस्तुर त्यस्ता हिमाल रहेको क्षेत्रका निषेधित क्षेत्रको पदयात्राको भन्दा निकै कम रहेको पाइयो । यसले गर्दा ट्रेकिङ्गका लागि आएको पर्यटक आरोहणको अनुमति लिन आउने र हिमाल आरोहण नगरी आरोहणका लागि लाग्ने लामो अवधि उक्त क्षेत्रमा घुम्ने गरेको समेत अध्ययनबाट देखिएको छ । यसका लागि सलामी दस्तुर ट्रेकिङ्गको लागि लाग्ने बराबर वा सो भन्दा बढी बनाउनु पर्ने देखिएको । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

### प्राप्त धारणा तथा सुझाब

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी | • देशको आय वृद्धिको प्रमुख श्रोतको रुपमा पर्यटन व्यावसाय समेत भएकोले | |

| | | |
|---|---|---|
| (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | हाल भईरहेको आरोहण रोयल्टीलाई समय सान्दर्भिक रुपमा बढाउदां उपयुक्त हुने ।<br>• हाल निर्धारण गरिरहेको रोयल्टीलाई घटाएर विशेष गरि Domestic Touristपर्वतारोहीहरुलाई सहुलियत दिनु पर्ने जसले गर्दा पर्वतारोहीको संख्यामा समेत वृद्धि हुने । | |
| नेपाल पर्वतारोहण संघ | • सम्पर्क अधिकृत, फोहोर मैला व्यवस्थापन धरौटी, वृत्तचित्रअनुमति, सञ्चार उपकरण,Icefall charge, Rope fixing chargeसबैलाई समावेश गरेर मात्र सलामी दस्तुर बढाउने प्रबन्ध गर्ने ।<br>• प्रतिव्यक्ति यू.स.डलर १५ हजार बनाउने । | |
| नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | • खोजी/उद्दार/ उपचारका लागि राज्यबाट छुट्टै कोषको स्थापना गर्ने ।<br>• खोजी/उद्दारका लागि विशेष संयन्त्र तयार पार्ने ।<br>• खोजी/उद्दार/ उपचारका लागि रोयल्टी लिने व्यवस्था गर्ने | |
| पर्वतारोहण संचालक संघ नेपाल | • खोजी उद्धार तथा उपचार सम्बन्धमा छुट्टै कार्यविधि तयार भैसकेको हुँदा सोही अनुसार गर्न गराउन उपयुक्त हुने । | |

**नोटः तिब्बत तथा पाकिस्तानमा सम्पर्क अधिकृत र यातायात खर्च सलामी दस्तुरमा समावेश गरिएको अध्ययनको क्रममा पाइएको ।**

**ञ. पदयात्रा सम्बन्धमा**

**हालको अवस्था**

पदयात्रा अनुमति पत्र दिने र राजश्व व्यवस्थापनका कार्य नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्सीज एसोसिएसन अफ नेपाल गर्दै आइरहेका छन् ।नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्सीज् एसोसिएसन अफ नेपालाबाट प्राप्त पछिल्लो पाँच वर्षको यस सम्बन्धी विवरण अनुसूचि ४ मा राखिएको छ । यसका सम्बन्धमा विभिन्न निकाय तथा व्यक्तिले यस समिति समक्ष राखेका सुझाबहरु निम्नबमोजिम रहेका छन् ।

**प्राप्त धारणा तथा सुझाब**

| संस्थाको नाम | धारणा तथा सुझाबहरु | कैफियत |
|---|---|---|
| नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) | • पदयात्रामा सुरक्षामा ध्यान दिइनुपर्ने । हरेक प्राकृतिक तथा मानव निर्मित समस्याहरुलाई कम गर्न आवश्यक पहल कदमी लिनुपर्ने ।<br>• हरेक पदमार्गहरुमा पर्यटकहरुको चेक जाँच तथा सुरक्षाको लागि विभिन्न चेक पोष्टहरु खडा गरि व्यवस्थित तुल्याउनु पर्ने ।<br>• प्रत्येक चेक पोष्टले अर्को चेक पोष्टसम्ममा हुन सक्ने जोखिमको बारेमा पर्यटकहरुलाई जानकारी गराउनु पर्ने । सुरक्षालाई मध्यनजर गरी हिमाली क्षेत्रको पदमार्गहरुमा निश्चित दुरीमा Shed Houseस्थापना गर्नुपर्ने ।<br>• पर्यटकहरुलाई पदयात्रामा पशुपंक्षी तथा वन्यजन्तुको शिकार गर्न नहुने सम्बन्धि यथेष्ट रुपमा जानकारी गराउनु पर्ने । | |

| | | |
|---|---|---|
| | • पदयात्राको दौरान कुनै पनि गैर कानुनी कार्यहरु भएमा एजेन्सी , गाईड तथा स्वयम पर्यटकलाई कानुन अनुसार कारवाहीको भागिदार तुल्याउने ।<br>• पदयात्राको दौरान पर्यटकले गर्ने फोहोरलाई उचित व्यवस्थापन गर्न विभिन्न स्थानहरुमा Garbage Collection Pointखडा गर्नुपर्ने ।<br>• पदयात्राको दौरान विभिन्न स्थानमा Information Boardको व्यवस्था गर्नुपर्ने । | |
| नेपाल पर्वतीय प्रशिक्षणप्रतिष्ठान | पदयात्रामा जाने हरेक पदयात्री (विदेशी) ले नेपाल सरकारबाट लाइसेन्स प्राप्त ट्रेकिङ्ग गाइड लैजानु पर्ने । | |
| पर्वतारोहण संचालक संघ नेपाल | • पदयात्रा संचालन गर्दा विधिवत रुपमा नेपाल सरकारबाट प्राप्त टे्किङ एजेन्सी मार्फत संचालन हुनुपर्ने (**Without Trekking Agency No Trekking)** र पदयात्रा संचालन गर्दा "पदयात्रा अनुमति"को ब्यबस्था गरी उक्त अनुमति पत्र पर्यटन बिभाग मार्फत प्रदान गर्ने गरी उक्त अनुमति पत्र ३ दिन,७ दिन,१५ दिन र सो भन्दा माथिको रकम लिई प्रदान गर्ने ब्यबस्था मिलाउने । साथै उक्त प्राप्त राजश्व रकम संघिय /प्रदेश सरकारलाई ४० प्रतिशत , स्थानिय सरकार ४० प्रतिशत र बाकिँ २० प्रतिशतबाट प्राप्त रकम (क) उ द्दार तथा मजदुर ब्यबस्थापन ( ख) पदयात्रा सुरक्षा तथा अनुमति ब्यबस्थापन (ग) पदयात्रा क्षेत्रको प्रवर्द्धन गर्ने गरी ब्यबस्थापन गर्ने गराउने । | |
| ट्रेकिङ्ग एजेन्सीज् एसोसिएसन अफ नेपाल | पदयात्रा तर्फ<br>१) इजाजत प्राप्त ट्रेकिंग कम्पनी मार्फत मात्र पदयात्रा गर्ने व्यवस्था लागू गरियोस् :<br>नेपाल भ्रमणमा आउने पर्यटकहरु स्वईच्छाले पदयात्रामा जाने हु "दा उनीहरु हराउने र लुटिने कारणले अन्तर्राष्ट्रिय बजारमा नकारात्मक सन्देश प्रवाह हुने र यसको प्रत्यक्ष असर पर्यटन क्षेत्रले भोग्नु परेको छ । यस कार्यको निराकरणको लागि संघले विगत लामो समयदेखि पदयात्रामा जाने पदयात्रीहरुकै सुरक्षाको लागि पदयात्रा गर्ने पर्यटकले अनिवार्य इजाजत प्राप्त ट्रेकिंग कम्पनी मार्फत अनुमतिपत्र प्राप्त पथप्रदर्शक वा सहयोगी साथमा लिएर जानु पर्ने व्यवस्था सिघ्र कार्यान्वयनमा ल्याइयोस् ।<br>२) **Trekkers' Information Management System (TIMS)**सम्बन्धमाः<br>• नेपाल सरकारको निर्देशन अनुसार नेपाल पर्यटन बोर्ड र ट्रेकिंग एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान) को सहकार्यमा सन् २००८ जनवरी १ देखी **Trekkers' Information Management System (TIMS)** कार्यान्वयनमा आएको हो । टिम्सको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने तर्फ नेपाल पर्यटन बोर्ड र टान बीच सम्झदारी -पत्रमा हस्ताक्षर भई विगत ११ वर्षदेखि टिम्स सम्बन्धी कार्यहुदै आएको छ । सम्झौता अनुरुप विभिन्न पदयात्रा क्षेत्रमा पदयात्रीहरुको सुरक्षाको लागि टिम्स चेक पोष्टहरु सञ्चालन गरि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । जुन उद्देश्यले टिम्स , टानको अनुरोधमा ल्याईएको थियो त्यसको मर्म अनुसार यति लामो समय वितिसक्दा पनि उद्देश्य अनुरुप कार्यान्वयन हुन सकेको छैन् । राज्य , व्यवसायी, पदयात्रा सहयोगी | |

सबैको हितमा टिम्स भएकोले सबै क्षेत्रमा टिम्स लागू गराई यसको प्रभावकारी कार्यान्वयन तर्फ जोड दिइयोस् ।

- नेपालमा रहेका विभिन्न गैह्र सरकारी संस्था (NGO/ INGO)तथा अनधिकृत आयोजकहरुले गैरकानुनी तवरले पदयात्रा तथा पर्वतारोहण व्यवसाय व्यापक रुपमा सञ्चालन गर्ने गरेको पाइएको छ । यस्ता अनधिकृत आयोजकहरुका कारणले एकातिर मुलुकलाई प्राप्त हुने राजस्व तथा विदेशी मुद्राको अपचलन हुने गरेको छ भने अर्कोतिर यस्ता अनधिकृत आयोजकहरुको माध्यमबाट भ्रमण गर्ने पर्यटकहरुले विभिन्न किसिमका कठिनाइ भोग्नु परेको हुँदा अनधिकृत आयोजकहरुलाई नियन्त्रण गर्नको लागि पनि टिम्सको प्रभावकारी कार्यान्वयन हुन जरुरी देखिएको छ ।

३) निर्देशित तथा नियन्त्रित क्षेत्रमा पदयात्रा गर्ने सम्बन्धमा

क) महङ्गो पदयात्रा शुल्क घटाउनु पर्ने

- उपल्लो मुस्ताङ र उपल्लो डोल्पा क्षेत्रका लागि नेपाल सरकार अध्यागमन विभागले प्रति पर्यटकबाट १० दिनका लागि असुल्दै आएको शुल्क पा ''चसय डलर अति नै महङ्गो भएको छ । महंगो भएकै कारणले यी क्षेत्रमा कम पर्यटकहरु मात्र जाने गरेका कारणले त्यस क्षेत्रका स्थानीय बासिन्दाले पर्यटकहरु मार्फत् प्राप्त गर्ने अपेक्षित लाभ पाएका छैनन् ।

- तसर्थ शुल्क घटाउदा पर्यटकको संख्यामा बृद्धि हुन जाने भएकोले स्थानीय बासिन्दाले पनि बढी लाभ प्राप्त गर्ने अवसर मिल्दछ । न्यून शुल्कका कारण विदेशीलाई यी क्षेत्रमा पदयात्रा गर्न प्रोत्साहन पुग्न गई राजस्वमा समेत वृद्धि हुन जाने हु''दा त्यस क्षेत्रको परिर्मट शुल्क माथि पुनरावलोकन गरियोस् ।

ख) समयावधि पुनरावलोकन गर्नु पर्ने

- निर्देशित तथा नियन्त्रित क्षेत्रहरुमा विशेष गरी माथिल्लो डोल्पा र मुस्ताङ क्षेत्रमा न्यूनतम् १० दिनको लागि पदयात्रा अनुमति लिनै पर्ने र तल्लो डोल्पा, मनाङ, मुगु, हुम्ला, क्षेत्रमा पनि कम्तीमा ७ दिनको पर्मिट लिनै पर्ने बाध्यकारी नियम छ । तर ती क्षेत्रहरुमा मोटर बाटोको विकासले छोटो समयमा नै पदयात्रा गर्न सकिने भइसकेको छ । तसर्थ तोकिएको न्यूनतम १० वा ७ दिनको लागि लिनै पर्ने पर्मिट लिनै पर्नेे बाध्यकारी व्यवस्थालाई समय सापेक्ष हुने गरी संशोधन गर्नु पर्ने ।

ग) दुई जना हुनै पर्ने बाध्यकारी नियम हटाउनु पर्ने

- निर्देशित तथा नियन्त्रित क्षेत्र भनी तोकिएका क्षेत्रमा विदेशी नागरिकहरुले पदयात्रा गर्नु पर्दा ट्रेकिङ कम्पनी मार्फत् समूहमा पदयात्रा अनुमति पत्र लिनु पर्ने र समूहमा पदयात्रा गर्नु पर्ने हुन्छ । समूहमा कम्तीमा दुई जना अनिवार्य हुनै पर्ने प्रावधान छ । १ जनाले मात्र पदयात्रा गर्न चाहेको खण्डमा सदस्य कम्पनीले दुई जना पु ऱ्याउनै पर्ने र भिसा भए मात्र पर्मिट उपलब्ध गराउने बाध्यकारी नियमलाई पुनरावलोकन गरी एक्लो पदयात्रीले ट्रेकिङ कम्पनी

| | | |
|---|---|---|
| | मार्फत पदयात्रा अनुमति लिई तालीम प्राप्त पथप्रदर्शक वा पदयात्रा सहयोगी साथमा लिएर पदयात्रा गर्न पाउने व्यवस्था लागू गरियोस् ।<br>घ) प्रक्रियाको सरलीकरण गर्नु पर्ने<br>• मुस्ताङ, डोल्पा, मनास्लु लगायतका निषेधित र निर्देशित क्षेत्रहरुमा जाने पर्यटकहरुको अनुमतिपत्र लिने प्रक्रिया अत्यन्त झन्झटिलो भएकोले यसलाई सरल गराइनु पर्ने । पर्यटकहरु आज आएर भोलि नै पदयात्रामा जानु पर्ने भएको र त्यस भन्दा पहिला नै पर्मिट बनाउनु पर्ने भएकोले विदेशीहरुको पासपोर्टको फोटोकपीको आधारमा पर्मिट जारी गर्ने व्यवस्था लागू गरिनु पर्ने ।<br>ङ) नेपालको केही पदयात्रा क्षेत्रामा मोटर बाटोको विकास भई सकेको सन्दर्भमा विशेष गरि टिवेट जाने क्षेत्रहरुमा अझै पनि नियन्त्रीत /निर्देशित क्षेत्र रहीरहेकोले यसलाई हटाउनु नै उपयुक्त हुने छ ।<br>च) संघीयता कार्यन्वयनको क्रमसंगै स्थानीय तहहरुले हरेक क्षेत्रमा पर्यटन शुल्कका साथै अन्य शुल्कहरु उठाउन थालेकाले सरकारले यसलाई अविलम्ब बन्द गराउने र पर्यटकहरुबाट उठाइने कर एकद्वार नीतिबाट लिने व्यवस्था बनाइनु पर्ने ।<br>छ) संरक्षीत क्षेत्रको लागि लिने पर्मिट, राष्ट्रिय निकुञ्जको लागि लिने पर्मिट लगायत अन्य अन्य क्षेत्रको लागि लिने पर्मिटहरु एकद्वार प्रणालीबाट सबै पर्यटन विभागबाट online systemबाट लिने व्यवस्था गर्दा धेरै उपयुक्त हुने ।<br>ज) पर्यटन खोज उद्धार तथा अनुगमन कार्यविधिको प्रभावकारी कार्यन्वयन नभएकोले यसलाई तत्काल कार्यान्वयन गरियोस् । हेलिकप्टर उद्धारको क्षेत्रमा देखिएको समस्या सम्बन्धमा राज्यले नियम बनाएर नियमन गरियोस् । | |

**ट. निषेधित क्षेत्र सम्बन्धी**

**नेपाल आर्मी (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय) प्राप्त सुझाबहरु**

- सम्पुर्ण पर्यटकहरुलाई निषेधित क्षेत्रको बारेमा यथेष्ट जानकारी दिनुपर्ने । निषेधित क्षेत्रमा गर्न हुने नहुने/ कार्यहरुको विवरणHand Bookको रुपमा हरेक पर्यटकहरुलाई दिनुपर्ने ।
- निषेधित क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुको सम्पुर्ण विवरण सरकारी निकायहरुले सुक्ष्म तरिकाले अध्ययन गरि असल नियतका पर्यटकहरुलाई मात्र निषेधित क्षेत्रमा प्रवेश गराउने ।
- हाल निषेधित क्षेत्रमा रहेको सुरक्षा पोष्ट/वार्डेन पोष्टलाई थप गरी सुरक्षा व्यवस्थालाई थप मजबुत तुल्याउनु पर्ने ।
- निषेधित क्षेत्रको जानकारीको सम्बन्धमा विभिन्न स्थानमा Information Boardको व्यवस्था गर्नुपर्ने ।
- निषेधित क्षेत्रमा गैर कानुनी कार्यहरु भएमा एजेन्सी , गाईड तथा स्वयम पर्यटकलाई कानुन अनुसार कारवाहीको भागिदार तुल्याउने ।

- निषेधित क्षेत्रमा पदयात्रा सुरु हुनु भन्दा अगाडी निषेधित क्षेत्रको जानकारी , गर्न हुने/नहुने कार्य एवं गैर कानुनी
  कार्यको सजाय सम्बन्धमा उपयुक्त स्थानमा कक्षा संचालन गर्नुपर्ने।
- वेश क्याम्पहरु स्थापना गर्ने सम्बन्धमा सिमित एरिया तोकिनु पर्ने साथै वेश क्याम्पमा झण्डा , तोरण तथा ढुंगामा लेख्ने सम्बन्धमा निश्चित मापदण्ड र स्थान तोक्नुपर्ने ।
- EOAका अनुसार निषेधित क्षेत्र खारेज गरी उक्त क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै गरी ट्रेकिङ एजेन्सीबाट मात्र पदयात्रा संचालन गर्दा "पदयात्रा अनुमति"को ब्यबस्था गरी उक्त अनुमति पत्र पर्यटन बिभाग मार्फत प्रदान गर्ने व्यवस्था हुनुपर्ने ।
- नेपाल माउन्टेन एकेडेमीका अनुसार मुस्ताङ्ग लगायतका क्षेत्रमा अतिरिक्त लाग्ने रोयल्टी समान रोयल्टी व्यवस्था गर्ने ।

## ठ. पर्वतारोहणसँग सम्बन्धित अन्य विविध सुझाबहरु

नेपालको पर्वतारोहण क्षेत्रको सुधारका लागि विभिन्न संगठन तथा व्यक्तिबाट प्राप्त अन्य विभिन्न सुझाबहरु यस प्रकार रहेका छन् ।

- अन्तर्राष्ट्रिय आरोहण सञ्चालकहरु नै सही रुपमा भन्ने हो भने हाम्रो देशको हिमाल आरोहण उद्योगका प्रचारक/प्रवर्धक हुन् । उनीहरुले आफ्नो खर्चमा प्रचार -प्रसार प्रबर्धन गरी पर्यटक तथा आरोहीहरुलाई नेपाल आउन हिमाल आरोहण गर्न प्रोत्साहन गर्ने गर्दछन् । यसर्थ यस्ता आरोहण सञ्चालकलाई सकारात्मक लिइनु पर्ने ।
- विश्वका विभिन्न देशमा अध्ययन गर्दा ती देशहरुमा सगरमाथा आरोहीहरुलाई अति नै सम्मान गर्ने र त्यहॉको सरकार र जनताले समेत ८००० मी. भन्दा माथीका हिमाल आरोहण गर्ने आरोहीहरुलाई विशेष सम्मान गर्ने दिने गरेको छ । उक्त आरोहीहरुले आयोजना गर्ने कार्यक्रममा स्थानिय जनताको व्यापक सहभागिता हुने कुरा समेतलाई ध्यानमा राखी नेपालसरकारले सगरमाथा आरोहीहरुलाई निशुल्क प्रवेशाज्ञा जारी गरी सद्भाव राजदूतको रुपमा लिएको खण्डमा ती आरोहीहरुले हाम्रो देशको पर्वतीय पर्यटनको विकाशमा ठूलो टेवा पुग्ने।
- अतः नेपालको तर्फबाट सगरमाथा आरोहीहरुलाई बिशेष सम्मानका साथ परिचय पत्र जारी गरी निशुल्क प्रवेशाज्ञाको व्यवस्था र सद्भावना राजदूत बनाउदा उपयुक्त हुनेछ ।
- कतिपय आरोही दलहरु जोसंग प्रर्याप्त स्टाफ छैनन्, त्यस्ता दलहरुले फोहोर मैला हिमालमै छाडिदिने अवस्था रहेको हुँदा आरोही तथा स्टाफको संख्याको अनुपात मिलाएर आरोहण गतिविधि संचालन गर्दा फोहोर मैला संकलनमा सघाउ पुग्ने छ ।
- नेपालकै प्रचार-प्रसार गर्ने भएकोले डकुमेन्ट्री तथा फिल्मिङ्ग टिम बारे देशी-विदेशी सबै डकुमेन्ट्री तथा फिल्म निर्माताहरुलाई निशुल्क फिल्म खिच्ने तथा निर्माण गर्ने अनुमति दिनुपर्ने ।
- एउटा टिमका लागि एक मात्र सम्पर्क अधिकृत हुनुपर्ने । कुनै एक वहुउद्देश्यीय दलका लागि पर्यटन विभाग, सञ्चार, गृह, राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तुबाट खटिने गरेको पाइन्छ ।

- हेलिकप्टर सञ्चालनको सम्बन्धमा कुनै पनि हिमालको आधारशिविरमा एउटाभन्दा बढी Helipadनिर्माण हुनुहुँदैन । आधार शिविरमा हेलिपयाड बनाउदा Take offर Land गर्दा Camp siteलाईअसर नपर्ने गरी Medical Stationजस्तै HRA EBC Clinicको नजिक हुने गरी निर्माण गरिनुपर्दछ ।
- आधारशिविर आसपासमा उड्ने हेलिकप्टरले HightClearencगर्नु जरुरी छ । अन्यथा बेसक्याम्पका पाल उडाउने र आरोही तथा सपोर्ट स्टाफहरुलाई आतंकित पार्ने अवस्था हुनेछ ।
- आरोहणका लागि प्रयोग गर्ने सामाग्रीहरु गुणस्तरिय हुनु पर्ने । जस्तैं Oxygen Cylinder, Rope आदि ।
- मौसम पूर्वानुमान गर्ने भरपर्दो सूचना प्रणाली हुनुपर्ने ।

## परिच्छेद-४

## सुझाब तथा कार्यान्वयनका तरिका

नेपाल समग्र पर्यटनको उच्च सम्भावनायुक्त र पर्वतारोहणको प्रचुर सम्भाव्य देश हो । आरोहणका लागि योग्य १३१० हिमालहरु रहनु, विश्वमा ८ हजार मिटर माथिका १४ हिमालमध्ये नेपालमा ८ वटा रहनु, विश्वका ८ हजार मिटर माथिका हिमालको प्रथम पटक आरोहणको इतिहास नेपालबाट शुरु हुनु जस्ता विषयले नेपाल विश्वकै पर्वतीय पर्यटन (पर्वतारोहण) का दृष्टिले प्रमुख गन्तव्य बन्न सक्ने देखिन्छ । यस्तो सम्भावनाको उपयोग गरी दीर्घकालीन लाभ हासिल गर्न विश्वस्तरीय मापदण्ड आवश्यक हुन्छ साथै यस्तो मापदण्ड समयानुकूल सुधार हुँदै पनि जानु पर्छ ।

संविधान सभामार्फत जारी नेपालको संविधानले प्रथम पटक पर्यटन नीतिलाई संविधानमा नै समावेश गरेको छ । परिवर्तीत संवैधानिक व्यवस्था, संघीय शासन प्रणाली र पर्यटनमा आएका नवीन आयामलाई संवोधन गरी नेपालको संघीय पर्यटन नीति र संघीय पर्यटन ऐन शीघ्र तर्जुमा हुनुपर्ने देखिन्छ । सोही बमोजिम बन्ने नियमावली, मापदण्ड समेतले नेपालको पर्वतारोहण क्षेत्रलाई थप व्यवस्थित बनाउने छ । यद्यपी नेपालको पर्वतीय पर्यटनका क्षेत्रमा विगत लामो समयदेखि बहसका रुपमा विविध विषयहरु रहेका छन् । यस्ता विषयहरु समयमा नै सम्बोधन गरी यो क्षेत्र सुरक्षित रहेको विश्वास विश्वसामु दिलाउनु पर्दछ । यसो गर्न नसकेमा नेपालको समग्र पर्यटन क्षेत्रको खम्बा मानिने पर्वतारोहण क्षेत्रको साख खस्कन गई यस क्षेत्रबाट प्राप्त भै रहेको बहुपक्षीय लाभबाट बञ्चित हुनुपर्ने अवस्था सृजना हुन सक्छ । यसर्थ यस क्षेत्रमा उठेका विविध सवालहरुलाई अध्ययन तथा बिश्लेषण गरी समयानुकूल सम्बोधन गर्न विभिन्न सुझाबहरु प्रस्तुत गरिएको छ ।

यस समितिले गरेको अध्ययन तथा विभिन्न निकायबाट प्राप्त सुझाब एवम् सरोकारवालाहरुसँग गरिएको छलफल समेतका आधारमा नेपालको पर्वतीय पर्यटनका क्षेत्रमा पछिल्लो समयमा उठेका सवालहरुका सम्बन्धमा देखिएका समस्याहरु समाधान गर्न तथा नेपालको पर्वतीय पर्यटन (पर्वतारोहण) मा देखिएका समस्याहरुको दीगो समाधान गर्न निम्नानुसारको सुझाब प्रस्तुत गरिएको छ ।

**१ सगरमाथामा भएको ट्राफिक व्यवस्थापनका लागि आगामी दिनमा अवलम्बन गर्नुपर्ने सुधार**

सगरमाथा आरोहणमा सन् २०१९ को वसन्त ऋतुमा ट्राफिक जाम सम्बन्धी समस्याको विश्लेषण यसै प्रतिवेदनको परिच्छेद ३ मा रहेको छ । यस सम्बन्धमा समितिले गरेको अध्ययनबाट आरोहीको मृत्यु ट्राफिक जामको कारणले नभई मौसमको प्रतिकूलताको कारणबाट सृजित आरोहीमा देखिएको अत्यधिक शारीरिक कमजोरी, उचाईमा लाग्ने विमार (High Altitude Sickness), आकस्मीक मूर्छा (Suddenly Faint) बाट सम्बन्धित एजेन्सीले पेश गरेको प्रतिवेदनबाट भएको पहिचान भएको छ । तथापी सन् २०१९ को मे २२ र २३ मा नै अत्यधिक आरोहण हुनुको पछाडि देहायका कारण देखिन्छन् । यसको दीर्घकालीन सुधारका लागि निम्न सुधार गर्नुपर्ने देखिन्छ ।

- आँधी फानीको कारणले डोरी टाँग्ने कार्यमा भएको न्यून ढिलाई ।
- प्रतिकूल मौसम रहनु । सगरमाथाको मौसम अनुकूल भए पछि करिब निरन्तर ८ /१० दिन जति अनुकूल रहने गरेको पाइएकोमा यस वर्ष मौसम विगत वर्षहरु जस्तो नभई केही समय अनुकूल हुने (जस्तोः मे ९ र १०, मे १५ र १६, मे २० देखि २३) र केही समय प्रतिकूल हुने (मे ११ देखि १३, मे १७ देखि २०) अवस्था

रहनु साथै मे २४ पछिको मौसम हिउ पग्लने लगायतका कारण पनि आरोहणका अनुकूल नमानिने व्यवहारिक कारण रहनु ।

- आरोहीले उच्च उचाईमा पुगेर आरोहण ( Submit) को योजनामा गरेको आकस्मीक परिवर्तन र त्यसको प्रभावकारी समन्वय हुन नसक्नु ।

**यसको सुधारका लागि निम्न सुधार गर्नुपर्ने देखिन्छ ।**

**क डोरी टाँग्ने कार्यमा गर्नुपर्ने सुधार**

- डोरी टाँग्ने कार्य समयमा हुनुपर्ने । यस सम्बन्धी निर्णय समयमा गरी काम गर्ने अनुकूल वातावरण तयार गरिनु पर्ने ।
- डोरी टाँगिने हिमाल सम्बन्धी ज्ञान समेत भएको दक्ष जनशक्ति यस काममा खटाइनु पर्ने ।
- डोरी टाँग्ने कार्यमा संलग्न जनशक्तिको जोखिम समेतका आधारमा न्यूनतम् पारिश्रमिक तोकिनु पर्ने ।
- मौसमको अनुकूलता हेरी सकेसम्म छिटो माध्यम/पद्धति/तरिका अवलम्बन गरिनु पर्ने ।

**ख मौसम प्रणालीको भरपर्दो पूर्वानुमानको र त्यसमा प्रभावकारी समन्वय**

- मौसम पूर्वानुमान गर्ने भरपर्दो प्रमाणी विकास गर्ने र त्यसका आधारमा आरोहण व्यवस्थापन गर्ने ।
- सम्पर्क अधिकृत समूह, आरोहण व्यवस्थापन गर्ने निकायका प्रतिनिधि र सबै दलका सरदार साथै दलका नेता समेतको सहकार्यमा मौसमको सूचनाका सम्बन्धमा आवश्यक समन्वय र एकरुपता कायम गर्ने ।

**ग आरोहण योजनामा गरिनु पर्ने सुधार**

- आरोहण योजनामा आधारशिविरबाट हिड्ने र शिखरसम्म पुग्ने अनुमानित समय स्पष्ट रुपमा पहिचान र उल्लेख गर्ने । मौसम खराबी वा अन्य कारणले आरोहण योजना परिवर्तन गर्नु परेमा अन्य आरोही वा गतिविधि समेतलाई ख्याल गरेर सम्बन्धित एजेन्सीको प्रतिनिधि र एकिकृत सम्पर्क अधिकृतको समूहको समन्वयमा मात्र गर्ने ।
- आरोहण गरिने हिमालचुलीको शिखरसम्म डोरी पुग्ने अनुमानित समयका आधारमा आरोहण योजना तयार गर्ने । आरोहण योजना बनाउदा एकिकृत सम्पर्क अधिकृत समूहसँग सम्पर्क गरिएको आधारमा “पहिलो आउनेलाई पहिले सेवा" (First come first service) दिने मान्यताका आधारमा गर्ने ।
- एक दिनको आरोहण योजना गर्दा अधिकतम् आरोही संख्या समान्यता १५० भन्दा बढीको नगर्ने ।

**२ हिमाल आरोहणको मापदण्ड निश्चित हुनुपर्ने**

विभिन्न उचाईका हिमालको अवस्था, सम्वेदनशीलता, जोखिम समेतलाई ख्याल गरी निम्नबमोजिमको मापदण्ड निश्चित अवलम्बन गरिनु पर्ने

**२.१ सगरमाथा र ८ हजार मिटरमाथिका हिमालचुलीका लागि**

**क आरोहणमासंलग्न ट्रेकिङ्ग एजेन्सीका लागि अवलम्बन गर्नुपर्ने मापदण्ड**

- ८ हजार मिटर माथिका हिमाल आरोहण व्यवस्थापनको जिम्मा निश्चित संख्यामा आरोहण अभियान सञ्चालन गरेपछि मात्र दिने वा कम्पनी स्थापना भई आरोहणका कार्य व्यवस्थापन गर्न थालेको तेस्रो वर्ष पछि मात्र गर्न दिने प्रबन्ध गर्ने ।
- पर्वतारोहणका कार्यमा संलग्न ट्रेकिङ एजेन्सीको सञ्चालक वा व्यवस्थापक कर्मचारी यस सम्बन्धी ज्ञान भएको हुनुपर्ने ।

- ८ हजार माथिका हिमचुलीकोआरोहणका कार्य व्यवस्थापन गर्ने एजेन्सीले पर्यटकको खोजी, उद्दार र उपचार समेतको प्रबन्ध गर्नका लागि आवश्यक पर्ने निश्चित रकम बैंक ग्यारेन्टी राख्ने व्यवस्था अनिवार्य लागु गर्ने ।
- प्रति आरोही सगरमाथा हिमालका लागि न्यूनतम् ३५ हजार र ८ हजार मिटरमाथिका अन्य हिमालका लागि न्यूनतम् २० हजार अमेरिकी डलर आरोहीले एजेन्सीका नाममा पठाएको बैंक विवरण पेश गरेपछि मात्र अनुमति लिन सक्ने व्यवस्था गर्ने । यो व्यवस्था समयानुकूल २ /२ वर्षमा परिमार्जन गर्दै जाने ।
- आरोहण व्यवस्थापन गर्ने एजेन्सी सँग उद्दार सम्बन्धी व्यवस्थित योजना, तालिम प्राप्त उद्दार टिम र कम्तिमा एक जना यस सम्बन्धी डाक्टरको सेवा लिने भरपर्दो प्रबन्ध हुनुपर्ने ।
- आरोहणका लागि प्रयोग गरिने औजार, अक्सिजन तथा अन्य बन्दोबस्तीका सामान अन्तर्राष्ट्रिय गुणस्तर चिन्हप्राप्त गरेको हुनुपर्ने ।
- सम्बन्धित एजेन्सीले आफ्नो एजेन्सीमार्फत गएका आरोहीका आरोहण सम्बन्धी गतिविधिहरु सम्बन्धित निकायहरुलाई निरन्तर रुपमा प्रवाह गर्नुपर्ने ।
- ट्रेकिङ एजेन्सीले आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने

**ख आरोहीका लागि अलम्बन गरिनुपर्ने मापदण्ड**

- आधारभूत साथै उच्च पर्वतारोहण तालिम लिएको हुनुपर्ने ।
- पर्वतारोहणलाई थप सुरक्षित र आरोहीलाई उच्च उचाई अनुकूलन ( Acclimatise) बनाउन सगरमाथा तथा ८ हजार मिटर माथिका हिमचुली आरोहणका लागि अनिवार्य रुपमा नेपालको कुनै ६५०० मिटर मिटरभन्दा माथिको एउटा हिमालचुली आरोहण गरेको हुनुपर्ने ।
- सगरमाथा र ८ हजार मिटर माथिका हिमालचुली आरोहणका लागि एक आरोहीले एक तालिम प्राप्त नेपाली जनशक्ति अनिवार्य लिएर जानुपर्ने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
- खोज, उद्धार तथा उपचारको लागि आवश्यक रकम सहितको विमा अनिवार्य गर्ने ।
- आरोहीले आफूले आरोहण गरेको विस्तृत विवरण सहितको प्रतिवेदन एजेन्सीलाई उपलब्ध गराउनु पर्ने ।
- आरोहीले तोकिए बमोजिमको ढाँचामा आफ्नो स्वास्थ अवस्था तथा हिमाल आरोहणका लागि आफ्नो क्षमता भए नभएको बारे आत्माघोषणा गर्नुपर्ने ।
- आरोहीले आफूसँग सम्बन्धित आचारसहिंता अनिवार्य पालना गरी आरोहण गर्ने ।

**ग सरदार, पथ प्रदर्शक र उचाइका कामदारका लागि बनाइनु पर्ने मापदण्ड**

- नेपाली नागरिक मात्र सरदार, पथ प्रर्दशक र उचाईका कामदार हुन पाउने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।

- पर्वतारोहण सम्बन्धी ज्ञान भएको हुनुपर्ने तथातोकिएको संस्थाबाट पर्वतारोहण सम्बन्धीआधारभूत र उच्च पर्वतारोहण तालिम लिएको हुनुपर्ने ।
- ८ हजार मीटर भन्दा माथि का हिमालमा मार्ग निर्देश गर्ने पथप्रदर्शकले नेपालभित्रको ७००० मी. भन्दा माथिको हिमाल आरोहण गरेको हुनुपर्ने । तर सगरमाथा आरोहीलाई मार्गनिर्देश गर्ने पथ प्रदर्शकले नेपाल भित्रको ८ हजार मिटरको हिमाल अनिवार्य रुपमा आरोहण गरेको हुनुपर्ने ।
- आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने ।

## २.२ ६५०० मिटर देखि ७९९९ मिटरसम्मका हिमालचुलीका लागि

### क आरोहणमा संलग्न ट्रेकिङ्ग एजेन्सीका लागि बनाइनु पर्ने मापदण्ड

- ६५०० मिटरभन्दा कम उचाईका ३ वटा हिमाल आरोहण व्यवस्थापनको अटुट अनुभव भएकोकम्पनीलाई मात्र आरोहणका कार्य व्यवस्थापन गर्न दिने प्रबन्ध गर्ने ।
- पर्वतारोहणका कार्यमा संलग्न ट्रेकिङ एजेन्सीको सञ्चालक व्यवस्थापक कर्मचारी यस सम्बन्धी ज्ञान भएको हुनुपर्ने ।
- ६५०० मिटरदेखि ७९९९ सम्म उचाईका हिमालचुली आरोहणका कार्य व्यवस्थापन गर्ने एजेन्सीले खोजी, उद्दार र उपचार समेतको प्रबन्ध गर्नका लागि आवश्यक पर्ने निश्चित रकम बैंक ग्यारेन्टी राख्ने व्यवस्था अनिवार्य लागु गर्ने ।
- प्रति आरोही ६५०० मिटरदेखि ७ हजार मिटर सम्मका हिमालचुलीका लागि न्यूनतम् ७ हजार र ७००१ मिटरदेखि ७९९९ सम्मका हिमालचुलीका लागि न्यूनतम् १० हजार अमेरिकी डलर आरोहीले एजेन्सीका नाममा पठाएको बैंक विवरण पेश गरेपछि मात्र अनुमति लिन सक्ने व्यवस्था गर्ने । यो व्यवस्था समयानुकूल २/२ वर्षमा परिमार्जन गर्दै जाने ।
- आरोहण व्यवस्थापन गर्ने एजेन्सी सँग उद्दार सम्बन्धी व्यवस्थित योजना, तालिम प्राप्त उद्दार टिम र कम्तिमा एक जना डाक्टरको सेवा लिने भरपर्दो प्रबन्ध हुनुपर्ने ।
- आरोहणका लागि प्रयोग गरिने औजार, अक्सिजन तथा अन्य बन्दोबस्तीका सामान अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त हुनुपर्ने ।
- सम्बन्धित एजेन्सीले आफ्नो एजेन्सीमार्फत गएका आरोहीका आरोहण सम्बन्धी गतिविधिहरु सम्बन्धित निकायहरुलाई निरन्तर रुपमा प्रवाह गर्नुपर्ने ।
- ट्रेकिङ एजेन्सीले आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने

### ख आरोहीका लागि अवलम्बन गरिनुपर्ने मापदण्ड

- आधारभूत साथै उच्च पर्वतारोहण तालिम लिएको हुनुपर्ने ।
- नेपालभित्रको ६ हजार मिटरभन्दा माथिको एउटा हिमालचुली आरोहण गरेको हुनुपर्ने ।
- ६५०० मिटरभन्दा माथि ८ हजारभन्दा कम उचाईका हिमालचुली आरोहणका लागि दुई आरोहीले एक तालिम प्राप्त नेपाली जनशक्ति अनिवार्य लिएर जानुपर्ने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।

- खोज, उद्धार तथा उपचारको लागि आवश्यक रकम सहितको विमा गरेको प्रमाणित कागजात अनिवार्य पेश गर्नुपर्ने ।
- आरोहीले आफूले आरोहण गरेको विस्तृत विवरण सहितको प्रतिवेदन एजेन्सीलाई उपलब्ध गराउनु पर्ने ।
- आरोहीले तोकिए बमोजिमको ढाँचामा आफ्नो स्वास्थ अवस्था तथा हिमाल आरोहणका लागि आफ्नो क्षमता भए नभएको बारे आत्माघोषणा गर्नुपर्ने ।
- आरोहीले आफूसँग सम्बन्धित आचारसहिंता अनिवार्य पालना गरी आरोहण गर्ने ।

**ग सरदार, पथ प्रदर्शक र उचाइका कामदारका लागि अवलम्बन गरिनुपर्ने मापदण्ड**

- नेपाली नागरिक मात्र सरदार/पथ प्रर्दशक/उचाइका कामदार हुन पाउने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
- पर्वतारोहण सम्बन्धी ज्ञान भएको हुनुपर्ने तथा तोकिएको संस्थाबाट पर्वतारोहण सम्बन्धी आधारभूत र उच्च पर्वतारोहण तालिम लिएको हुनुपर्ने ।
- कम्तिमा ६ हजार मीटरको हिमाल आरोहण गरेको वा पथ प्रर्दशक भई काम गरेको हुनुपर्ने ।
- आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने ।

### १.१.३ ६५०० मिटरभन्दा कम उचाईका हिमाल आरोहणको मापदण्ड

**क आरोहणमा संलग्न ट्रेकिङ्ग एजेन्सीका लागि अवलम्बन गरिनुपर्ने मापदण्ड**

- नेपाल सरकारले तोकेको निकायबाट इजाजतपत्र प्राप्त ट्रेकिङ्ग एजेन्सीले मात्र आरोहणका कार्य गर्न पाउने ।
- पर्वतारोहणका कार्यमा संलग्न ट्रेकिङ एजेन्सीको सञ्चालक वा व्यवस्थापक कर्मचारी यस सम्बन्धी ज्ञान भएको हुनुपर्ने ।
- ६५०० मिटरभन्दा कम उचाईका हिमालआरोहणका कार्य व्यवस्थापन गर्ने एजेन्सीले खोजी, उद्दार र उपचार समेतको प्रबन्ध गर्नका लागि आवश्यक पर्ने निश्चित रकम बैंक ग्यारेन्टी राख्ने व्यवस्था अनिवार्य लागु गर्ने ।
- प्रति आरोही ६५०० मिटरभन्दा साना हिमालचुली आरोहणका लागि न्यूनतम् २५०० अमेरिकी डलर आरोहीले एजेन्सीका नाममा पठाएको बैंक विवरण पेश गरेपछि मात्र अनुमति लिन सक्ने व्यवस्था गर्ने । यो व्यवस्था समयानुकूल २/२ वर्षमा परिमार्जन गर्दै जाने ।
- आरोहणका लागि प्रयोग गरिने औजार, अक्सिजन तथा अन्य बन्दोबस्तीका सामान अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त गरेको हुनुपर्ने ।
- सम्बन्धित एजेन्सीले आफ्नो एजेन्सीमार्फत गएका आरोहीका आरोहण सम्बन्धी गतिविधिहरु सम्बन्धित निकायहरुलाई निरन्तर रुपमा प्रवाह गर्नुपर्ने । साथै आरोहणको प्रतिवेदन पर्यटन विभाग समक्ष पेश गर्नु पर्ने।
- आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने ।

**ख  आरोहीका लागि अवलम्बन गरिनुपर्ने मापदण्ड**

- आधारभूत साथै उच्च पर्वतारोहण तालिम लिएको हुनुपर्ने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
- खोज, उद्धार तथा उपचारको लागि आवश्यक रकम सहितको विमा गरेको प्रमाणित कागजात अनिवार्य पेश गर्नुपर्ने ।
- आरोहीले आफूले आरोहण गरेको विस्तृत विवरण सहितको प्रतिवेदन एजेन्सीलाई उपलब्ध गराउनु पर्ने ।
- आरोहीले तोकिए बमोजिमको ढाँचामा आफ्नो स्वास्थ अवस्था तथा हिमाल आरोहणका लागि आफ्नो क्षमता भए नभएको बारे आत्माघोषणा गर्नुपर्ने ।
- आरोहीले आफूसँग सम्बन्धित आचारसहिंता अनिवार्य पालना गरी आरोहण गर्ने ।

**ग  सरदार, पथ प्रदर्शक र उचाइका कामदारका लागि अवलम्बन गरिनुपर्ने मापदण्ड**

- नेपाली नागरिक मात्र सरदारपथ प्रदर्शक र उचाइका , कामदार हुन पाउने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
- पर्वतारोहण सम्बन्धी ज्ञान भएको हुनुपर्ने  वा तोकिएको संस्थाबाट  पर्वतारोहण सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्ने ।
- आरोहण सम्बन्धी प्रतिवेदन पर्यटन विभाग समक्ष पेश गर्नुपर्ने ।
- आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने ।

**३ समग्र हिमाल आरोहणका क्षेत्रमा गरिनु पर्ने सुधार**

**३.१ सरकारी निकायमा गरिनु पर्ने सुधार**

- पर्वतारोहणमा जाँदा गर्ने सबै क्रियाकलापको अनुमति एउटै निकायबाट दिने व्यवस्था मिलाउने । हिमाल आरोहणका क्रममा आरोहण गर्ने दलले ड्रोन प्रयोग, डकुमेन्ट्री बनाउने, प्याराग्लाइडिङ्ग गर्ने लगायतका कार्यहरु गर्ने अनुमति माग गरेमा आरोहण अनुमति दिने निकायले नै सम्बन्धित निकायको राय लिने र तोकिए बमोजिमको शुल्क लिई अनुमति दिने व्यवस्था गर्नुपर्ने।
- नेपाल सरकारको "क" वर्गको मान्यता प्राप्त जुनसुकै बैंक तथा नेपाल राष्ट्र बैंकमा सलामी दस्तुर (रोयल्टी) बुझाउन सक्ने ब्यवस्था गर्ने ।
- पर्वतारोही/ट्रेकिङ एजेन्सी/सम्पर्क अधिकृत/उचाईको काममा संलग्न जनशक्ति सम्बन्धी आचारसहिंता बनाई लागु गर्ने ।यस्तो आचारसहिंतामा आचारसहिंता पालना नगरे हुने कारवाही सम्बन्धी विवरण अनिवार्य उल्लेख गरिनु पर्ने ।
- पर्वतारोही/ट्रेकिङ् एजेन्सी/सम्पर्क अधिकृत/उचाईको काममा संलग्न जनशक्तिले आफूसँग सम्बन्धित आचारसहिंता पालना नगरेमा तत्का ल पर्यटन विभागले विषेश अभिलेख राख्ने व्यवस्था मिलाउने । साथै प्रचलित कानून अनुसार थप कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा पठाउने ।

- पर्वतीय पथ प्रदर्शकको तालिमलाई कम्तिमा १ वर्षको पाठ्यक्रममा आधारित बनाउने र उक्त तालिम सञ्चालन सम्बन्धी कार्यविधि बनाई सक्षम जनशक्ति उत्पादन र उपयोगमा जोड दिनुपर्ने ।
- ट्रेकिङ एजेन्सीको संख्या धेरै भए पनि हिमाल आरोहणको कार्यमा संलग्न एजेन्सीको संख्या करिब ६० भन्दा बढी छैन । अतः आरोहण व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीको छुट्टै विवरण बनाई पर्यटन विभागको वेव साइटमा राख्ने । पर्वतारोहणको कार्य कुनै नयाँ एजेन्सीलेगरेमा आरोहण व्यवस्थापनको कार्य गरेको महिनाबाट नै उक्त एजेन्सी नाम अभिलेखमा अद्यावधि गर्ने र त्यस्ता आरोहणका कार्य व्यवस्थापन गर्न सूचिकृत भएका एजेन्सीले लगातार दुई वर्षसम्म आरोहण व्यवस्थापनका कार्य नगरेमा त्यस्ता एजेन्सीको नाम सूचिबाट हटाउँदै जाने प्रबन्ध गर्ने ।
- उचाईमा जाने तथा काम गर्ने जनशक्तिका लागि निश्चित मापदण्ड का आधारमा सम्बन्धित तालिम संस्थाको सिफारिसमा पर्यटन विभागले परिचय पत्र उपलब्ध गराउने । यस्तो परिचयपत्र पेशागत परिचय खुल्ने जस्तोः सहयोगी गाइड , ट्रेकिङ्ग गाइड , पथ प्रर्दशक , पथ प्रर्दशक रउचाइका कामदारलगायत पहिचान दिने प्रबन्ध गर्नुपर्ने । यस्तो परिचय पत्र पाँच वर्षमा नविकरण गर्ने प्रबन्ध गर्ने ।
- उचाईको काममा संलग्न जनशक्तिको जोखिम र कार्यविशिष्ठताको आधारमा न्यूनतम् पारिश्रमिक तोकिदिने र समयानुकूल दुई वर्षमा सरोकारवाला निकायसँगको समन्वयमा कम्तिमा १०प्रतिशतका दरले बढोत्तरी हुँदै जाने प्रबन्ध गर्ने ।
- सबै सरोकारवाल समेटी एक स्थायी प्रकृतिको समिति बनाउने । यस्तो समितिले उचाईको काममा संलग्न जनशक्तिको न्यूनतम् पारिश्रमिक, सामाजिक सुरक्षा, देखिएका नयाँ विषय साथै विवाद समाधान गर्न निरन्तर सुझाब प्रस्तुत गर्ने व्यवस्था गर्ने ।
- आरोहणका कार्य गर्दा/गराउँदा १५ लाखको जीवन विमा अनिवार्य गर्नु पर्ने व्यवस्था छ । यो अपर्याप्त छ यसमा थप व्यवस्था नेपाल सरकारले गर्नुपर्ने ।यस्ता सामाजिक सुरक्षाका विषयहरु समेटी मापदण्ड बनाउनु पर्ने ।
- आरोहीसँग जाने सरदार/पथ प्रर्दशक/उचाइका कामदारको व्यक्तिगत विवरण बनाई राख्नु पर्ने । त्यस्तो अभिलेखमा गुनासो/आरोहीको सफलता तथा मृत्यु र हराएको विवरण समेत अभिलेखिकरण गर्नु पर्ने ।
- पर्यटन विभागले गरेको सिफारिसका आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अधिकतम् १२ वटा सञ्चार सेट उपलब्ध गराउने गर्दछ । पर्वतारोहण दलमा अधिकतम् १५ सदस्य रहन्छन् । यसर्थ यस्तो सञ्चार सेट पर्यटन विभागबाट जारी आरोहण अनुमति पत्रमा उल्लेखित सदस्य संख्याका आधारमागर्ने व्यवस्था सम्बन्धित निकायको समन्वयमा शीघ्र गरिनु पर्ने ।
- हाल पर्वतारोहणमा लिएर जाने स्याटेलाइट फोनका लागि १ हजार यू.एस.डलर लाग्ने तर Declareगरिन्न । यसका लागि Declareगर्ने तर शूल्क कम र सरल बनाउने प्रबन्ध मिलाउन आवश्यक पहल गरिनु पर्ने ।

### ३.२ आरोहणमासंलग्न ट्रेकिङ्ग एजेन्सीमा गर्नु पर्ने सुधार

- नेपाल सरकारले तोकेको निकायबाट इजाजतपत्र प्राप्त ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहणका कार्यहरु गर्न पाउने । पर्वतारोहणका कार्यमा संलग्न ट्रेकिङ एजेन्सीको लागनी कर्ता वा काम गर्ने कर्मचारी यस सम्बन्धी ज्ञान भएको हुनुपर्ने । यस्ता कार्यहरु सम्पादन गर्ने ट्रेकिङ एजेन्सीको क्षमता मापदण्डमा तोकिए बमोजिमको हुने।
- आरोहणका कार्य व्यवस्थापन गर्ने ट्रेकिङ एजेन्सीललाई थप जिम्मेवार बनाउन तोकिए बमोजिमको बैंक ग्यारेन्टी राखिनु पर्ने र त्यस्तो बैंक ग्यारेन्टीको न्यूनतम् अवधि तोकिएको हिमालको लागि तोकिएको अनुमति अवधि बराबरको हुनुपर्ने । आरोहण अवधि समाप्त भएपछि यस्तो बैंक ग्यारेन्टी फुकुवा गर्ने प्रबन्ध हुनुपर्ने ।
- हिमाल आरोहणका कार्यलाई थप सुरक्षित बनाउन तथा गुणस्तरीय पर्यटनमा जोड दिन आरोहण व्यवस्थापन गर्ने ट्रेकिङ एजेन्सीले मापदण्डमा तोके बमोजिमको हिमालका लागि तोकिए बमोजिमको आरोहीले एजेन्सीका नाममा पठाएको बैंक विवरण पेश गर्ने व्यवस्था कानूनी रुपले गर्ने ।
- नेपाल सरकारले तोकेको नियमानुसार पर्वतारोहण सम्बन्धी कार्यमा संलग्न हुने सम्पूर्ण जनशक्तिलाईपारिश्रमिक, सामाजिक सुरक्षा उपलब्ध गराउने ।
- एजेन्सीले पर्यटन विभागमा पेश गरेका उचाईका काममा लगाएका सबै जनशक्तिको पारिश्रमिक महिना भुक्तान भएको दिन बैंक मार्फत भुक्तानी हुने प्रबन्ध गर्ने । साथै सामाजिक सुरक्षा कोषमा मजदूरहरुको हितसम्बन्धी रकम जम्मा अनिवार्य रुपले गर्नुपर्ने प्रबन्ध गर्ने ।
- कुनै आरोही वा उचाईका काममा संलग्न जनशक्तिको दूर्घटना वा मृत्यू भएको अवस्थामा सम्बन्धित एजेन्सी जिम्मेवार भई कानुन बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा गर्नु पर्ने ।
- नेपाल सरकारले तोकेको अनुभव भएका व्यक्तिलाई मात्र आरोहणका काममा लगाउने ।उचाईमा जाने जनशक्तिको तोकिए बमोजिमको विमा गर्नुपर्ने ।
- आरोहण व्यवस्थापन गर्ने एजेन्सी सँग उद्दार सम्बन्धी व्यवस्थित योजना, तालिम प्राप्त उद्दार टिम र कम्तिमा एक जना यस सम्बन्धी डाक्टरको सेवा लिने प्रबन्ध हुनुपर्ने ।
- आरोहणका लागि प्रयोग गरिने औजार, अक्सिजन तथा अन्य बन्दोबस्तीका सामान अन्तर्राष्ट्रिय गुणस्तर चिन्हप्राप्त गरेको हुनुपर्ने ।
- सम्बन्धित एजेन्सीले आफ्नो एजेन्सीमार्फत गएका आरोहीका आरोहण सम्बन्धी गतिविधिहरु सम्बन्धित निकायहरुलाई निरन्तर रुपमा प्रवाह गर्नुपर्ने ।
- ट्रेकिङले आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने ।

## ३.३ आरोहीमा गर्नुपर्ने सुधार

- हिमाल सम्बन्धी ज्ञान भएको तथा तालिम लिएको हुनुपर्ने
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
- खोज, उद्धार तथा उपचारको लागि आवश्यक रकम सहितको विमा अनिवार्य गर्ने ।
- आरोहणका कार्यलाई थप सुरक्षित बनाउन तथा अनुभवी आरोही मात्र पठाइ जोखिम कम गर्न मापदण्डमा तोके बमोजिमको अनुभव लिएको हुनुपर्ने ।
- नेपालभित्रको कुनै एउटा हिमालचुली एक आरोहीएक मौसममा एक पटकमात्र आरोहण गर्न पाउने ।
- आरोहीले आफूले आरोहण गरेको विस्तृत विवरण सहितको प्रतिवेदन एजेन्सीलाई उपलब्ध गराउनु पर्ने ।
- आरोहीले तोकिए बमोजिमको ढाँचामा आफ्नो स्वास्थ अवस्था तथा हिमाल आरोहणका लागि आफ्नो क्षमता भए नभएको बारे आत्माघोषणा (Self Declaration)गर्नुपर्ने ।
- आरोहीले आफूसँग सम्बन्धित आचारसहिंता अनिवार्य पालना गरी आरोहण गर्ने

## ३.४ सरदार, पथ प्रदर्शक र उचाइका कामदार

- नेपाली नागरिक मात्र सरदार/पथ प्रर्दशक/उचाईका कामदार हुनुपर्ने ।
- आरोहीले निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
- पर्वतारोहण सम्बन्धी ज्ञान भएको हुनुपर्ने तथातोकिएको संस्थाबाट पर्वतारोहण सम्बन्धीआधारभूत र उच्च पर्वतारोहण तालिम लिएकोर पर्यटन विभागबाट परिचय पत्र लिएको हुनुपर्ने ।
- पथ प्रदर्शकको काम गर्ने जनशक्तिमा नेपालका हिमाल सम्बन्धी ज्ञान भएको हुनु पर्ने ।
- आफूसँग सम्बन्धित आचारसहिंता पालना गर्नुपर्ने ।

## ३.५ सम्पर्क अधिकृतको व्यवस्थामा गरिनु पर्ने सुधार

- नेपाल सरकारको तर्फबाट सहजीकरण, समन्वय, प्रमाणिकरण तथा सूचनादाताको रुपमा खटिने सम्पर्क अधिकृतको भूमिका प्रभावकारी बनाउन आवश्यक छ । यसका लागि हाल देखिएका विभिन्न समस्याहरु र सरोकारवालाहरुको निरन्तर चासो समेतलाई सम्बोधन गर्न व्यक्तिगत रुपमा नखटाउने । यसका लागि कम्तिमा पाँचवटा आरोहण दलले आरोहण गर्ने हिमालका लागिएकिकृत रुपमा सक्षम “सम्पर्क अधिकृत समूह" बनाई खटाउने । आरोही संख्याका आधारमा एक समूहमा बढीमा कति संख्याको सम्पर्क समूह रहने सो निर्क्योल गर्ने । जस्तोःसगरमाथा हिमालका लागि निम्नबमोजिमको एकिकृत सम्पर्क समूह बनाउने ।
    - एक उपसचिब वा सो सरह (समूह नेता)
    - दुई जना अधिकृत वा सो सरह
    - एक जना सम्बन्धित विषयको डाक्टर
    - २ जना नेपाली सेनाका क्याप्टेन वा मेजर तहका कर्मचारी
    - २ जना शसस्त्र प्रहरी वा नेपाल प्रहरीका कर्मचारी

- २ जना नायब सुब्बा
- १ जना कम्प्युटर अपरेटर
- आवश्यकता अनुसार बेस क्याम्प स्टाफ (कुकिङ्ग लगायतको कार्यका लागि)

  यसरी खटिने सम्पर्क अधिकृत समूहले आचारसहिंता तथा अन्य कानूनमा उल्लेख भए बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने । यस्तो समूहको लागि आवश्यक सञ्चार उपकरण, बन्दोबस्तीका सामग्री, सेवा सुविधा, विमा, उद्दार, उपचार सम्बन्धी व्यवस्था तथा यसको खर्च व्यवस्था सम्बन्धमा स्पष्ट मापदण्ड हुनुपर्ने ।

- एकिकृत सम्पर्क अधिकृत समूह छनौटका लागि पर्यटन विभागको महानिर्देशकको संयोजकत्वमा एक समिति बनाइनु पर्छ । ८ हजार मिटर तथा आमादब्लम जस्ता हरेक सिजनमा आरोहण हुने हिमालका लागि खटिने यस्तो टोली एक आ.व. का लागि तथा वैकल्पिक सदस्य सहित छनौट गर्ने र यस्तो कार्य नयाँ आर्थिक वर्षको पहिलो महिनाभित्र गरिसक्नु पर्ने ।
- सगरमाथा आधारशिविरका लागि खटिने एकिकृत सम्पर्क अधिकृत समूहले सगरमाथा आधारशिविरमा आधारशिविर पर्ने अन्य हिमालको समेत सम्पर्क अधिकृत भै काम गर्न सक्ने व्यवस्था गर्ने ।
- विभिन्न हिमालका लागि छनौट भएको एकिकृत सम्पर्क अधिकृत समूहलाई हिमाल आरोहण सम्बन्धी तोकिएको संस्थाबाट तालिम दिने व्यवस्था गर्ने ।
- आरोहणको प्रारम्भिक शुरुवात हुनुअघि देखि सम्पर्क अधिकृत समूह आधारशिविर पुग्ने र आरोहण समाप्त भएपछि फोहोर व्यवस्थापन गर्दासम्म यो समूह आधारशिविरमा रहने प्रबन्ध गर्ने । यसका लागि आरोहण अनुमति पत्रमा उल्लेख हुने अवधि जस्तोः सगरमाथाका लागि ७५ दिन । यस्तो लामो अवधि एउटै समूह बस्न असहज र असम्भव हुने भएकोले २५ /२५ दिनका लागि तीनवटा समूह तयार गरी आलो पालो मिलाउने व्यवस्था हुनुपर्ने । यस्तो समूह सम्बन्धित हिमालका लागि आरोहण अनुमति पत्रमा उल्लेख हुने आरोहण अवधिका आधारमा खटिने प्रबन्ध गर्ने ।
- एकिकृत सम्पर्क अधिकृतको समूहलाई सहयोग गर्न आवश्यकता अनुसार आधारशिविरका कामदार तथा स्थानीय कामदार समेतको व्यवस्था हुनुपर्ने । यसका लागि महानिर्देशकको अध्यक्षताको समितिले आवश्यकता देखेमा निश्चित सुविधा दिई छनौट गर्न सक्ने व्यवस्था गर्ने । यसरी खटिने कामदारको सेवा/सुविधा/विमा/उद्दार/उपचार/क्षतिपूर्ति सम्बन्धी व्यवस्था एकिकृत सम्पर्क अधिकृत समूहको मापदण्डमा र त्यस्ता जनशक्तिको काम/कर्तव्य र अधिकार एकिकृत सम्पर्क अधिकृतको समूहको आचारसहिंतामा उल्लेख गरिए बमोजिमको हुने व्यवस्था गर्ने ।
- एकिकृत सम्पर्क अधिकृत समूहको आचारसहिंता र मापदण्ड बनाई लागू गर्ने । यस्तो आचारसहिंतामा काम, कर्तव्य, अधिकारका विषयहरु र मापदण्डमा योग्यता, क्षमता, सेवा/सुविधा (यस्तो सेवा/सुविधा जोखिम, वसाई अवधि, कार्यभार समेतका आधारमा निर्धारण गर्ने), उद्दार, उपचार र क्षतिपूर्तिका साथै विमा, उद्दार तथा उपचारसम्बन्धी व्यवस्था स्पष्ट खुलाउनु पर्ने ।

- सन् २०१९ को वसन्त ऋतुमा पर्यटन विभागबाट ९१ जना सम्पर्क अधिकृत खटाइएको अभिलेखबाट देखियो । त्यसमध्ये सगरमाथा हिमालका लागि खटाइएका ३७ जना मध्ये २२ जनामात्र आधार शिविरमा पुगेको देखियो । अतःजिम्मेवारी सहित खटाएको अधिकृत कर्मचारी तोकिएको स्थानमा नपुगेको देखिएमा आगामी दिनमा सम्पर्क अधिकृत तथा एकिकृत सम्पर्क अधिकृतको समूहमा नखटाउने गरी अभिलेख राख्न र पत्र दिन आवश्यक प्रक्रिया पर्यटन विभागले अगाडी बढाउने । साथै उक्त सिद्धान्तमा आधारित भएर सन् २०१९ को वसन्त ऋतुमा विभिन्न हिमालका लागि खटाइएका बाँकी ५४ जना सम्पर्क अधिकृतहरु के कति संख्यामा आधारशिविरमा पुगेको हो स्वयम् पुष्टि गर्ने मौका दिई पुष्टी नभएका/गर्न नसकेका सम्पर्क अधिकृतलाई आगामी दिनमा सम्पर्क अधिकृतका रुपमा तथा एकिकृत सम्पर्क अधिकृतको समूहमा समेत नखटाउने प्रबन्ध गर्ने गरी अभिलेख राख्न र पत्र दिन प्रक्रिया पर्यटन विभागबाट अगाडी बढाउने ।

**३.६ फोहोर व्यवस्थापनमा गर्नु पर्ने सुधार**

- पर्वतीय पर्यावरण संरक्षण कोष/खाता बनाउने । उक्त कोषमा प्रति आरोहीबाट वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन वापतको शुल्क अनिवार्य राखेपछि मात्र अनुमति दिने व्यवस्था गर्ने । जम्मा भएको उक्त शुल्कबाट सरकारले आवश्यक संयन्त्र बनाई हिमालहरु सरसफाई गर्ने । साथै वातावरण कोषमा जम्मा भएको रकमबाट वातावरण संरक्षण तथा पोर्टर सेल्टर निर्माण, उच्च पहाडी, हिमाली भेगमा स्वास्थ्य सेवाको अवस्था सुधारका कार्यमा खर्च गर्नेसक्ने व्यवस्था गर्ने ।
- आधार शिविर र सो भन्दा माथि दिसा पिसाब व्यवस्थापनका लागि Toilet Bag अनिवार्य प्रयोग गर्ने र उक्त प्रयोग गरिएको Toilet Bag स्थानीय तहले विसर्जनका लागि तोकिएको निश्चित स्थानमा मात्र विसर्जन गर्ने प्रबन्ध गर्ने ।
- सगरमाथाको फोहोर संकलनलाई थप प्रभावकारी बनाउन उत्साहित ढंगले फोहोर संकलन गरेर ल्याउनेलाई प्रोत्साहित गर्न नेपाल सरकारले पुरस्कार दिनुपर्ने अवस्था छ ।
- सगरमाथा लगायत ८ हजार मिटर माथिका हिमालहरुमा फिक्स गरिएको पुरानो डोरीहरु,आरोहणका क्रममा मृत्यू भएर हिमालमै रहेका शव र हिमालको चुचुरास म्मै रहेको फोहोरलाई विशेष अभियान संचालन गरी सरसफाई गर्ने ।
- हरेक वर्ष पर्यटन विभागले हिमाल सफाई अभियान सञ्चालन गर्दा आरोहण कम हुने समयमा गर्ने र यस कार्यका लागि सम्बन्धित विभिन्न संस्थाहरुसंग समन्वय र सहकार्य गरी नियमित रुपमा हिमाल सफाई अभियान संचालन गर्नुपर्दछ ।
- हरेक आरोही दलले आफ्नो फोहोर आफैले सङ्कलन गरी ल्याउनु पर्ने नीति कडाइका साथ लागू गर्ने ।
- आरोहीले आरोहणका क्रममा प्रयोग गर्ने समानहरु सम्पर्क अधिकृतको टोली, गाईड र आरोहीको रोहवरमा लैजानु पर्ने । आरोहणमा लगेको वजन र सामानको चेक लिष्ट तयार गर्ने र आरोहण पश्चात् पनि उक्त सामान फिर्ता ल्याएको तथा व्यवस्थित तरिकाले राखे/नराखेको एकिन गर्ने ।

- सम्बन्धित ट्रेकिङ्ग एजेन्सीले आरोहणको क्रममा आफ्नो आरोहण सदस्यले गरेको फोहोर वेशक्याम्प फिर्ता ल्याउनु पर्ने । सरकारी निकायबाट फोहोरहरु फिर्ता ल्याए/नल्याएको एकिन गर्नु पर्ने । फिर्ता नल्याएको अवस्थामा त्यस एजेन्सीहरुलाई सख्त कारवाहीको व्यवस्था मिलाउने ।
- आरोहणमा जादा वेशक्याम्प भन्दा माथि प्लाष्टिकयुक्त सामानहरु लैजान निषेधित गर्नुपर्ने ।
- आरोहण अवधिभर फोहोरमैला निरीक्षणको कार्य सम्पर्क अधिकृतको टोलीले गर्ने ।
- आरोहणको क्रममा मृत आरोहीको शव तोकिए बमोजिम व्यवस्थापन गर्ने साथै उ द्वार सम्बन्धी कार्य आरोहीकोदल तथा ट्रेकिङ्ग एजेन्सी स्वयम्ले नै गर्नुपर्ने ।

**३.७ खोजी, उद्दार तथा उपचारमा गर्नु पर्ने सुधार**

- खोजी/उद्दार/उपचारका लागि नेपाल सरकारले एकिकृत र शसक्त खोज तथा उद्दार टोली बनाउनु पर्ने ।यस्तो टोलिमा तालिम प्राप्त साथै उद्दार उपकरणले सुसज्जित भएका अनुभवी र योग्य व्यक्ति परिचालन गर्ने प्रबन्ध गर्ने ।
- एकिकृत उद्दार टोलीको छनौट पर्यटन विभागको महानिर्देशकको संयोकत्वमा गठित समितिबाट गर्ने । उक्त सम्बन्धी कार्यको व्यवस्थापन पर्यटन विभागको पर्वतारोहण हेर्ने शाखाले गर्ने साथै यस्तो उद्दार टोलीको छनौट आरोहणको मुख्य अवधि सुरु हुँदा सक्नु पर्ने ।
- यस्तो टोलि सधै Acclimatized हुने व्यवस्था गर्ने ।
- खोजी/उद्दार/ उपचारका लागि रोयल्टी लिने र यस्तो रकम जोखिम व्यवस्थापन कोष खडा गरी उक्त कोषमा राख्ने र खोजी/उद्दार/उपचारका लागि उक्त कोषबाट रकम खर्च गर्ने प्रबन्ध गरिनुपर्ने ।
- आरोहणका क्रममा जोखिममा परेका पर्यटक तथा अन्य आरोहीहरुको खोजी/उद्दार/उपचारका कार्यमा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने ।
- खोजी,उद्दार तथा उपचारमा संलग्न व्यक्ति, कम्पनी, संस्थाले बढी तथा अस्वभाविक रकम लिएको प्रमाणित भएमा ठगी गरेको सम्झी सोही आधारमा कारवाहीका लागि पठाउने ।
- पर्यटकको खोजी, उद्दार तथा उपचार सम्बन्धी कार्यविधि, २०७५ मा खोजी, उद्दार र उपचारको प्रक्रिया उल्लेख रहेको तर यस्तो प्रक्रिया पालना नगर्नेलाई कडा कारवाहीको कानूनी व्यवस्था हुनुपर्ने यसका लागि संघीय पर्यटन ऐन तर्जुमाका क्रममा यस सम्बन्धी सजायको व्यवस्था गरिनु पर्ने ।

**३.८ सलामी दस्तुर/रोयल्टी सम्बन्धी सुधार**

- सम्पर्क अधिकृत खर्च, फोहोर मैला व्यवस्थापन शुल्क, वृत्तचित्रअनुमति, सञ्चार उपकरण, Icefall charge, Rope fixing chargeसबैलाई समावेश गरेर सरोकारवालाहरु समेतको समन्वयमा सन् २०२० पछि लागु हुने गरी मात्र हालको सलामी दस्तुरलाई बैज्ञानिक आधारमा बृद्धि गर्ने ।
- ८ हजार माथिका अन्य हिमालहरुको सलामी दस्तुर तुलनात्मक रुपमा न्यून रहेको पाइएकोले ८ हजार मिटर तथा अन्य सबै हिमालहरुको सलामी दस्तुर बढाउदा उपयुक्त हुने ।

### १.२.९ सुधारका प्राप्त अन्य विविध सुझाबहरु

#### क पर्वतारोहण सम्बद्ध सुधारका अन्य विषयहरु

- सगरमाथा लगायत नेपालका ८ हजार मिटर माथिका हिमाल आरोहण गर्ने विदेशी आरोहीहरुका लागि परिचय पत्र जारी गरी निशुल्क प्रवेशाज्ञा (VISA) को व्यवस्था गर्ने तथा सद्भाव राजदूतको रुपमा लिने व्यवस्था गर्ने ।
- पर्वतारोहणका कार्यमा एक दलमा कति कर्मचारी आवश्यक पर्छन् सो को न्यूनतम् संख्या एकिन गरी आरोही तथा कर्मचारीको संख्याको अनुपात मिलाएर आरोहण गतिविधि संचालन गर्ने प्रबन्ध गर्ने ।
- कुनै एक वहुउद्देश्यीय पर्वतारोही दलका लागि पर्यटन विभाग, सूचना तथा सञ्चार, गृह, राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण नकाय बाट खटिने गरेको पाइन्छ । यस किसिमको पद्धतिको अन्त्य गरी एउटा दलका लागि एक मात्र सम्पर्क अधिकृत रहने प्रबन्ध गर्ने ।
- कुनै पनि हिमालको आधारशिविरमा एउटाभन्दा बढी Helipad निर्माण नगर्ने । आधार शिविरमा हेलिप्याड बनाउँदा Take off र Land गर्दा Camp site लाई असर नपर्ने गरी Medical Station जस्तै HRA EBC Clinicको नजिक हुने गरी निर्माण गर्ने प्रबन्ध गर्ने ।
- आपतकालिन उद्दार भन्दा वाहेक कुनै पनि हेलीकप्टरले वेश क्याम्प भन्दामाथि उडान गर्न नपाउने व्यवस्था गर्ने ।

#### ख पदयात्रामा गर्नु पर्ने सुधार सम्बन्धी

१ निश्चित उचाई (३ हजार मिटर) भन्दा माथि पदयात्रामा जाने हरेक पदयात्री ले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त ट्रेकिङ्ग कम्पनीमार्फत इजाजत पत्र प्राप्त पथ प्रदर्शक वा सहयोगी साथ पदयात्रा गर्नुपर्ने व्यवस्था कानूनी रुपले अनिवार्य गराउने ।

२ पदयात्रा संचालन गर्दा विधिवत रुपमा नेपाल सरकार बाट इजाजत पत्र प्राप्त टे्रकिङ एजेन्सी मार्फत संचालन हुनुपर्ने र पदयात्रा संचालन गर्दा "पदयात्रा अनुमति" को ब्यबस्था गरी उक्त अनुमति पत्र पर्यटन बिभाग मार्फत प्रदान गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने ।

३ संघीय संरचना अनुरुप **Trekkers' Information Management System (TIMS)** पुर्नसंरचना गर्न आवश्यक छ । नेपाल पर्यटन बोर्ड र टान बीचको सम्झदारीमा सञ्चालित **TIMS** प्रणाली उद्देश्य अनुरुप राम्रोसँग सञ्चालनमा आउन सकेको छैन । **TIMS** को अवधारणा अनुरुप पदयात्रीको सूचना अद्यावधिक राख्ने, पदयात्रा मार्गको स्तरोन्नति र नयाँ खोजी गर्ने, यस क्षेत्रमा संलग्न जनशक्तिको क्षमता बृद्धि गर्नुका साथै यसका लागि पदयात्रा सम्बन्धी छाता संस्थासँगको सहकार्यमा पर्यटन विभागमार्फत व्यवस्थापन गर्ने प्रणाली विकास गर्नुपर्ने । साथै इजाजत पत्र प्राप्त ट्रेकिङ कम्पनीमार्फत विधिवत रुपमा पदायात्रा गर्ने पर्यटकको हकमा मात्र जारी गर्ने प्रणाली विकास गर्नु पर्छ ।

४ हाल धेरैथरी निकायबाट लिईदै आएका विभिन्न थरी पर्यटन शुल्क एकद्वार नीतिबाट लिने व्यवस्था बनाइनु पर्ने ।

५ संरक्षित क्षेत्रको लागि लिने अनुमति, राष्ट्रिय निकुञ्जको लागि लिने अनुमति लगायत अन्य क्षेत्रको लागि लिने अनुमतिहरु एकद्धार प्रणालीबाट सबै पर्यटन विभागबाट लिने व्यवस्था गर्ने । यसको राजश्व बाँडफाडको बैज्ञानिक पद्धति प्रमाणी बनाउने ।

६ पदयात्राको क्रममा पर्यटकले गर्ने फोहोरलाई उचित व्यवस्थापन गर्न विभिन्न स्थानहरुमा Garbage Collection Point खडा गर्नुपर्ने ।

७ पदयात्राको क्रममा विभिन्न स्थानमा Information Board को व्यवस्था गर्नुपर्ने ।

## ग· निषेधित क्षेत्रमा गर्नुपर्ने सुधार

- निषेधित क्षेत्रलाई समायानुकूल पुनरावलोकन गरी सीमित रुपमा नियन्त्रित वा विशेष क्षेत्रको रुपमा अवलम्बन गरिनु पर्छ ।
- यस्ता क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै गरी ट्रेकिङ एजेन्सीबाट मात्र पदयात्रा संचालन गर्दा “पदयात्रा अनुमति” को ब्यबस्था गरी उक्त अनुमति पत्र पर्यटन बिभाग मार्फत प्रदान गर्ने व्यवस्था हुनुपर्ने ।
- यस्ता क्षेत्रमा गर्न हुने/नहुने कार्यहरुको विवरण समेटिएको Hand Book बनाई यथेष्ट जानकारी हरेक पर्यटकहरुलाई दिनुपर्ने ।
- यस्ता क्षेत्रमा रहेको सुरक्षा पोष्ट/वार्डेन पोष्टलाई थप गरी सुरक्षा व्यवस्थालाई थप मजबुत र प्रभावकारी बनाउनु पर्ने ।
- यस्ता क्षेत्रमा एक मात्र पर्यटकले पनि पथ प्रदर्शक वा सहयोगी लिएर जान पाउने व्यवस्था गरिनु पर्ने ।
- यस्ता क्षेत्रको जानकारीको सम्बन्धमा विभिन्न स्थानमा Information Board को व्यवस्था गर्नुपर्ने । यस्ता क्षेत्रमा गैर कानुनी कार्यहरु भएमा एजेन्सी , गाईड तथा स्वयम् पर्यटकलाई कानुन अनुसार कारवाहीको भागिदार तुल्याउने ।

## **कार्यान्वयन खण्ड**

**उपर्युक्त सुझावहरु कार्यान्वयन गर्ने तरिकाहरु निम्नबमोजिम प्रस्तुत गरिएको छ ।**

१ पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ रहेका व्यवस्थामा परिवर्तन गरेर मात्र सुधार गर्न सकिने विषयका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कानून शाखा प्रमुखको नेतृत्वमा पर्यटन विभागको कानून शाखाको समेत प्रतिनिधित्व हुने गरी ऐन र नियमावली परिमार्जनका लागि कार्यारम्भ गर्नु पर्ने ।

२ पर्यटन ऐनमा समावेश गर्नुपर्ने विषयहरु पहिचान गरी संघीय पर्यटन ऐन तर्जुमाको क्रममा समावेश गरिनुपर्ने।

३ सम्पर्क अधिकृत, आरोही, उचाईमा काम गर्ने जनशक्ति, आरोहण व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीको मापदण्ड र यस्ता व्यक्ति तथा निकायले पालना गर्ने आचारसहिंता तयार गरी यथाशीघ्र लागु गर्नु पर्ने ।

४ निषेधित क्षेत्र सम्बन्धमा उठेका विषय के कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय र सरोकारवालाबीच गहन छलफल गरी उपयुक्त निकास पहिचान हुनुपर्ने ।

५ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ड्रोन, फिलमिङ्ग, प्याराग्लाइडिङ्ग जस्ता विषय सम्बोधनका लागि सम्बन्धित निकायका प्रतिनिधि समेत संलग्न गरी प्रक्रिया सरलिकरणका सम्बन्धमा छलफल गरी माग सम्बोधनको लागि आवश्यक पहल गरिनु पर्ने । यसबाट नेपाललाई चलचित्र पर्यटनको दृष्टिले समेत पर्बद्धन गर्न सकिने देखिन्छ ।